CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल को इतिहास



५४.९६
६४५ ने

• राजेश गौतम

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको इतिहास

(लोकसेवा आयोगको पाठ्यक्रममा आधारित)

लेखक
राजेश गौतम

रत्न पुस्तक भण्डार
भोटाहिटी, काठमाडौं (नेपाल)

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक :

रत्न पुस्तक भण्डार

भोटाहिटी, काठमाडौं (नेपाल)

प्रथम संस्करण २०४२ वि॰ सं॰

सर्वाधिकार लेखकमा सुरक्षित

मोल : रु० १५/-

4111

मुद्रक :

यतीशचन्द्र

मौर्य प्रेस एण्ड पब्लिकेशन्स

ख्वाजापुरा (जैतपुरा), वाराणसी

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो भन्नु

प्रस्तुत पुस्तकलाई मैले लोकसेवा आयोगको शाखा अधिकृत पदको परीक्षार्थीहरू-लाई परेको कठिनाइलाई ध्यानमा राखी त्यसै पदको पाठ्यक्रमअनुसार प्रस्तुत गरेको छु । अतः यस पुस्तकले उक्त परीक्षामा सफलता प्राप्त गर्न चाहनेहरूलाई सहयोग पुऱ्याएको खण्डमा मेरो प्रयास सफल भएको ठान्ने छु ।

अन्तमा यस पुस्तकमा भाषागत अशुद्धिहरू धुप्रै होलान्, त्यसको लागि क्षमा-प्रार्थी छु ।

२०४२ कार्तिक

राजेश गौतम

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

१. नेपालको राजनैतिक इतिहासमा भौगोलिक अवस्थाको प्रभाव १

२. नेपालको इतिहास जान्ने मुख्य स्रोत र साधनहरू ५

३. पुरातात्विक वस्तुहरूको संरक्षणको राष्ट्रीय उपयोगिता १०

४. नेपालको इतिहासको मुख्य-मुख्य विशेषताहरू १४

५. नेपालको इतिहासमा गोपाल वंशको स्थापना र शासनकाल १७

६. लिच्छवीकालीन नेपालको राजनैतिक, आर्थिक, सामाजिक र धार्मिक अवस्था १९

७. मध्यकालीन नेपाल भन्दा पूर्वको राजनैतिक अवस्था २४

८. वङ्गालका नवाब शमसुद्दिन इलियासको आक्रमणका कारणहरू र त्यसको प्रभाव २८

९. जयस्थिति मल्लका सुधारहरू ३१

१०. यक्षमल्लको दिग्विजय र उनले निर्माण गरेको भौगोलिक राज्यको क्षेत्रफल ३५

११. मध्यकालीन नेपालको राजसंस्थाको उत्तराधिकारी नियम र ललित कला र वास्तुकलाको प्रगति ३८

१२. मध्यकालीन नेपालको साहित्य, संगीत, नाटक र धार्मिक चाडपर्वको सांस्कृतिक मूल्य ४३

१३. नेपाल राष्ट्रको एकीकरणको भन्दा पूर्व नेपालको राजनैतिक अवस्थाको संक्षिप्त परिचय ४६

१४. नेपाल राज्यको एकीकरणको ऐतिहासिक मूल्यांकन र श्री ५ बड़ा महाराजाधिराज पृथ्वीनारायण शाहको भूमिका ५०

१५. नेपाल-अंग्रेज युद्धका कारणहरू तथा सुगौली सन्धिको राजनैतिक परिणामहरू ५४

१६. कोतपर्वको राजनैतिक उद्देश्य र त्यसको परिणाम ५८

१७. राणा शासनको उत्थान र पतनका कारणहरू ६१

CC-0. In Public Domain. Digitization by eGangotri

१८. राणा शासन विरुद्धमा सञ्चालित मुक्ति आन्दोलन, २००७ सालको परिवर्तन र प्रजातन्त्रको स्थापनामा श्री ५ त्रिभुवनको देन ६४

१९. हिन्दू धर्म र बौद्ध धर्मको तुलनात्मक अध्ययन र धार्मिक सहिष्णुता ६७

२०. शङ्कराचार्य र हिन्दू धर्मको पुनर्जागरण ७०

२१. धार्मिक स्थलहरू, वराह क्षेत्र, कपिलवस्तु र जनकपुरको सांस्कृतिक महत्व ७२

२२. वहुदलीय पद्धतिमा आधारित संसदीय प्रजातान्त्रिक व्यवस्था नेपालमा अफाप हुनाका कारणहरू ७५

२३. नेपालमा राष्ट्रीय जागरण ल्याउन र नेपाललाई विश्वको रंगमंचमा प्रतिष्ठा दिलाउन श्री ५ महेन्द्रको भूमिका ८१

२४. जनमत संग्रह ८४

卐

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालको इतिहास

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

१. नेपालको राजनैतिक इतिहासमा भौगोलिक अवस्थाको प्रभाव

कुनै पनि देशको समाजले जसरी त्यस देशको मानिसहरूलाई प्रभाव र असर दुवै पारेको हुन्छ, ठीक त्यस्तै गरी त्यस देशको भौगोलिक अवस्थाले त्यस देशको इतिहासलाई प्रभाव र असर दुवै पारेको हुन्छ। जुन कुरालाई चीन, जापान, कोरिया, भारत, बेलायत र अमेरीकाको इतिहासहरू अध्ययन गर्दा पुष्टि गर्न सकिन्छ।

नेपालको इतिहासलाई र यहांका मानिसहरूलाई पनि यस देशको भौगोलिक स्थिति र वातावरणले असर र प्रभाव दुवै पारेको छ। यसैले गर्दा श्री ५ बडा महाराजाधिराज पृथ्वी नारायण शाहले "यो राजे दुई ढुङ्गाको तरुल जस्तो रहे छ" भनेर भन्नु पऱ्यो। यस स्थितिले पनि संसारको नक्सामा नेपालको स्थिति कै-कस्तो छ भन्ने कुरा प्रस्ट गर्दछ। तर यस्तो भए तापनि ती दुई देशको बीच उत्तर-तिर अग्ला-अग्ला हिमालय र दक्षिणतिर रहेका तराईका जङ्गलहरू नै यस देशको सुरक्षाका विशाल चिह्न भएर बसेका छन्।

नेपालको भौगोलिक स्थितिले नै गर्दा नेपालमा दुई देशको सभ्यताको प्रभाव परी भिन्नता ल्यायो र यहांको प्रान्तहरूलाई एकबाट अलग गरायो।

नेपालभित्र पनि पाहाडै-पाहाड भएको कारणले गर्दा जसरी ती दुई देशको बीचबाट नेपाल अलग भएको छ, त्यस्तै गरी यहांको एक प्रान्त अर्कोबाट अलग भएको छ। यो हुनुको कारण नेपालमा विभिन्न व्यक्तिहरू भारतबाट शरणार्थीको रूपमा नेपाल पसि आफ्नो नै किसिमको सभ्यता फैलाएर एक भिन्दै राज्यको सिर्जना गर्नु हो। यसले गर्दा नै हिमालमुनिको विस्तृत भूभाग विभिन्न लघु राज्यमा परिणत भएर एक प्रान्त अर्को प्रान्त र समाजबाट अलग हुन पुग्यो। परिणाम-स्वरूप २२से, २४से राज्यहरूको साथसाथै विभिन्न टुक्रे राज्यहरू देखा पर्न गए। यो हुनुमा पनि नेपालको भौगोलिक तत्व नै प्रमुख रहेको छ।

यो हुनुको कारणमा यहांको हावापानीलाई प्रमुख मान्न सकिन्छ। यहांको विभिन्न प्रान्तमा विभिन्न किसिमको हावापानी भएको हुँदा र मनसुनको समयमा खोलानाला बढी बाटोघाटो बन्द हुनुको साथै जग्गा नै देशको प्रमुख आम्दानीको स्रोत भएकोले हिउँदमा युद्ध गरी एक-अर्काको प्रान्तको जग्गा लिने कारणले गर्दा पनि हो। यसैले नै गर्दा यहां कुनै पनि एक राम्रो संगठित राज्यको रूपरेखा देखा

CC-0. In Public Domain. Digitization by eGangotri

पर्न सकेन । भौगोलिक कारणले नै गर्दा बाईसे र चौबीसे राज्यहरूको सृजना भयो भने यही-हावापानी र पाहाडै-पाहाड भएको कारणले गर्दा विदेशीहरूले यहाँ बसोबास गर्न सकेनन् । जुन कुरालाई प्रतापमल्लको पालामा धर्म प्रचार गर्न आएका पादरीहरू यहाँ बस्न नसकी फर्केको कुराले प्रष्ट गर्दछ । फेरि पाहाडै-पाहाड भएको कारणले गर्दा यसलाई राम्ररी संगठने गरी राज्यको रूप दिन पनि उनीहरू सक्दैनथे ।

नेपाली मानिसहरूलाई भने यहींको वातावरण प्रभाव पारी त्यस्तै किसिमको भए । जस्तो उपत्यकाको भौगोलिक स्थिति र वातावरण पहाडी राज्यहरूको भन्दा भिन्दै फरक थियो । यहाँको उब्जाउ भूमि र बाटोघाटोको कारणले गर्दा व्यापार गर्न सजिलो हुने हुँदा व्यापार गर्न थाले भने उपत्यका बाहिरका मानिसहरू व्यापार गर्नुको साटो युद्ध गर्नमा सिपालु भए । किनभने उपत्यका बाहिरको बस्ती ज्यादै गरी क्षेत्री, मगर, गुरुङ्ग, राई, आदि भएको हुँदा र पहाडी वातावरण र हावापानीले गर्दा उनीहरूको जिउ त्यस्तै किसिमले बलियो भएर गयो । यसले गर्दा उनीहरू मारकाट, झर-झगडामा सिपालु हुनु स्वाभाविकै थियो । फेरि पाहाडी बाटोघाटोहरू उपत्यका र तराईका जस्ता सम्म नभएर घुमाउरा, उकालो-ओरालो, खोंच आदि भएको हुँदा उनीहरूलाई यसले पनि प्रभाव नपारी रहन सकेन । यसले गर्दा उनीहरूले गुरिल्ला युद्ध तरिकाहरू जान्न थाले र प्रयोग गर्न थाले । यसले गर्दा उपत्यका भन्दा पहाडी राज्यहरू बलियो र संगठित हुन थाल्यो । यस प्रकारको प्रभाव परेर नै अंग्रेज जस्ता हातहतियारले सुसज्जित भएका सैनिकहरूलाई खाली खुकुरी, धनुष-कांड र केही बन्दुकहरूको भरमा गोरखाली सैनिकहरूले युद्धमा हराएर पठाए ।

पाहाडै-पाहाड भएको कारणले गर्दा यहाँ कुनै पनि कृत्रिम किल्लाको आवश्यकता परेन । प्रत्येक पहाडले नै एक सुसज्जित किल्लाको रूप लिई देशको सुरक्षा गरिरहेको थियो । यसले गर्दा विदेशी सैन्यहरूलाई हमला गर्न गाह्रो पनि हुन्थ्यो । यसले गर्दा सन १८१४-१६ को नेपाल-अंग्रेज युद्धमा उनीहरूले पाएको सुविधाअनुसार विजयी भएतापनि नेपालीहरूले धेरै पल्ट उनीहरूलाई रोक्न र फर्कन बाध्य गराएकोले सफल भएको मान्न सकिंदैन ।

डा० डिल्ली रमण रेग्मीको भनाइमा नेपालका प्रमुख सप्त गण्डकी र सप्त कोशी जस्ता ठूल-ठूला नदीहरूले पनि नेपालको टुक्राइमा सहयोग गरेको र यसले गर्दा पनि विदेशी आक्रमणलाई असम्भव गराएको छ, भन्ने छ (Mod. Nepal, Vol-I) ।

यिनै कारणहरूले गर्दा नै नेपालभित्र विदेशी आक्रमण थोरै भएको देखिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

पहिलो आक्रमण 1349 सन्मा शमसुद्दीनले उपत्यकामा थाई सात दिनसम्म लुटमार गरी फर्केर गए। किनभने यहाँ आक्रमण गर्न सजिलो हुन्थ्यो तर यहाँको व्यवस्था मिलाएर यहाँको वातावरणसँग भिजेर बस्न ज्यादै कठिन हुन्थ्यो। जयप्रकाश मल्लको सहायतार्थ आएको क्याप्टेन किनलकको फौजले विदेशी आक्रमणको संख्या बढ्न थाले पनि यहाँको भौगोलिक कारणले गर्दा उनीहरूको मुख्य उद्देश्य नै नेपाल जित्नु नभएर सिर्फ यहाँको राजनैतिक स्थितिलाई बिगार्नु र आफ्नो इशारामा राख्ने उद्देश्य रह्यो। जुन कुरा पछिको इतिहासले प्रष्ट बताइरहेको छ। यस कारणले गर्दा पनि यहाँ आक्रमण नभएको यहाँको भौगोलिक तत्वले गर्दा नै हो भन्न सकिन्छ। त्यसैले नेपाललाई "This throne of Nepal is a fort... ... A fort built by God him-self". भनेर भनिएको छ।

यहाँ विदेशीहरूको आक्रमण नहुनाको कारणमा Father Stiller को भनाइमा यहाँ कुनै पनि resources हरू नभएर नै हो भरी भौगोलिक तत्वलाई नै औंल्याएका छन्। तर उनी भन्दा धेरै नै अगाडि Hamilton ले आफ्नो पुस्तकमा नेपालमा धेरै resources भएको कुरा बताएका छन्। तर पनि यहाँ Stiller को भनाइ नै तथ्य भएको देखिन आउँछ। किनभने Hamilton को विचार कुनै वैज्ञानिक तर्क नभई एउटा विचार मात्र थियो। किनभने आजसम्म त्यसबारे कुनै वैज्ञानिक तथ्य देखाउन सकिएको छैन। फेरि resousces भए तापनि अनेकौं डाँडा-काँडाले गर्दा त्यसबारे कुनै फाइदा नहुने कारणले गर्दा आक्रमण नभएको हो भन्ने कुरालाई र Father Stiller को भनाइलाई उपत्यका वरीपरीसम्म आइपुगेका अंग्रेजहरू फर्केर गएको कारणले र सुगौली सन्धिबाट प्राप्त गरेको तराई भागलाई एक वर्षपछि फिर्ता दिएकोबाट प्रस्टाउन सकिन्छ। यसरी भौगोलिक तत्वले नै गर्दा आक्रमण नभएको कुरा प्रष्ट नै हुन्छ।

यता तिब्बतबाट युद्ध गर्न ज्यादै कठिन थियो। किनभने हिमालयमा भएका बाटोहरू (घाँटीहरू) वर्षको १-२ महिना मात्र खुल्ने हुने हुँदा त्यस तर्फबाट आक्रमणको डर नेपाललाई दक्षिणको झैं बढी थिएन। यसरी त्यसतर्फ हिमालय नै सुरक्षा गरिरहेको थियो।

यहाँको भौगोलिक स्थिति र कारणले नै गर्दा श्री ५ बड़ा महाराजाधिराज पृथ्वीनारायण शाहले उपत्यकालाई एकीकरण गर्ने कार्यमा सफल भए। किनभने थिनै पहाडको वरीपरी बस मुख्य ठाउँलाई आफ्नो अधीनमा पारी उपत्यका-भित्र आर्थिक नाकाबन्दी गरी समस्या उब्जाएर सफलता प्राप्त गरे। तर यही भौगोलिक कारणले गर्दा नै पश्चिम नेपालतर्फ एकीकरण गर्ने कार्यमा उनी असफल पनि भए।

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो नेपालको भौगोलिक स्थितिले नेपालीहरूलाई अनेकौं किसिमबाट प्रभावित पार्दै रह्यो। यस देशको वातावरणले परिस्थिति अनुकूल रूपमा देशको समाज परिवर्तन हुँदै गयो। अतः संसारको विभिन्न हलचल र विभिन्न परिवर्तनको प्रभाव बाहिर रहेर यस देशको भौगोलिक अवस्थाले यहाँको राजनैतिक इतिहासको निर्माण सम्भव भयो।

CC-0. In Public Domain. Digitization by eGangotri

२. नेपालको इतिहास जान्ने र लेख्ने मुख्य श्रोत र साधनहरू

नेपालको आजसम्म पनि सम्पूर्ण इतिहास लेखिएको छैन। नेपालको इतिहास शुरुदेखि नै गडबड र भ्रमपूर्ण रहेको छ। लिच्छवी कालपछिको २५० वर्षको केही इतिहासको अत्तोपत्तो छैन भने पुरानो मल्ल कालको इतिहास पनि अति नै धमिलो छ। दोलखा, मकवानपुर, चौदण्डी, विजयपुर, बाईसे राज्यहरू र चौबीसे राज्यहरूको विषयमा पनि नेपालको इतिहास प्रायः अन्धकारमय नै छ। यस प्रकारको स्थिति हुनुको कारण अगाडिका विद्वान्हरूले इतिहासलाई क्रमिक रूपले वर्णन नगर्नुले नै हो। त्यतिबेर इतिहासको एउटै रूप नहुनुले पनि यो समस्या सिर्जाएको हो। इतिहास, तत्कालीन वंशावली, ठ्यासफू, शिलालेख, हस्तलिखित ग्रन्यहरू, मुद्रा, चिट्ठीपत्र, सनद, घोषणाहरू, पुरातात्वातिक महत्त्वका पुस्तकहरू, विद्वानहरूद्वारा लिखित विभिन्न लेख-पुस्तकहरूमा नै नेपालको इतिहास छरिएको पाउँछौं। यिनै वस्तुहरूको आधारमा नै हामी नेपालको इतिहास निर्माण गर्न सक्दछौं।

१. वंशावली—नेपालको केही शासकहरूले अघिदेखिका कुराहरू, कथाहरूलाई जोडेर आफ्नो, आफ्नो पुर्खा र सन्तानहरूको प्रशंसा गराई एक लेख तयार गराउँथाल्ने चलन प्राचीन थियो। जसलाई नै वंशावली भनेर भनिन्छ। नेपालमा पनि यस्ता केही वंशावलीहरू प्राप्त भएका छन्। यस्ता वंशावलीहरू पनि नेपालको इतिहास सामग्रीको रूपमा लिइन्छन्। यसको मद्दतले हामी राजाहरूको नाम, तिथिक्रम, उनीहरूको कालमा घटेका घटनाहरू, उनीहरूले गरेका कार्यहरूको बारेमा थाहा पाउँदछौं।

नेपालमा प्राप्त वंशावलीहरूमा सब भन्दा पुरानो वंशावली 'गोपाल वंशावली' हो। यो जयस्थिति मल्ल तयार गर्न लगाएका थिए। यसमा सन् १३५४ देखि १३९५ सम्मको समयमा भएका राजाहरू, उनीहरूले गरेको कार्यहरूको वर्णन गरिएको छ। यस वंशावलीलाई संस्कृतमा लेखिएको भाग र नेवारीमा लेखिएको भाग—दुई भागमा विभाजन गर्न सकिन्छ। यसको संस्कृतमा लेखिएको केही भागलाई सर्वप्रथम योगी नरहरि नाथले नेपालीमा अनुवाद गरेका थिए (हिमवत संस्कृति, भाग १ नं १ : ९-३४)। तर हालसालै 'नेपाल रिचर्स सेन्टर' ले यसको सबै भागको नेपालीमा अनुवाद गरी एक पुस्तक प्रकाशित गरेको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसपछि प्राप्त दोस्रो वंशावली 'भाषा-वंशावली' हो। यो वंशावली पृथ्वी नारायण शाहले उपत्यका विजय गरेपछि तयार गराएका थिए। सृष्टिदेखि लिएर सिलसिलावार मिलाएर नेपाली भाषामा लेखिएको यो विस्तृत वंशावली हो। यस वंशावलीलाई राम्ररी छानवीन गरी हेरेमा शाह राजा र पछिल्ला मल्ल राजाहरूको बारेमा केही प्रकाश पार्न सकिन्छ। तर प्राचीन काललाई भने यसले कुनै मद्दत पुऱ्याउन सक्दैन भन्ने विद्वान्हरूको विचार छ।

यस्तो किसिमको वंशावलीहरूको उल्लेख गरी Col. William Kirkpatrick, Danial Wright, Bhagvanlal Indrajl, Sylvain Levi आदिले आफ्नो पुस्तकहरू तयार गरेका थिए।

२. ठ्यासफु—नेपालमा यस्ता धेरै नै ठ्यासफुहरू पाइएका छन्। ठ्यासफु नै एउटा इतिहासको शब्द बन्न पुगेको छ। यसको मद्दत लिएर पनि नेपालको इतिहासमा प्रकाश पार्न सकिन्छ। ठ्यासफुमा राजपुरोहितद्वारा आफूले देखेको सम्पूर्ण घटनाहरूलाई क्रमिक रूपले टिपिएको हुँदा यसलाई महत्वपूर्ण मान्न सकिन्छ।

यो ठ्यासफु कागतहरू जोडी लामो बनाई पल्टाएर राखेको हुन्छ। त्यसको एकतर्फ पढिसकेपछि मात्र अर्कोतिर पढ्न सकिन्छ। यसमा उल्लेखित घटनाहरू शासन गर्ने र त्योसित सम्बन्धित व्यक्ति, मन्त्री वा प्रमुखहरूको घटना, उनीहरूको जन्म मृत्यु, विवाह, धार्मिक कुरा, प्राकृतिक प्रकोप आदिको उल्लेख गरिएको हुन्छ भने ऐतिहासिक दृष्टीकोणले अनुपयुक्त वर्णनहरू पनि हुन्छ।

यस्ता ठ्यासफुहरूको बढी प्रयोग इतिहासकार डा० डिल्लीरमण रेग्मीले आफ्नो 'Medieval Nepal' का विभिन्न भागहरूमा गर्नु भएको छ। तर उहाँले नै सबै ठ्यासफु सक्कली हुँदैन नक्कली पनि पाइन्छ, त्यसैले त्यसको छानबीन गरेर मात्र प्रयोग गरेमा ऐतिहासिक तथ्य पत्ता लगाउन मद्दत पुऱ्याउँदछ भनेका छन्।

३. अभिलेख—नेपालको इतिहास-लेखनमा अभिलेखले पनि ठूलो सहयोग पुऱ्याउँदछ। यसले नेपालको इतिहासको तिथि निश्चित गर्न र वंशावलीमा उल्लेख गरिएको कुराहरूको राम्ररी जाँच-बुझ गर्न मद्दत पुऱ्याउँदछ। यसमा राज-परिवार र राजाको उत्तराधिकारीहरूको नाम उनीहरूले गरेको विजय तथा लोक कल्याणकारी कार्यहरू उल्लेख गरिएका हुन्छन्।

अभिलेखहरू प्राचीन नेवारी गुप्ताक्षर, भूजीमोल, पाचुमोल, रञ्जना, गोमोल, देवनागरी लिपि र संस्कृत, विकृत संस्कृत भाषामा लेखिएका हुन्छन्। यी अभि-लेखहरू तीन कुरामा पाइन्छ। ती हुन् स्वर्णपत्र, ताम्रपत्र र शिलालेख। अभिलेख-हरू खाली शासकहरूले मात्र हैन जनताहरूले पनि राखेका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

अभिलेखहरूको वैज्ञानिक खोजी वि० स० १९३७ मा भारतीय विद्वान भगवान लाल इन्द्रजीले गरेका थिए। उनले २३ वटा शिलालेखहरू प्राप्त गरे तापनि उल्लेखनीय लिच्छवीकालीन १५ वटा शिलालेखहरू छन्।

नेपालमा अहिलेसम्म प्राप्त शिलालेखहरूमा चाँगुनारायण स्थित मानदेवको शिलालेख नै प्रथम मानिएको छ। यस्तै गरी नेपालको प्राचीन इतिहासलाई मद्दत पुऱ्याउने शिलालेखहरूमा जयदेव द्वितीयको पशुपतिको शिलालेख, खोपासीको शिलालेख, ध्रुवदेव, जिष्णुगुप्तको केवलपुरको शिलालेख, भीमार्जुन देवको र विष्णुगुप्तको शिलालेख, अंशुवर्माको साँगाको शिलालेख उल्लेखनीय छन्।

नेपालको मध्यकालीन इतिहासलाई मद्दत पुऱ्याउने शिलालेखहरूमा जयस्थिति मल्लको तलेजुको शिलालेख, प्रतापमल्लको रानीपोखरी, हनुमान ढोका र अरू ठाउँहरूको शिलालेखहरू, सिद्धिनर सिंह मल्लको कृष्णमन्दिरको शिलालेख र भूपतिन्द्र मल्ल र रणाजित मल्लको भक्तपुर दरवारको शिलालेख, स्वर्णपत्र, ताम्रपत्र आदि उल्लेखनीय छन्।

यस्तै गरी लुम्बिनीको स्तम्भलेख पनि नेपालको इतिहासमा महत्वपूर्ण प्रकाश पार्ने अभिलेख हो।

नेपालसम्बन्धी उल्लेख गरिएका विदेशमा रहेका अभिलेखहरूमा समुद्र गुप्तको प्रयागको अभिलेख, ल्हासामा रहेको एउटा स्तम्भलेखले पनि नेपालको इतिहासमा महत्वपूर्ण प्रकाश पार्न मद्दत पुऱ्याएको छ।

४. मुद्रा—राजाहरूले आफ्नो समयमा चलाएका विभिन्न मुद्राहरूले पनि त्यस समयको इतिहास थाहा पाउन ठूलो मद्दत पुऱ्याउँदछ। नेपालको इतिहासको घटना र कालक्रम निर्णय गर्न मुद्रालाई पनि एक महत्वपूर्ण सामग्री मानिएको छ।

मुद्राहरूवाट त्यो मुद्रा चलाउने राजा, उसको धर्म र उनको शासन मिति वारे थाहा पाउन सकिन्छ। किनभने मुद्राहरूमा 'कविन्द्र', 'नेपालेश्वर', 'गिरीन्द्र', 'राज राजेन्द्र', आदि अंकित भएकोवाट ती राजाहरू साहित्य प्रेमी, वीर, आदि विभिन्न गुणहरू भएको भन्ने कुराको पुष्टि गर्दछ भने मुद्रामा शंख, चक्र, त्रिशूल, स्वस्तिक आदिले ती राजाहरू बौद्ध धर्म, हिन्दू धर्म, र हिन्दू धर्ममा पनि विष्णु, शैव के धर्म मान्दथे भन्ने कुरा प्रष्ट गर्दछ।

यस्तै गरी मुद्राहरूको नाप र तौलको आधारमा त्यतिबेर देशको अवस्था कस्तो थियो प्राष्ट गर्न सकिन्छ।

५. चिट्ठीपत्र, सनद र घोषणाहरू—नेपालको आधुनिक इतिहास लेख्ने कार्यमा नेपालको विभिन्न अड्डा-अदालतहरूमा रहेका विभिन्न चिट्ठीपत्रहरू, सनद

CC-0. In Public Domain. Digitization by eGangotri

र घोषणाहरूबाट सहयोग प्राप्त गर्न सकिन्छ । जस्तो परराष्ट्र मन्त्रालयमा रहेका विभिन्न कागजपत्रहरूले पृथ्वी नारायण शाहदेखि मोहन शमसेर र त्यसपछिको समयतिरसम्मको परराष्ट्र नीति र अरू विभिन्न कार्यहरूको बारेमा प्रकाश पार्न सकिन्छ । कानून तथा न्याय मन्त्रालयमा रहेको कागजपत्रहरूलें तत्कालीन न्याय र कानूनी व्यवस्था के-कस्तो थियो भन्ने कुरा पनि प्रष्ट गर्न सकिन्छ । मालपोत विभागमा रहेका कागजपत्रहरूलें त अहिलेसम्म थाहा पाउन नसकेको तथ्य कुराहरू प्रकाश पार्न सक्ने विचार इतिहासकार कृष्ण कान्त अधिकारीज्यूले व्यक्त गर्नुभएको छ ।

यस्ता किसिमका विभिन्न कागजपत्रहरू कौशी तोषाखाना, गोश्वारा तहबील, शाही नेपाल जङ्गी अड्डा, किताबखाना आदि अड्डाहरूमा पनि पाइन्छन् । यस्ता कागजपत्रहरू British India Archival, National Archival of India, Indian Office Library (India) र नेपालको राष्ट्रिय अभिलेखालयमा पनि रहेका छन् ।

यस्ता कागजपत्रहरूको आधारमा पनि नेपालको इतिहासलाई बढी प्रष्ठ र नयाँ रूप दिन सकिन्छ ।

६. हस्तलिखित ग्रन्थहरू—हस्तलिखित ग्रन्थहरूको आधार लिएर पनि नेपालको मध्यकालीन इतिहासलाई नयाँ रूप दिन सकिन्छ, लेख्न सकिन्छ । यी ग्रन्थहरूले वंशावलीमा उल्लेख गरिएका राजा, उसको शासन अवधि, उसको कार्यहरूलाई बढी प्रष्ट गर्ने आधारहरू प्राप्त गर्न सकिन्छ ।

यस्ता किसिमका हस्तलिखित ग्रन्थहरू नेपाल र विदेशमा समेत संग्रहित गरेर राखिएको छ । यस्ता ठाउँहरू नेपालमा राष्ट्रिय अभिलेखालय, राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय, विदेशमा क्याम्ब्रीज विश्वविद्यालय पुस्तकालय, Indian Office Library (India), Royal Asiatic Society Library (Calcutta), Library of the British Museum (London), Leningrad Public Library (Soviet Union) र Bengal Asiatic Society Library (Calcutta) र Levi's collection (France) र University of Paris र National Archives of India (India) हुन् ।

७. विभिन्न यात्राहरूको वर्णन लेख—विदेशी यात्रुहरूले विभिन्न समयमा लेखेका विभिन्न लेखहरू र पुस्तकहरूको मध्यबाट नेपालको मध्यकालीन र आधुनिक इतिहासलाई बढी पुष्टि गर्न सकिन्छ ।

यस्ता किसिमका लेखहरू, पुस्तकहरू नेपाल आई बस्ने विभिन्न धर्मप्रचारकहरू र विभिन्न समयमा नेपाल आएका अंग्रेज विद्वान्हरूले लेखेको पाइन्छ । यद्यपि

CC-0. In Public Domain. Digitization by eGangotri

उनीहरूले लेखेका लेखहरू, पुस्तकहरू सबै सत्य नै हुन् भनेर भन्न सकिदैन । तापनि तिनले नेपालबारे केही न केही कुरा व्यक्त गर्दछन् नै । त्यसैले तिनलाई राम्ररी जांची प्रयोग गर्नु पर्दछ ।

नेपालसम्बन्धी त्यस्ता लेखहरूमा तिब्बती यात्रीहरू न्हुने सङ्ग, इत्सिङ्ग, वाङ्ग-हुएन-चेका र अंग्रेजहरूमा फादर जोसेप्पी, माइकल एन्जिलोको नै मुख्य छन् । यस्तै गरी पुस्तकहरूमा कर्कप्याट्रिक, ह्यामिल्टन, डेनियल राइट, ओल्डफिल्ड, सिल्म्यान लेभी, सिसेल बेण्डल आदिका नै मुख्य छन् ।

८. पुरातत्व महत्वका वस्तुहरू—प्राचीन मन्दिर, भवनहरू, जिनमा स्थापित मूर्तिहरू, भित्ते चित्रहरू, त्यहाँ रहेका दैनिक उपभोगका वस्तुहरू, अलंकार तथा मनोरञ्जनका साधनहरूबाट पनि तत्कालीन समयको स्थिति बताउन सकिन्छ । यसको साथसाथै तत्कालीन वास्तुकला, मूर्तिकला, चित्रकला, संगीतकला, धार्मिक स्थिति, सामाजिक स्थिति, आर्थिक स्थिति बारे पनि थाहा पाउन सकिन्छ ।

यस्ता वस्तुहरूमा लिच्छवी तथा मल्ल कालका मन्दिर, मूर्तिहरू पशुपति र चाँगुनारायणको मन्दिर, पाटन, भक्तपुर र कीर्तिपुरका मन्दिर, स्तूपहरू, बुढानीलकण्ठ र घुमवाराहीका मूर्तिहरू नै मुख्य हुन् ।

यस्तै सामानहरू कयौं भग्न अवस्थामा पनि रहेका छन् । त्यसैले श्री ५ को सरकार पुरातत्व विभागले त्यस्ता ऐतिहासिक स्थलहरू उत्खनन गर्दछ । यस्ता ठाउँहरूमा डोल्पा, दाङ्ग, दार्चुला, मकवानपुर, देवघाट, जनकपुर, उपत्यकामा हाँडी गाउँ, धुमवाराही, लुम्बिनिको तिलौराकोट र कपिलवस्तु आदि हुन् ।

यस्तै गरी मानगृह र कैलाशकूट भवनको विषयमा सोधपुछ गरी प्राप्त गर्न सकेको खण्डमा नेपालको प्राचीन इतिहासले बढी पुष्टि प्राप्त गर्न सक्ने आशा गर्न सकिन्छ ।

यी विभिन्न आधारहरू बाहेक नेपालको पछिल्लो समय (राणाकाल) को इतिहासलाई बढी प्रामाणिक बनाउन सोधपुछ गर्ने, अनुसन्धान कार्य गर्ने कार्यलाई प्रोत्साहन दिन आवश्यक छ । यसले पनि नेपालको इतिहासलाई बढी तथ्यात्मक बनाउन मद्दत पुर्‍याउँदछ ।

सम्भवतः यिनै कुराहरूको आधारमा नै र योग्य र उचित विद्वान्हरूको सहयोग लिई राष्ट्रिय इतिहासको निर्माण गरेमा निश्चय पनि नेपालको एउटा तथ्यात्मक इतिहास निर्माण हुनेछ भन्ने कुरामा दुई मत हुन सक्दैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

३. पुरातात्विक वस्तुहरूको संरक्षणको राष्ट्रिय उपयोगिता

नेपालको ऐतिहासिक आधारलाई पहिल्याउन अति आवश्यक प्रमाण पुरातात्विक वस्तुहरूवाट नै उपलब्ध हुन सक्छन्। पृथ्वीको गर्भभित्र रहेका त्यस्ता असंख्य सामग्रीहरूले देशको स्थिति र सांस्कृतिक मान्यताहरूको बोध गराउन मद्दत पुर्‍याउँदछ। फेरि तिनै वस्तुहरू पनि इतिहास लेखन कार्यमा सहायक सिद्ध हुने हुँदा त्यस्तो वस्तुहरूको खोजी तथा संरक्षण गर्न अत्यावश्यक छ।

पुरातात्विक वस्तुहरूको उत्खनन गरी खोजी गर्ने गतिविधिहरूको शुरुआत नेपालमा १९ औं शताब्दीको अन्ततिरवाट विदेशी विद्वानहरूवाट नै भयो। यसरी नेपालमा पुरातत्व, संस्कृति र इतिहास जस्ता महत्वपूर्ण विषयहरू विदेशी विद्वान्हरूको शोख र रुचिमा बाँच्दै आए। सरकार र जनताले त्यसतर्फ कुनै उचित कदमहरू चालेनन्। यद्यपि नेपालका राणा प्रधानमन्त्रीहरूले मल्ल कालमा स्थापना भएका मन्दिर, पाटी, पौवा आदिको जीर्णोद्धार गरेको, राष्ट्रिय इतिहास, संस्कृति र कलालाई वचाइराखे तापनि त्यसमा गति प्रदान गर्न भने चाहेनन्। वरू उल्टो राष्ट्रको सांस्कृतिक सम्पत्तिहरू विदेशीहरूलाई लान दिने नीति अपनाई त्यस क्षेत्रमा नेपाललाई गरिब तुल्याए। देशभित्र रहेको प्राचीन मन्दिर र कलाहरूलाई पनि जीर्णोद्धारको नाममा राम्रो पार्ने मात्र उद्देश्य राखिएकोले ती पनि पूर्ण रूपले सुरक्षित हुन सकेनन्।

विस्तारै-विस्तारै विश्वको समाजलाई भौतिक पक्षले आफ्नो प्रभावमा पार्दै आएको वेला नेपाल पनि वच्न सकेन। फरक के भयो भने विश्वले भौतिक पक्षलाई स्वीकार गर्दा आफ्नो सांस्कृतिक र कलात्मक पक्षलाई वचाए, तर नेपालले वचाउन सकेन। जे-जति-जस्ता भवनहरू निर्माण भए ती सबमा विदेशी कलाको ठूलो छाप पर्‍यो। हाम्रा पुराना-पुराना नाच, गान र नाटकहरूको भन्दा भारतीय नाच, गान र नाटकहरूको ठूलो प्रचार हुन गयो। तर सर्वसाधारण वर्गले भने त्यो स्थितिवाट पनि आफ्नो कला र संस्कृतिलाई वचाइराखे आफूले सक्दो किसिमवाट। जसको परिणामस्वरूप नै आज हामीले हाम्रो संस्कृति भनेर विश्वको सामु गर्व गर्न सकिरहेका छौं।

यी सबै कारणहरूले गर्दा वि० सं० २००९ सालमा तत्कालीन सरकारले ,नेपाली संस्कृति, कला, इतिहास र पुरातत्वको महत्व बुझी तिनीहरूको संरक्षण

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय स्तरमा गर्न सुरक्षा, संरक्षण, समन्वय, अध्ययन, अनुसन्धान तथा प्रचार आदि समेत गर्ने र एकताको सूत्रमा बाँध्ने लक्ष्य राखी 'पुरातत्व विभाग' को स्थापना गऱ्यो र साथसाथै पुरातात्विक सम्पत्तिहरू र सामग्रीहरू बिग्रन, नाश हुन र लोप हुन नपाओस् भनी नेपाली जनतासँग लिखित अपिल गऱ्यो। २००९ सालदेखि २०१३ सालसम्म यस विभागको स्थिति बलियो रूपबाट देखिन सकिएन। तर २०१३ सालमा यस विभागले मात्र हैन, सम्पूण राष्ट्रको पुरातात्विक भवनहरूको लागि नै उपलब्धिको वर्ष मान्न कर लाग्छ। किनभने यसै साल नेपालमा सर्वप्रथम पुरातत्वसम्बन्धी कुराहरूलाई कानूनी मर्यादा दिइयो र त्यही वर्ष २७ गते कार्तिकमा 'प्राचीन स्मारक संरक्षण ऐन २०१३' जारी गरियो। यस प्रकार अहिलेसम्म संघ-संस्था, गुठी, टोल, व्यक्ति विशेषले सुरक्षा-संरक्षण गर्दै आएको राष्ट्रिय प्राचिन स्मारकहरू अर्थात् नेपालका पुरातात्विक सम्पत्तिले सरकारी स्तरमा कानूनी रूपबाट संरक्षण प्राप्त गऱ्यो। यस प्रकार यसै कानूनको आधारमा नेपालभर भएका सबै पुरातात्विक सम्पत्तिहरूको सर्वेक्षण गर्दै नयाँ नयाँ उत्खननहरूको संरक्षण पनि गर्न थाल्यो।

परिणामस्वरूप सर्वप्रथम भक्तपुरमा राष्ट्रिय चित्र संग्रहालयको स्थापना भयो र नेपालको अमूल्य सम्पति स्वरूप रहेको प्राचीन हस्तलिखित ग्रन्थ तथा ऐतिहासिक कागजातहरूको सुरक्षा एवं संरक्षणका लागि राष्ट्रिय अभिलेखालयको स्थापना गरियो। यस्तै गरी २०१८ सालमा त्यस समयसम्म लुम्बिनी उत्खननबाट प्राप्त भएका पुरातात्विक सामग्रीहरू संग्रहित गरेर कपिलवस्तुमा एक पुरातत्व संग्रहालय खोलियो। २०१९ सालमा हनुमान ढोका स्थित पुरानो 'दरबारमा राष्ट्रिय मुद्रा संग्रहालय' को उद्घाटन श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट भयो। त्यही वर्ष वीर पुस्तकालयमा भएको हस्तलिखित ग्रन्थहरूको केही माइक्रो फिलम बनाइयो।

२०२२ सालसम्ममा नेपालको इतिहासलाई नयाँ मोड़ दिने प्रयासहरू हुँदै रहे भने नेपालको सांस्कृतिक कलालाई विदेशीहरूको सामु पनि प्रदर्शन गराई आपनो सांस्कृतिक र कलाको परिचय दिलाइरहे। २०२१ सालमा उपत्यकाको लाजिम्पाट र विशालनगरमा गरिएको उत्खननबाट लिच्छवीकालीन मूर्तिहरू र धेरै त्यस समयका नै मुद्राहरू प्राप्त भए। यसै वर्ष देवपाटनको पुरातात्विक नक्सा पनि तयार गरियो।

प्राचीन भित्ते चित्रहरूको महत्वलाई ध्यानमा राखी २०२१ सालमा नै भक्तपुर दरबारभित्र रहेका भित्ते चित्रहरूलाई रासायनिक प्रक्रियाद्वारा संरक्षण गर्ने कार्यको शुरुआत गरे।

CC-0. In Public Domain. Digitization by eGangotri

२०२२ सालमा स्वयम्भूका केही मन्दिरहरू र केशर महल स्थित तीन देवलको जीर्णोद्धार भयो। २०२३ सालमा पाटन, गाबाहालको कृष्ण मन्दिर, पाटन पिम्बहालको चण्डेश्वरीको मन्दिर र कुमारीघरको भित्ते चित्रहरूको रासायनिक प्रक्रियाद्वारा संरक्षण गरियो। २०२४ सालमा श्री ५ महाराजाधिराज सरकार-बाट राष्ट्रिय अभिलेखालयको उद्घाटन गरिबक्स्यो। यसै वर्ष भक्तपुरमानै काष्ठकलाको एउटा संग्रहालयको स्थापना गरियो। साथै कुमारीघरको र हनुमानढोका दरवारभित्रका भित्तेचित्रहरूको संरक्षण कार्य भयो। २०२६ सालमा ललितपुरमा धातुकलाका उच्चतम नमूनाहरू राखी राष्ट्रिय धातुकला संग्रहालयको स्थापना भयो।

यस्तै गरी २०२२ सालमा नै उपत्यका भित्र हाँडीगाउँ नजिकै धूमवाराहीमा नेपालको पुरातत्व विभागले डा० एन० आर० बनर्जीको नेतृत्वको उत्खनन गऱ्यो। तर त्यसको उपलब्धि के भयो, थाहा भएको छैन।

२०२३ सालदेखि २०३१ सालसम्म लगातार करीब आठ वर्षसम्म कपिल-वस्तुमा उत्खनन, अन्वेषण तथा संभारका कार्यहरू भइरहे। ती समयमा उत्खनन-हरू, उपलब्धिहरू हिसावमा विशेष उल्लेखनीय मानिएका छन्। यस्तै गरी २०२६-२७ मा विराटनगर नजिकै भेडियारी भन्ने ठाउँमा पुरातत्व विभागले अर्को उत्खनन कार्य गऱ्यो र ईसापूर्व दोस्रो शताब्दीका निकै सामग्रीहरू फेला पारे। पूर्व नेपालमा हालसम्म फेला पारिएका प्रामाणिक प्राचीन स्थलहरू मद्धे भेडियारीको स्थान सर्वोपरि छ।

२०२७ सालदेखि २०२८ सम्म पुरातत्व विभागले लुम्बिनीको अशोक स्तम्भमा उल्लिखित 'प्राचीन लुम्बिनी ग्राम' पत्ता लगाउन उत्खनन गऱ्यो। जुन उत्खनन-बाट प्राप्त सामग्रीहरूले लुम्बिनीमा बसोबास ईसापूर्व पाँचौं, छैठौं शताब्दीबाट भएको र राम्रो बस्ती तेस्रो शताब्दिबाट भएको पुष्टि हुन्छ।

२०२९ देखि २०३० मा पुरातत्व विभागले तिलौराकोट वरपरका क्षेत्रहरूका सांस्कृतिक पहलुहरूका र भिक्षुहरूले गुल्जार गरेको बस्तीहरूबारे जानकारी प्राप्त गर्न उत्खननहरू गऱ्यो। २०३०-३१ सालमा तिलौराकोट क्षेत्रमा नै उत्खनन कार्य सञ्चालन गऱ्यो। यो उत्खननको सबै भन्दा महत्वपूर्ण उपलब्धि ईसाको प्रथम शताब्दीदेखि लिएर कुशानकालसम्मका सिक्काहरू प्राप्त हुनु नै थियो।

वि० सं० २०३३-३४ मा लुम्बिनी मायादेवीको उत्तर-पश्चिम कुनामा गरिएको उत्खननमा एउटा कोठा भेटियो भने त्यसको पाँच फुट उत्तरमा एउटा स्तूप भेटियो। जसभित्र एउटा सुन मोलम्बा गरेको मानव अस्थि सहितको कासकेट भेटियो।

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकार नेपालको पुरातत्व विभागले जे-जस्ता उत्खनन कार्यहरू गरे, ती-बाट पुरातात्विक वस्तुहरूलाई जुन प्रकारले सुरक्षित गरी निकाली संरक्षण गरेका छन्, त्यसले नेपालको राजनैतिक, सामाजिक, आर्थिक र धार्मिक इतिहास-लाई नयाँ रूप प्रदान गर्न मद्दत पुऱ्याएको प्रष्ठ छ।

यस प्रकार नेपालमा जे-जस्ता, जहाँ उत्खनन कार्यहरू भएती सबै सुचारु पूर्वक सञ्चालन हुनुमा र उत्खनन कार्यको उद्देश्यमा सफलता प्राप्त गर्नुमा स्वर्गीय श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाह देवले ती कार्यप्रति चाख दिई बक्सेकोले नै हो। मौसुफको तिनै चाखको परिणामस्वरूप उत्खनन कार्य र प्राप्त पुरातात्विक वस्तुहरूको संरक्षणमा अन्तर्राष्ट्रिय सहयोग समेत प्राप्त भएको छ। यसैको परिणामस्वरूप लुम्बिनीको अशोक स्तम्भलाई संरक्षण दिई मायादेवी मन्दिरको उत्तरतर्फ करिब-करिब मौलिक रूप हराउन लागिसकेको १६ वटा स्तूपहरूलाई पहिलेकै रूपमा स्थापना गरी मौलिक रूप दिन सफल भएको पाइन्छ।

तर यी सम्पूर्ण पुरातात्विक वस्तुहरूलाई सरकार एक्लैले संरक्षण गर्न सफल भएको छ भन्ने कुरालाई आज स्वीकार गर्न सकिदैन। २०१७ सालपछि नेपाली-हरूमा आएको नैतिक भ्रष्टताले गर्दा आज नेपाली कला-संस्कृती नेपालबाट लोप हुँदै विदेशमा पलाउन र संरक्षण पाउन थालेको छ। मूर्ति चोरी उग्र रूपमा फैलिएको छ र कैयौं प्राचीन मन्दिरहरूबाट प्राचीन मूर्ति हराई नयाँ मूर्तिले स्थान प्राप्त गरेका छन्। आज देखावटी रूपमा जुन जे-जति मन्दिर, मूर्ति, र कलाको मर्मत, जीर्णोद्धार हुन्छ ती भन्दा बढी नोक्सान हुनु र हराउनु नै भएको छ। अतः यस सम्बन्धमा विशेष रूपबाट कदम नचलाए एक समय 'मन्दिरै मन्दिरको देश' भन्ने नाम प्राप्त गरेको नेपालले त्यो सम्मान गुमाउनु पर्ने छ। त्यसैले पुरातात्विक सामग्रीहरूको संरक्षण गर्ने कार्यमा सामूहिक प्रयास हुनु अति आवश्यक छ। यदि हैन भने एक दिन नेपाललाई चिन्न र बुझ्न नेपाल हैन, विदेश जानु पर्ने छ।

CC-0. In Public Domain. Digitization by eGangotri

४. नेपालको इतिहासको मुख्य-मुख्य विशेषताहरू

इतिहास समय-समय क्रमबद्ध घटनाहरूको वर्णन हो। यसमा प्राचीनतादेखि आधुनिकतासम्मको सबै पक्षहरूको वर्णन गरिएको हुन्छ। इतिहास विज्ञान हो, त्यसैले कुनै पनि इतिहासकारले व्यर्थका काल्पनिक कुराहरूलाई स्वीकार गर्न सक्दैन। उसले त सत्यको आधारमा साना-साना कुराहरूको पनि खोजी गरी तथ्य कुराको प्रकाश गर्न चाहन्छ। कुनै पनि इतिहासकार प्राचीन समयमा फर्केर जान सक्दैन। तर विकास हुँदै आएको प्रत्येक घटना-क्रमलाई भने उसले परिकल्पना गर्दछ। किनभने तीन चिह्नले नै इतिहासमा वास्तविकता प्रदान गर्दछ। तर यदि इतिहासको निर्माणमा गतिरोध उत्पन्न भयो भने इतिहासले भिन्दै मोड लिन पनि सक्छ। किनभने विकसित हुँदै आएको प्रत्येक घटना इतिहास बन्दै आज देखापरेको छ र आजको घटना पनि भविष्यमा गएर इतिहासको नै रूपमा देखा पर्नेछ।

कुनै पनि देशको तथ्यपूर्ण इतिहासले त्यो देशमा के-कस्ता घटनाहरू घट्दै गए भन्ने तथ्यात्मक सत्य बोकेको हुन्छ। त्यसैले एक लेखकले भनेका छन् "What men have done and said and above all what they have thought, that is history."

नेपालको इतिहासलाई हेर्दा र विश्वको अरू देशहरूको इतिहाससँग यसको तुलना गर्दा वैज्ञानिकता त्यहाँ देखा पर्दैन। किनभने प्राचीन समयदेखि नै इतिहासको रूप भन्नु नै शिलालेख, ताम्रपत्र, स्वर्णपत्र, वंशावली, ठ्यासफू आदि हुन्, जुन आत्म वर्णनको रूपमा लेखिएको हुन्थ्यो। जसले गर्दा इतिहासमा हुनुपर्ने तथ्यपूर्ण वर्णनको कमी हुनु स्वाभाविक हो। यो हुनुको अर्को कारण तत्कालीन परिप्रेक्ष्यमा इतिहास के हो; कस्तो हुनुपर्छ भन्ने ज्ञान र धारणा राम्रो नभएकोले गर्दा पनि हो। हुन त कयौं इतिहासहरू जुन वैज्ञानिक ढङ्गले लेखिएको भनी भनिए तापनि त्यसमा कैयौं अनुमानित कुराहरूलाई महत्व दिएको पाइन्छ। त्यसैले वस्तुतः के हो भने कुनै पनि वर्तमानमा लेखिएको इतिहास न वैज्ञानिक नै हुन्छ न बढी तथ्यात्मक नै हुन्छ। तर यदि कुनै देशको इतिहास लेख्ने चलन नभएको वेला विदेशीहरूले त्यस देशको बारेमा केही लेखेका छन् भने त्यसलाई अवैज्ञानिक र अनुमानको आधारमा लेखिएको आरोप लगाउनु अगाडि राम्ररी जाँचबुझ गर्नु अत्यावश्यक छ। किनभने अवैज्ञानिक र अनुमानको आधारमा लेखिएको भनेर त्यसलाई नपचाउने प्रयास गर्दा हामी कहीं तथ्य इतिहासबाट पर पुग्ने त हैनौं, होशियार हुनु पनि अति जरूरी नै छ।

CC-0. In Public Domain. Digitization by eGangotri

कुनै पनि देशको इतिहासले त्यस देशको परिस्थितिअनुरूपी अगाडि बढिरहेको हुन्छ र त्यसको आफ्नै विशेषता पनि हुन्छ। त्यस्तै गरी नेपालको इतिहासले पनि समय-समयको परिस्थितीअनुरूप विकसित हुँदै अगाडि बढेको देखा पर्छ।

नेपालको इतिहासलाई राम्ररी अध्ययन गरी हेर्ने हो भने राष्ट्रियताको संवर्द्धन, र त्यही संवर्द्धनको निम्ति विदेशीहरूसँगको मुकाबिलाको वर्णन पाइन्छ भने वीरताको गाथा पनि पाइन्छ। कूटनैतिक प्रयासमा असफल भएपछि भाइ-भारदारमा फूट ल्याएको वर्णन पनि पाइन्छ र यसैले गर्दा शक्ति प्राप्त गर्न एक-आपसमा काटामार गरेको घटना पनि देख्न सक्दछौं। सम्पूर्णमा भन्ने हो एउटा राष्ट्रले आफ्नो स्थितिलाई मजबूत पार्न र परिस्थितिअनुरूप अगाडी बढ्दा जे-जस्ता स्थितिहरूको सामना गर्नुपर्‍यो त्यो नेपालले सामना गरेको पाउँछौं। नेपालको इतिहासको मुख्य-मुख्य विशेषताहरू निम्नलिखित छन्—

१. नेपालको इतिहास विकासक्रम प्राचीनकाल कठिन र समस्यापूर्ण भए तापनि त्यस समयको उत्थान र पतन भावपूर्ण र रोमाञ्चकारी भएकोले जिज्ञासुलाई बढी आकर्षित गर्दछ। यस प्रकार आकर्षित पार्न सक्नु नै नेपालको इतिहासको विशेषता मान्नु पर्दछ।

२. नेपालको प्राचीन इतिहासलाई पुष्टी गर्न धार्मिक पुस्तकहरूको आधार लिनुपर्ने हुँदा त्यति प्रामाणिक भन्न नसके तापनि असम्बन्धित भनेर भन्न पनि सकिँदैन। किनभने घटेका घटनाहरूसँग इतिहासको सम्वन्ध क्रमवद्ध रूपले जोडिएको नै पाउँछौं। यसरी धार्मिक पुस्तकहरूको आधारवाट पनि नेपाल वारे केही तथ्य प्रकाश पार्न सक्नु नै नेपालको इतिहासको विशेषता हो।

३. नेपालको इतिहासमा अनुमानित आधारहरू बढी भएता पनि प्राप्त शिलालेख, पुरातत्वका सामग्रीहरू र वंशावलीहरूको आधारमा नयाँ-नयाँ पुष्टि हुँदै गई नेपालको इतिहासलाई नै प्रमाणित गराउन पनि मद्दत पुऱ्याएको छ। अतः अनुमानित आधारको स्थिति कम हुँदै गएको छ।

४. नेपाल आएका विदेशी यात्रुहरू, लेखकहरू र स्वदेशका नै विद्वानहरूले तयार गरेका लेख, पुस्तकहरूको आधारमा पनि इतिहासलाई तथ्य वनाउन सकिएको छ। यी कुराहरूवाट तत्कालीन देशको अवस्था, घटेका घटनाहरू वारे बढी वर्णन पाउन सकिन्छ।

५. राष्ट्रियता, सार्वभौमसत्ताको सुरक्षाको लागि विदेशी शक्तिहरू सँग युद्ध गर्नु परे तापनि थोरै सैनिक, खाद्यान्नको कमीको साथ-साथै अरू विभिन्न समस्याहरूको बावजुद पनि वीरताको कारणले युद्ध गर्न सकेको इतिहास यो देशको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

६. भौगोलिक कारणले विभीन्न टुक्रे-टुक्रे राज्यको रुपमा हिमाल मुनीको विशाल भाग विभाजीत भएता पनि तिन लाई एकिकरण गरी राष्ट्रीयताको विकास गर्ने सबल इतिहास यस देशको छ ।

७. भाइ भारदारहरुको विच सत्ता प्राप्त गर्ने होडवाजीमा विभीन्न षडयन्त्र-हरु भएता पनि 'राष्ट्रीयता' को विषयमा भने, ति सबै भारदारहरू एकै स्वरमा अगाडी देखा पर्ने चरित्र भएका भारदारहरूको इतिहास यो देशको इतिहास हो ।

८. आफ्नो विकास र उदयको नीम्ती अग्रेजहरुको आड लिएता पनि देश भित्र उनीहरुलाई प्रवेश गराउने र उनीहरुको नीतिलाइ प्रोत्साहन गर्न नचाहने स्वभाव भएका व्यक्ति र भारदारको इतिहास नै केहि समयको नीम्ती यो देशको इतिहासको विशेषता भएको छ ।

९. कैयौं रक्तीम हत्याकाण्डहरूको वर्णन पाइएता पनि शाहवंशीय गरिमाको अन्त्य गर्ने, राजसत्ता च्यूत गर्ने प्रयास भने भएको पाईंदैन ।

१०. विभीन्न समयमा जन्न देश नराम्रो स्यिती मा पर्दछ, देशमा विघ्न वाधाहरू पर्दछन् त्यतिखेर राजा र राज परिवारको प्रयासवाट नै ति समस्याहरू समाधान भएको इतिहास यहाँ देख्न पाइन्छ ।

११. सुरू देखिको नै इतिहास हेर्ने हो भने सम्पूर्ण देशको शासन राजाको नै नेतृत्वमा सन्चालन भएको र राजाको नेतृत्वलाई सिरोधार्य गर्ने परम्परा भएको जनताको इतिहास नै यो देशको गौरवपूर्ण इतिहासको मुख्य विशेषता मान्न सकिन्छ ।

१२. शक्तिशाली व्यक्तिहरूको पछाड़ी मात्र लाग्ने र तिनीहरूको मात्र गुणगान गाउने चरित्र भएको नेपालीहरूको वानी व्यहोरा र चलनलाई पनि यो देशको इतिहासको विशेषता मान्नै पर्छ ।

१३. सोझो, नरम स्वभाव, अनुशासित, निर्बोध र वीरता स्वभाव भएको नेपालीहरू जस्को त्यो रूपले विश्वलाई नै नेपालको परिचय दिएको छ । यरी विश्वमा नै प्रसिद्ध हुने, परम्परा भएको इतिहास नै यसको विशेष इतिहास मान्नु पर्दछ ।

१४. विभीन्न धर्म, सांस्कृतिक, कलाहरूको समिश्रण भए र पनि एक आपसमा मिलेर वसी एक अर्काको धर्म र परम्परालाई सम्मान गर्ने धर्म निरपेक्ष परम्परा नै यो देशको इतिहासको विशेषता मान्नु पर्दछ ।

यि विभीन्न विशेषताहरूले नै गर्दा विश्वका ठूल-ठूला विद्वानहरू आकर्षित भई यहाँ आई ऐतिहासिक विभीन्न विषयमा अध्ययन अनुसन्धान गर्न इच्छुक हुनुले पनि यो देशको ऐतिहासिक विशेषता विश्वका अरू देशहरूको ऐतिहासिक विशेषता भन्दा फरक र भिन्दै भएको पुष्टी गर्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

५. नेपालको इतिहासमा गोपाल वंशको स्थापना र शासनकाल

विभिन्न धर्मशास्त्र, धर्मग्रन्थहरूमा नेपालको वर्णनहरू भएको आधारमा इतिहासकाहरूले नेपालको इतिहासलाई ज्यादै पुरानो मानेका छन् । यिनै वर्णनहरूको आधारमा नेपालको इतिहास व्याख्या गरेका छन् । जसअनुसार 'त्यतिखेर उपत्यका एक तलाउको रूपमा थियो । जसलाई 'नाग-दह'को रूपमा वर्णन गरिएको पाइन्छ । यसपछि विभिन्न बुद्धहरू आई त्यस दहको चारैतिरका पर्वतहरूको नामकरण गरे । तिनै बुद्धहरूमध्ये विश्वभू बुद्धले यस दहको पानी निस्कने बाटो आफ्ना शिष्यलाई बताई फर्के । त्यसपछि मंजुश्री बोधिसत्वको आगमन भएको पाइन्छ । केही समय बसेपछि दहको पानी निकाल्ने विचार गरे र आफ्ना दुई शक्तिमध्ये 'वरदा'लाई फुल्लोच्च गिरिमा र मोक्षदालाई ध्यानोच्च गिरिमा स्थापित गरी दहलाई घेरेको पर्वतमालाको निरीक्षण गरी कटुवाल नामक स्थानमा आफ्नो खड्गले काटेर जल निस्कने बाटो बनाए र विस्तृत नगर बसाए । यसपछि धर्माकर भन्ने व्यक्तिलाई यहाँको राजा बनाए भन्ने कुरा वंशावलीमा पनि उल्लेख भएको पाइन्छ ।

यसपछि उपत्यकामा दानासुरको प्रकोप बढ्न गयो । पशुपतिको प्राचीन मन्दिर भत्केर लडेर ज्योति पुरिएको थियो । दानासुरले पुनः उपत्यकालाई जलमग्न गरेकोले द्वारकाबाट भगवान् कृष्णको नेपालमा आगमन भयो । कृष्णले चोभारबाट जल निकाली दानासुरको दमन पनि गरे । यिनै कृष्णसँग आएका गोपालवंशीहरू पद्म-काष्ठ गिरिको (स्वयंभू पर्वत) नगिचै बसी गाई पालेको वर्णन वंशावलीमा गरेको पाइन्छ ।

उपत्यका पुनः निवास गर्न योग्य भएपछि तिनै गोपालवंशीहरूद्वारा पालिएको 'ने' नामक गाई प्रतिदिन पशुपतिको ज्योति पुरिएको ठाउँमा गई आफ्नो स्तनबाट दूधको धारा चढाउँदथिन् । दुधालु गाईले दूध नदिएको देखी चियो गरे । यो रहस्योको भेद पाउन गोपालहरूका सरदारले गाईको दूध चढाउने ठाउँ खन्दा पशुपतिको ज्योति प्रकट भयो र त्यसको तेजले सरदार भस्म भए । र तिनै र सरदारका छोरा भुक्तमानलाई राजा बनाएको कुरा राइटले उल्लेख गरेका छन् । तर कर्कपेट्रिकले भने पहिलो राजा भनी 'भूरिमाध'को नाम उल्लेख गरेका छन् । जे होस्, यसपछि उपत्यकामा गोपालवंशीहरूको शासन संचालेन भएको कुरामा दुवै विद्वान सहमत

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । र दुवैले जम्मा ८ जना शासकहरूले राज्य गरेको भनी राजाहरूका नाम उल्लेख गरेका छन् । जसमा पहिलो, चौथो र आठौंको नाममा भिन्नता पाइन्छ । तिनीहरूले कति वर्षसम्म नेपालको शासन चलाए भन्ने कुरामा पनि ती दुई विद्वान-हरूको मत मिल्दैन । राइटको भनाइमा उनीहरूले ५२१ वर्ष र कर्कपेट्रिकको भनाइमा ४९१ वर्ष र ७ महीना शासन गरेको उल्लेख गरेका छन् । गोपालवंशी राजाहरूमा अन्तिम राजा यक्षगुप्त भएको राइटले उल्लेख गरेका छन् भने कर्कपेट्रिकले जयगुप्त द्वितीय भएको उल्लेख गरेका छन् । यसपछि हिन्दुस्तानबाट नेपाल आएका अहिर (आभीर)-हरूको शासन नेपालमा शुरू भएको कुरा वंशावलीले उल्लेख गरेको छ ।

जे होस्, हालसम्म प्राप्त आधारमा नेपालमा शासन गर्ने प्रारम्भिक राजवंशको रूपमा गोपालवंशलाई मान्नुपर्दछ । उनीहरूको इतिहासलाई अरू बढी खोजी गरी प्रामाणिक बनाउन सकेको खण्डमा नेपाल इतिहासलाई बढी पुष्टि गर्न सक्ने आधार-हरू प्राप्त हुनसक्ने विचार पनि यहाँ उपयुक्त नै देखिन्छ ।

卐

CC-0. In Public Domain. Digitization by eGangotri

६. लिच्छवी कालीन नेपालको राजनैतिक, सामाजिक, आर्थिक र धार्मिक अवस्थाहरू

लिच्छवीहरूको राज्य कालदेखि नेपालको ऐतिहासिक काल शुरू हुन्छ। गौतम बुद्धको समयमा वैशालीमा लिच्छवी वंशको गणराज्य थियो। जयदेव द्वितीयको अभिलेखअनुसार लिच्छवी वंशका आदि पुरुष सुपुष्प थिए। यिनै सुपुष्पलाई राजा अजातशत्रुले हराएकाले यिनका सन्तानहरू त्यहाँबाट नेपालतर्फ आई आफ्नो राज्य चलाए भन्ने छ। राजा सुपुष्पको २४ सौं पुस्तापछिका राजा जयदेव प्रथमले सबभन्दा पहिले लिच्छवी वंशको राज्यको जग मजबूत पारे। यसरी नेपालमा लिच्छवी वंशको राज्य काल शुरू भयो। उनीहरूले जुन प्रकारबाट नेपालको विकास गरे त्यसले गर्दा नै नेपालको इतिहासमा लिच्छवी काललाई स्वर्णिमकाल भने भनिएको छ। लिच्छवी कालीन नेपालको राजनैतिक, सामाजिक, आर्थिक र धार्मिक अवस्थालाई यस प्रकार वर्णन गर्न सकिन्छ।

१. राजनैतिक अवस्था – लिच्छवीकालीन शासन व्यवस्था राजतन्त्रात्मक थियो। तर राजाहरू निरंकुश र स्वेच्छाचारी थिएनन्। हिन्दू धर्मशास्त्रहरूले बनाएको नियममा रही राजाहरूले शासन व्यवस्था सञ्चालन गर्दथे। राजाको पद वंशानुगत थियो। राजाको मृत्युपछि राजाको जेठो छोरा नै गद्दीमा बस्दथे। छोरा नभएको खण्डमा धर्मपुत्रलाई राजगद्दीमा राख्ने चलन थियो।

राजाहरू प्रजा हितैषी हुन्थे। मानदेव प्रजा-प्रेमी राजा थिए र अंशुवर्मा कसरी प्रजाको भलाइ गर्न सकिन्छ भनेर सदा चिन्तित रहन्थे। उनले आफ्ना प्रजाहरूलाई विभिन्न करहरूबाट मुक्त गरिदिएका थिए। कृषि र व्यापारमा उन्नति गरी प्रजाहरूको उपकार गर्ने प्रयत्न पनि गरेका थिए।

राजाहरू विभिन्न प्रतिभाले सम्पन्न थिए। मानदेवले जितेका प्रदेशहरूमा त्यहींका स्थानीय शासकहरूलाई शासन गर्न दिए। अंशुवर्माले कठिन परिस्थितिमा आफ्नो देशलाई जोगाउन भारत र भोटसँग राम्रो सम्बन्ध कायम गरेका थिए। यसबाट उनीहरूको सफल कूटनीतिको परिचय पाइन्छ।

राज्यको सम्पूर्ण शासन-व्यवस्थामाथि राजाको नियन्त्रण थियो। आन्तरिक शान्ति कायम गर्नु, विदेशी आक्रमणबाट देशलाई जोगाउनु राजाको काम थियो। युद्धको समयमा राजाहरू अक्सर अग्रिम पंक्तिमा बसेर युद्धको सञ्चालन गर्दथे।

CC-0. In Public Domain. Digitization by eGangotri

राजाहरू प्रशासन व्यवस्था सञ्चालन गर्नको निम्ति विभिन्न पदाधिकारीहरूको नियुक्ति गर्दथे । मुद्दा-मामलाहरूको अन्तिम निर्णय राजाबाट नै हुन्थ्यो ।

लिच्छवी कालका अनेक अभिलेखहरूमा सामन्त, महासामन्त, महादण्डनायक, महाप्रतिहार, दूतक आदि उपाधिहरू नामको अगाडि प्रयोग भएको पाइएको छ । पदाधिकारीहरू राज्यको शासन-व्यवस्था राम्रोसँग सञ्चालन गर्नको लागि राजाबाट नियुक्त गरित्थे । भारतमा गुप्तकालीन शासन व्यवस्थामा पनि यस्तै पदाधिकारीहरूको नियुक्ति गरिन्थ्यो । लिच्छवीहरूले यो चलन गुप्त सम्राटहरूकै अनुकरणमा गरेका थिए ।

लिच्छवी कालको शासन-व्यवस्था विकेन्द्रीकरणमा आधारित थियो । अभिलेखहरूमा उल्लिखित पाञ्चाली शब्दले स्थानीय स्तरमा शासन-व्यवस्थाको इकाईको बोध गराउँछ । विभिन्न गाउँहरू मिलाएर पाञ्चालीको गठन गरिन्थ्यो । पाञ्चालीका सदस्यहरूलाई पाञ्चालिक भनिन्थ्यो । पाञ्चालिकहरू केही जनताद्वारा निर्वाचित हुन्थे र केही राजाद्वारा मनोनीत हुन्थे । पाञ्चालीहरूले आफ्नो क्षेत्रभित्र उठेका झगडा मिलाउने, मुद्दा-मामला छिन्ने र अपराधीहरूलाई दण्ड दिने अधिकार पाएका हुन्थे । पाञ्चालीहरू आफ्नो क्षेत्रभित्र कुलो, पाटी, पौवा, देवमन्दिर आदिको निर्माण, मर्मत र हेर-विचार गर्दथे । कुनै-कुनै पाञ्चालीहरूले चोरी, डाँका, हत्या, परस्त्री गमन, आदि ठूला मुद्दाहरू हेर्ने अधिकार पाएका थिए । पाञ्चालीहरूले छिनेको मुद्दाको अपील सोझै राजाकहाँ लाग्दथ्यो । पाञ्चालीहरूले छिन्न नसकेको मुद्दा र २ वटा पाञ्चालीहरूको विवादलाई सरकारी अड्डाहरू हेर्दथे ।

द्वैध शासन-व्यवस्था लिच्छवी कालको एक प्रमुख विशेषता हो । एकै समयमा एउटै शासन-व्यवस्थाअन्तर्गत दुईवटा व्यक्तिहरूको शासनलाई द्वैध शासन भन्दछन् । शिवदेव प्रथमले सन्यास ग्रहण गर्नु भन्दा पहिले शिवदेव प्रथमको र अंशुवर्माको द्वैध शासन चलेको थियो । शिवदेव प्रथमका छोरा उदयदेवलाई उनका भाइ ध्रुवदेवले जिष्णुगुप्तको सहायताले राज्यबाट निकाली दिएपछि ध्रुवदेव र जिष्णुगुप्तको द्वैध शासन चलेको थियो । यसपछि ध्रुवदेवका छोरा भिमार्जुनदेव र जिष्णुगुप्तको छोरा विष्णुगुप्तको द्वैध शासन चल्यो । पछि नरेन्द्रदेवले भोटका राजा स्रङ्चङ्ग गम्पोको सहायताले भिमार्जुनदेव र विष्णुगुप्तलाई परास्त गरी आफ्नो पैतृक राजसिंहासनमाथि पुनः अधिकार गरेपछि द्वैध शासन समाप्त भयो । राजाहरू कमजोर र व्यक्तित्वहीन भएको बेलामा द्वैध शासन चलेको थियो ।

राज्यको खर्च चलाउनको लागि जनताहरूबाट विभिन्न प्रकारका करहरू उठाइन्थे । विभिन्न प्रकारका वस्तुहरूमाथि कर लगाइएको थियो । यसबाट अलि-अलि गरेर राज्यलाई धेरै आम्दानी हुन्थ्यो । तर जनतालाई करको बोझ महसूस

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदैनथ्यो । कर बाहेक आयात-निर्यात हुने माल-सामानहरूमा भन्सार पनि उठाइन्थ्यो । अधीनस्थ सामन्त, सुसामन्त तथा विजित सामन्तहरूबाट कर, भेट, (भेटी) र युद्धको क्षतिपूर्ति पनि लिइन्थ्यो ।

यी सम्पूर्ण विवरणहरूबाट लिच्छवी कालको शासन-व्यवस्था उन्नत अवस्थामा थियो भन्ने कुरा प्रष्ट हुन्छ ।

२. सामाजिक अवस्था—प्राचीन समयदेखि नै नेपाल हिन्दू राज्य भई आएको छ । लिच्छवी कालमा पनि हिन्दू वर्ण-व्यवस्थाबमोजिम नै समाज चल्दथ्यो । लिच्छवी राजाहरू र जनता हिन्दू हुनाले नै वेद, पुराण, श्रुति महाभारत र रामायणका काव्यहरूप्रति श्रद्धा गर्दथे र अध्ययन पनि गर्दथे । वर्ण-व्यवस्थाको पूरा ख्याल थियो । विवाह, व्यावसायिक र खान-पानको राम्रो बन्दोबस्त थियो । कहिले-काहीं राजकाजको दृष्टिबाट एक वर्णले अर्को वर्णसित विवाह गरेको पनि देखिन्छ । ठकुरी राजा अंशुवर्माले तिब्बतको राजा सोङ्चङ् गम्पोलाई छोरी विवाह गरेर दिए । यो राजनैतिक खेल थियो, तर सर्वसाधारण जनतामा आफ्नो जात-वर्ग मिलाएर विवाह गर्ने चलन थियो । ठूला जातका मानिसले सानो जातिका स्त्रीलाई विवाह गरेर वा प्रेम गरेर लैजाने चलन पनि थियो । तर तल्लो वर्गबाट माथिल्लो वर्गको स्त्री कम मात्रामा लगिन्थ्यो र लगेको खण्डमा धर्म विरोधी जस्तो देखिन्थ्यो । समाज अघिल्लो वर्गलाई स्वीकार गर्दथ्यो । अन्तर्जातीय विवाहको बन्धन केही मात्रामा खुकुलो देखिएकोले खान-पानमा पनि उत्तिको जटिल बंधन थिएन भन्ने अनुमान हुन्छ । लिच्छवी कालमा नै नेपालको सामाजिक व्यवस्थामा एक अनौठो मौलिकता आयो । नेपालका विभिन्न जातिहरू विभिन्न क्षेत्रमा बाँडिएर राष्ट्र र जनताको हितको लागि काम गर्न लागेको बुझिन्छ । उनीहरूमा कुनै साम्प्रदायिक भावना थिएन । चाडबाड, व्रत-पूजा सबैमा जनता मिली-जुली कन कामकाज गर्दथे, जुन व्यवस्था आजसम्म पनि कायम छँदै छ । यो नै नेपालको सामाजिक व्यवस्थाको मौलिकता हो । जब जनतामा सहयोगको भावना आयो, उनीहरूमा राष्ट्रीयताको भावना विस्तारै फैलिन थाल्यो ।

लिच्छवी कालमा जनताहरू सम्मिलित कुटुम्ब-पद्धति अपनाउँदथे । बाबु मरेपछि घरको जेठा छोरा परिवारको मालिक हुन्थ्यो । छोरीको विवाह गर्दा आमा-बाबुले नै वर खोजी विवाह गरी पठाउँदथे । विवाह भएपछि छोरीको माइतमा कुनै किसिमको अधिकार रहन जाँदैन्थ्यो । बाबु-आमाले दाइजोको रूपमा जो दियो त्यही हुन्थ्यो । विधवा विवाहको चलन थिएन । तर आफैं दोस्रो लोग्ने छानेर जाने चलन थियो । त्यतिबेर सती जाने प्रथा थियो । जनतामा मासु र रक्सी खाने चलन थियो । देव-देवताको पूजा हुन्थ्यो । बोका, राँगा, हाँस, कुखुरा बलि हुन्थे । मानिस-

CC-0. In Public Domain. Digitization by eGangotri

हरू मासु, रक्सी देव-देवतालाई चढाएर खान्थे । ब्राह्मणवर्ग भने रक्सी पिउने काम गर्दैनथे । समाजमा ब्राह्मणको स्थान निक्कै नै माथि भएकोले ब्राह्मणले मनपरी गरेमा भावना घट्ने हुँदा उनीहरूप्रति कडा नियम थियो । नेपालीहरू चाडवाड, भोज-भतेर मनाउने हुनाले उनीहरू राम्रा पोशाक र वहुमूल्य गहनाहरू लगाउने गर्दथे । राजाहरू पनि राजदरवारमा सभामा वस्दा र देवमन्दिरमा जाँदा वहुमूल्य गहना र रत्नले सुसज्जित हुन्थे । स्त्रीहरूमा मात्र हैन, साधारण पुरुष र जनता पनि गहना लाउँथे । यसरी लिच्छवीकाल सामाजिक क्षेत्रमा निक्कै अघि वढेको थियो ।

३. आर्थिक अवस्था—लिच्छवी कालीन समय नेपालको आर्थिक उन्नतिको काल थियो । देश ज्यादै धनी थियो । दुनियालाई लाउन-खान केही मुश्किल थिएन । प्रजा सुखपूर्वक जीवन विताउँथे । नेपालको भारत, तिव्वत र चीनसित व्यापार चल्दथ्यो । नेपालीहरू ज्यादै पैसा कमाउँथे । कृषक वर्गलाई पनि कुनै किसिमको आर्थिक संकट थिएन । खेतीवाट उनीहरू जीवन-निर्वाह गर्दथे । नेपालको जडी, बूटी, काठ-प्रात वाट पनि मानिस आमदानी गर्दथे । जनता लुगा, राडी, पाखी वुन्ने र तयार गर्ने काममा सिपालु थिए । त्यसवाट पनि मानिसको निर्वाह चल्दथ्यो । लिच्छवी काल शिल्प कलाको काल थियो । कलाकार र कालीगढहरू प्रशस्त मात्रामा पैसा कमांउँथे । काठमा राम्रा-राम्रा वुट्टा हाल्ने चलन थियो । धातुका मालहरू पनि उच्च कोटिका हुन्थे । भारत र चीनका जनताहरू नेपालको कलात्मक मालहरू प्रशस्त मात्रामा किन्दथे । जनता इलम गरी जीवन व्यतीत गर्दथे र इलम गर्नलाई प्रशस्त क्षेत्र पनि थियो । लिच्छवी काल आर्थिक क्षेत्रमा पनि अघि वढेको पुष्टि हुन्छ ।

४. धार्मिक अवस्था—लिच्छवी काल धार्मिक दृष्टिकोणवाट विचार गर्दा धर्मको पुनर्जन्मकाल थियो । यद्यपि यो कालमा वौद्धधर्म नेपालमा फैलिएको थियो तापनि लिच्छवी राजाहरू सवै हिन्दू धर्मावलम्बी हुनाले जनताले पनि यस धर्मप्रति विशेष रुचि देखाएका थिए । कट्टर वैदिक धर्मावलम्वी शंकराचार्य नेपालमा आई धर्म प्रचार गरेका र वौद्ध-धर्मावलम्बीहरूलाई शास्त्रार्थमा जित्न सकेकाले पनि हिन्दू-धर्मको जग निक्कै मजबूत भयो । लिच्छवी राजाहरू आफू कट्टर हिन्दू धर्मावलम्वी भए तापनि वौद्धधर्मावलम्वीप्रति सहानुभूति राखी धार्मिक सहिष्णुता देखाउँथे । विग्रेको चैत्य र वौद्ध विहारहरू जीर्णोद्धार गर्ने पनि गर्दथे । जनताहरू बीच धर्मको विषयमा विदेशमा झैं यहाँ कहिल्यै युद्ध (भएन) हुँदैनथ्यो । शक्ति अर्थात् भगवती मान्ने देश भएकोले यो देश हिन्दू र वौद्ध दुवैले दुवैथरिका धर्ममा श्रद्धा राख्दथे । तिनताक नेपालमा वौद्ध धर्ममा महायान सम्प्रदायको उन्नति भैरहेकोले बुद्धलाई पनि दुनियाँहरू राम, कृष्ण सरह इश्वरको नै एक अवतार मान्न लागेका थिए । बुद्धको मूर्तिको पूजा हुन्थ्यो । शंकराचार्यले पनि बुद्ध-

CC-0. In Public Domain. Digitization by eGangotri

लाई भगवानको दश अवतारमा एक अवतार हुन् भन्ने स्वीकार गरे । वैदिक देवता—इन्द्र, वरुणको स्थानमा पौराणिक देवता विष्णु, शिव आदिको पूजा हुन थाल्यो । लिच्छवी राजाहरूका सिक्कामा गरुड, लक्ष्मी, गाई, साँढे, त्रिशूल आदिका चित्रहरू देखिन थाले । भारतमा त बौद्धधर्म करीव गुप्तकालमा नै लोप भइसकेको थियो । तर नेपालमा लिच्छवी राजाहरूले यस धर्मलाई मर्न नदिएकाले हिन्दू र बौद्ध दुवै थरी मिली-जुली रहन थालेका थिए । धार्मिक दृष्टिकोणबाट पनि लिच्छवी काललाई उन्नति-काल मान्न करै लाग्दछ ।

यी विभिन्न वर्णनहरूले लिच्छवी काल नेपालको इतिहासमा एक 'स्वर्णकाल' थियो भन्ने कुरालाई पूर्ण रूपबाट पुष्टि गर्दछ ।

卐

CC-0. In Public Domain. Digitization by eGangotri

७. 'मध्यकालीन नेपाल' भन्दा पूर्वको राजनैतिक अवस्था

नेपालको इतिहासलाई राम्ररी हेर्ने हो भने लिच्छवी कालको अन्तदेखि मल्ल कालको शुरू कालसम्मको इतिहासबारे धेरै उत्थान-पतन देखा पर्दछ ।

लिच्छवी कालका अन्तिम राजा जयकामदेव निःसन्तान भई मरेपछि नुवाकोटे ठकुरीहरूले नेपालको शासन सम्हालेको देखिन्छ । यसरी शासन सम्हाल्ने पहिलो नुवाकोटे ठकुरी 'भास्करदेव' नै थिए । कर्कप्याट्रिकको वंशावलीअनुसार भाष्करदेव पाटनका एक करद सामन्त थिए । तर वेण्डलको वंशावलीमा भाष्करदेवले आफ्नो पैतृक राजमुकुट धारण गरेको कुरा वर्णन गरिएको छ । नेवारी अक्षरमा लेखिएको विष्णुधर्म नामक हस्तलिखित ग्रन्थमा यिनलाई 'परमभट्टारक महाराजाधिराज परमेश्वर' आदि पूर्ण राजकीय उपाधि दिइएको छ ।

कर्कप्याट्रिकको वंशावलीअनुसार भाष्करदेवपछि उदयदेव राजा भए । तर वंशावलीका अन्य प्रतिहरूमा भाष्करदेवपछि बलदेव वा बलवन्तदेवको नाम लेखिएको छ । नेपाल दरबार-लाइब्रेरीमा पाइएको एक हस्तलिखित ग्रन्थ निश्वासाख्य महातन्त्रको रचना नेपाली संवत् १८० (१०६० ई०) मा बलदेवको शासनकालमा भएको यसै ग्रन्थको उपसंहार भागले प्रमाणित गरेकोले १०६० ई० भन्दा पछिसम्म पनि बलदेव नेपालको सिंहासनमा भएको प्रमाणित हुन्छ ।

यसपछि पद्मदेव राजा भएको देखिन्छ । यिनको नाम कहीं-कहीं प्रद्युम्नकामदेव पनि लेखिएको छ । विभिन्न प्रमाणका आधारमा यिनका शासनकाल एघार वा सात वर्ष रहेको ठहर्दछ । त्यही समयमा लेखिएको सन्दर्भ पुण्डरीक नामक ग्रन्थमा यिनको नाम अगाडि पनि 'परमभट्टारक' को राजकीय उपाधि जोरिएको छ ।

प्रद्युम्नकामदेव अथवा पद्मदेवपछि नागार्जुनदेव राजा भए । यिनको शासनकाल २-३ वर्ष मात्र रह्यो । यसपछि शंकरदेव राजा भए । यिनी नुवाकोटे ठकुरीवंशका अन्तिम राजा थिए । यिनको शासनकाल नेपाली संवत् १८९-१९८ (१०६९-१०७८ ई०) थियो ।

यसपछि वंशावलीअनुसार पाटनका सामन्तहरूलाई युद्धमा हराइ ठकुरीहरूलाई सिंहासन च्युत गरी वामदेव नेपालका राजा भए । वंशावलीको भनाइअनुसार यी अंशुवर्माका सन्तानहरूमध्ये थिए । यद्यपि वंशावलीकारले अंशुवर्मापछि भएका

CC-0. In Public Domain. Digitization by eGangotri

सबै लिच्छवी राजाहरूलाई अंशुवर्माकै सन्तान देखाएको छ । तर त्यो तथ्य नभएर सूर्यवंशी ठकुरी भएको प्रमाण धेरै मिल्दछ । त्यसैले वामदेवलाई पनि सूर्यवंशी नै मानिएको छ ।

वामदेवपछि हर्षदेव राजा भए । हर्षदेव पछि शिवदेव (तृतीय) राजा भए । यिनलाई 'स्फोटिकावैद्य' नामक एक हस्तलिखित ग्रन्थमा 'राजाधिराजको परमेश्वर' उपाधि दिइएको छ । कीर्तिपुरको निर्माण यिनैले गरेका थिए । यिनले नेपाल छेउछाउका अन्य राज्यहरू जित्नुको साथसाथै पशुपतिमा नयाँ छानो पनि हाल्न लगाएका थिए । यिनले सुकी चलन पनि चलाए ।

शिवदेव (तृतीय) पछि यिनका युवराज महेन्द्रदेव राजा भए । यिनीपछि मानदेव (चतुर्थ) राजा भए । यिनले आफ्ना पुत्रलाई राजगद्दी दिई चक्रमहाविहारमा भिक्षु भई बसे । यिनको छोराको नाम नरेन्द्रदेव (द्वितीय) थियो । नरेन्द्रदेव पछि आनन्ददेव राजा भए । वंशावलीमा आनन्ददेवका बाबुको नाम सिंहदेव लेखिएको छ । परन्तु राइटको वंशावलीमा नरेन्द्रदेवको स्थानमा नरसिंहदेव लेखिएकोले यिनै नरेन्द्रदेव नै सिंहदेव वा नरसिंहदेव थिए ।

यी पछि राइटको वंशावलीअनुसार नन्ददेव र वेण्डालले उल्लेख गरेका ६ वटा हस्तलिखित ग्रन्थअनुसार आनन्ददेव गद्दीमा बसे । यी पछि रुद्रदेव राजा भए । तर केही वर्ष शासन गरेपछि आफ्नो छोरालाई गद्दी दिई आफ्नो जीवन धार्मिक कार्यमा बिताए ।

रुद्रदेवपछि गद्दीमा बस्ने राजा अमृतदेव वा मित्रदेव थिए । वेण्डालको वंशावलीअनुसार यी सिंहदेव अथवा नरेन्द्रदेवका अर्का छोरा थिए । अमृतदेव पछि रत्नदेव राजा भए । यसपछि सोमेश्वरदेव राजा भए र उनीपछि गुणकामदेव (द्वितीय), लक्ष्मीकामदेव (द्वितीय) र विजयकामदेव क्रमशः राजा भए । विजयकामदेवका उत्तराधिकारीको नामपछि नेपाली इतिहासमा एक नयाँ उपाधिधारी राजाहरूको नामावली भेटिन्छ । राज उत्तराधिकारीको क्रम छोरा वा भाइमा जानुपर्नेमा त्यस्तो किसिमको व्यवस्था नभई उनीपछि जयमल्लका छोरा अरिदेव मल्ल वा अरिदेवको हातमा शासन जानुले सूर्यवंशी ठकुरीहरूको शासनक्रम विजयकामदेवपछि अन्त भएको पुष्टि हुन्छ ।

अरिमल्लदेवपछि नेपालमा मल्ल वंशको प्रादुर्भाव भएको भन्ने तथ्यलाई स्वीकार गरे तापनि कर्णाटक वंशको नेपालमा अभ्युत्थान स्थितिलाई हेर्दा जयस्थिति मल्लको शासन कालअगाडिसम्मलाई मध्य काल शुरू भइसकेको भनेर भन्न मिल्दैन । किनकि अरिमल्लदेव पछिका अजय मल्लका पालादेखि नेपालको शासनसत्ता

CC-0. In Public Domain. Digitization by eGangotri

सँभाल्ने राजाहरूमा अधिकांश 'मल्ल' उपाधि नजोडिएका राजाहरू भएकोले जयस्थितिमल्लको शासन काल पछिलाई मात्र मध्यकालीन इतिहास शुरू भएको मान्न सकिन्छ ।

अभयमल्लको पालोमा नेपालका मल्लहरूले नेपालको सम्पूर्ण सत्ता पुनः हस्तगत गरेर बाहिरी दबावबाट मुक्ति पाए । कुनै-कुनै वंशावलीमा यिनका दुई छोरा जयदेव मल्ल र आनन्दमल्ल भएको कुरा पनि लेखिएको छ । यिनीपछि जयभिमदेव, जय-सिंह र अनन्तमल्ल क्रमशः राजा भए । अनन्तमल्लको समयमा मुकुन्दसेनले नेपालमा आक्रमण गरी ठूलो उत्पात मच्चाएको कुरा राइटको वंशावलीमा उल्लेख गरिएको छ । तर बाबुराम आचार्यको भनाइमा यो कुरा गलत र मिथ्या हो । यिनीपछि वेण्डालको भनाइमा जयनन्ददेव गद्दीमा बसे र उनीपछि जयरुद्रमल्ल राजा भए ।

जयरुद्रमल्ल नेपालको राजा हुँदा र शासन गर्दा सिमरौनगढ़मा नान्यदेव भन्दा ६ पुस्तापछि भएका कर्नाट राजा हर्रसिहदेव शासन गर्दै थिए । उनको शासनकालमा नै १३२४ ई० मा दिल्लीका तुगलकवंशी सुल्तान गयासुद्दीनले बङ्गालउपर आक्र-मण गरे र फर्कंदा सिमरौनगढ़लाई पनि छाडेनन् । सिमरौनगढ़को आफ्नो पैतृक सिंहासनबाट च्युत भएर हर्रसिहदेव नेपाल उपत्यकातिर पस्न बाध्य भए । राइट र भगवानलाल इन्द्रजीवाला वंशावलीमा हर्रसिहदेवले नेपाल आई आफ्नो वंशको शासनक्रम स्थापित गरेको उल्लेख छ । यिनले पहिले भादगाउँमा राज्य कायम गरे र त्यसपछि उपत्यका फैलाएका थिए भन्ने भनाइ पनि छ । तर यो कुरालाई उपत्य-कामा शासन चलाएको कुरालाई विश्वसनीय मान्न सकिन्न । पर्सिवल लेण्डनले पनि लगभग यस्तै आशयको अनुमान गरेका छन् । उनको भनाइअनुसार नेपालमा नेपाली राजवंश र हर्रसिहदेवका सन्तानहरूको द्वैध शासन कायम थियो र हर्रसिहदेवका उत्तराधिकारीहरूको राणाकालीन महाराजाधिराज र नेपालको पुरानो राजवंशको राणा प्राइममिनिष्टरको जस्तो स्थिति थियो । हस्तलिखित ग्रन्थहरूमा वास्तविक सत्ताधारी नेपालका राजाहरूका नै नामहरू भेटिन्छन् । सम्भवतः नेपालको पुरानो राजवंशलाई शासन गर्न दिएर हर्रसिहदेवका उत्तराधिकारीहरूले वास्तविक नियन्त्रण आफ्नो हातमा राखेका होलान् । लेवी र लेण्डनको अनुमानको सारांश पनि यहीं छ ।

यही समयमा आदित्यमल्लको नेतृत्वमा नेपालउपर खसहरूको आक्रमण भयो र वेण्डालको भनाइमा जयरुद्र त्यसै आक्रमणमा मरे । यसपछिको इतिहासमा छोटो समय अन्धकारमय छ ।

जयरुद्र मल्लको मृत्युपछि उनैको छोरी नायकदेवीले शासन सम्हालिन् । यस समयमा पारिवारिक षड्यन्त्रहरू भइरहे । तर पनि शक्तिमा भने नायकदेवी नै रहन

CC-0. In Public Domain. Digitization by eGangotri

सफल भइन् । यिनको जगत सिंह कर्नाटसंग दोस्रो विवाह भएको थियो । जसबाट वि. सं. १४०३ पौषमा नायकदेवी राजल्लदेवीको जन्म भएको थियो । यही समयमा नायकदेवीको पनि मृत्यु भयो । यसपछि देवलदेवी सर्वेसर्वा भइन् । यिनले आफ्नी नातिनीको विवाह वि. सं. १४११ मा जयस्थिति मल्लसंग गरिदिइन् । यिनी पराक्रमी भएको कारणले गर्दा देशको शासन भार बिस्तारै-बिस्तारै आफ्नो हातमा लिए । यसपछि मात्र नेपालको इतिहासमा मध्यकालीन इतिहास सुरुआत भएको मान्न सकिन्छ ।

卐

CC-0. In Public Domain. Digitization by eGangotri

८. बंगालका नवाब समशुद्दिन इलियासको आक्रमणको कारणहरू र त्यसको यहाँ परेको प्रभाव

नेपालमा जयराज देव र र देवलदेवीको संयुक्त शासन कालमा वंगालमा नवाव शमसुद्दीन इलियास तुगलकले राज्य गरिरहेका थिए। त्यस समय नेपालको शासन व्यवस्थामा योग्य शासक देखा नपरेकोले गर्दा कमजोर स्थितिमा पुगिरहेको थियो। त्यतिखेर राजाले कुन ठाउँमा बसेर शासन सन्चालन गर्दथे अर्थात देशको राजधानी कुन शहर थियो भन्ने कुरामा पनि किटान गरेर भन्न सकिंदैन। तर प्रथम आक्रमण भक्तपुरमाथि भएकोले त्यतिखेर राजधानी त्यही नै थियो भन्ने शंका हुन्छ। यही समयमा वंगालका नवाव शमसुद्दीन इलियासले नेपाल उपत्यकामा आक्रमण गरी यहाँको जनजीवनमा आँधी ल्याए। यद्यपि नेपालको लागि यो घटना अत्यन्त ठूलो भए तापनि भारतीय इतिहास र इतिहासकारको निम्ति ज्यादै सानो र साधारण घटना भएकोले गर्दा यसको उल्लेख उनीहरूले कतै पनि गरेरन। तथा नेपालमा पनि यो आकस्मिक घटना विस्तारै-विस्तारै विर्सदै गए। उपत्यका बाहिरका वासिन्दाहरूले यसको चाल पाए होलान् भन्ने शंका पनि गर्न सकिंदैन। यस घटनाको पूर्ण विवरण सर्वप्रथम June 1956 मा मात्र प्रकाशमा आयो।

नेपालका साधारण वंशावलीहरूमा पनि यस घटनाको उल्लेख पाईंदैन। खाली गोपाल वंशावलीमा मात्र यसको वर्णन गरिएको छ (गोपाल वंशावली–पेज–१३)।

उनले कुन वाटो गरी नेपाल उपत्यकामा आक्रमण गरे त्यस विषयमा पनि इतिहासकारहरूको एउटै मत देखिन्न। गोपाल वंशावलीमा उल्लेख भनाइलाई उल्लेख गरी त्यसको अनुवाद पनि गरी योगी नरहरी नाथज्यूले 'पूर्वको वाटो··· ······गरी नेपाल उपत्यकामा आक्रमण गरेको कुरा उल्लेख गर्नु भएको छ। यसको प्रथम आक्रमण भक्तपुरमा भएकोले पनि वहाँले त्यस प्रकारको विचार व्यक्त गर्नु भएको हुन सक्छ। यसरी दरभङ्गा हुँदै सिन्धुली गढी उक्लेर उनी भादगाउँ पुगेका हुन् भन्ने तर्क पनि यहाँ मिल्दो देखिंदैन। अतः उनी वाग्मती नदीको किनारै-किनारा हरिहरपुरको वाटो गरी नेपाल उपत्यका पसेको कुरालाई वढी तथ्य र पत्यार गर्नु पर्ने देखिन्छ। किनभने त्यही नै वाटो एक लुटेरा र आक्रमणकारीको लागि सजिलो पनि थियो। फेरि पूर्वको कोशी नदी त्यसको वरीपरि रहेको ठूलठूला घना जङ्गल र अरू भौगोलिक विकटताको कारणले गर्दा पनि त्यो आक्रमण पूर्वको वाटो-

CC-0. In Public Domain. Digitization by eGangotri

बाट आई गर्न सम्भव देखिंदैन। त्यस प्रकार नवाव शमसुद्दीन इलियासले नेपाल उपत्यकामा आक्रमण गर्नाका कारणहरू निम्न मान्न सकिन्छ :--

१. आफू बंगालको राजा भएपछि बंगालबाट नै यिनले तिरहुतमाथि आक्रमण गरे। तिरहुतलाई आफ्नो अधिकारमा राख्दा उनले नेपाल मन्दिरैं-मन्दिरको देश हो र यहाँ प्रसस्त धन सम्पति भएको कुरा उनले सुनेको हुनु पर्दछ। र त्यही सम्पति हात लगाउन उनले नेपाल उपत्यकामाथि आक्रमण गरेका थिए।

२. जब कुनै देशको राजनैतिक अवस्था ठीक हुंदैन र त्यहाँका शासकहरू एक-आपसमा झगडा गरिरहन्छन्, त्यस्तो स्थितिको फाइदा छिमेकी राष्ट्रहरूले लिएको घटना संसारको नै इतिहासले बताएको छ। त्यतिखेर नेपालको राजनैतिक अवस्था अस्थिर भइरहेको थियो। सत्ता कहिले कसको हातमा त कहिले कसको हातमा गइरहेको थियो। त्यसैले त्यही मौकामा 'नेपाल उपत्यका' माथि आक्रमण गरी देशलाई नै हात लगाउने प्रयास अनुरूप उक्त आक्रमण भएको थियो।

३. उनले 'तिरहुतलाई आफ्नो अधिकारभित्र पारिसकेपछि त्यसलाई त्यही रूपमा राख्न चाहन्थ्ये। तर उनलाई त्यस स्थितिमा नेपाल उपत्यंकाका राजाहरूबाट नै बढी डर बढ्न गएको थियो। त्यसैले 'तिरहुत' राज्यलाई पूर्ण रूपले बचाउन उनले नेपाल उपत्यकालाई पूर्ण रूपले नष्ट गरी पुनः अस्तित्वमा आउन नसक्ने स्थितिमा पुऱ्याउन चाहन्थ्ये। उक्त आक्रमणको कारण र लुट-पिट र आगो लगाउने कार्य त्यही उद्देश्य पुरा गराउनुको निम्ति नै थियो।

४. १३ औं शताब्दीसम्म नेपालको धार्मिक जीवन पुरानै ढाँचाले चलिरहेको थियो। तर १४ औं शताब्दीको मध्यतिर भएको उक्त आक्रमणलाई 'धार्मिक उद्देश्यले प्रेरित भएको पनि मान्न सकिन्छ। किनभने तरवारको भरमा राज्य र धर्म फैलाउने अधिकार मुस्लीमहरूलाई उनीहरूको धर्मशास्त्रले नै दिएको छ। अतः प्रत्येक हिन्दू र उनीहरूका मन्दिरहरू ध्वस्त गर्दै उनीहरूको हिन्दू संस्कृति-लाई नष्ट गर्दै आफ्नो संस्कृतिको जग बसाल्न उनीहरूले त्यस प्रकारको आक्रमण गरेको पनि मान्न सकिन्छ। यद्यपि त्यो उद्देश्य पुरा गर्न उनलाई नेपालको भौगोलिक स्थितिले सम्भव भएन। तर पनि हिन्दू मन्दिर र सभ्यतालाई नष्ट गर्न भने उनी सफल भए। उनको उक्त आक्रमणपछि नेपालमा मुस्लीमहरूको प्रवेश पनि हुन थाल्यो।

यी विभिन्न कारणहरूले प्रेरित गएका शमशुद्दीन इलियासले सर्वप्रथम भक्तपुर माथि आक्रमण गरे। त्यसपछि काठमाण्डौ आक्रमण गरे। उनले पशुपतिको मूर्तिलाई तीन टुक्रा पारी फुटाए। ललितपुर पनि उक्त आक्रमणबाट बच्न सकेन।

CC-0. In Public Domain. Digitization by eGangotri

यस प्रकार मन्दिर, चैत्य आदिमा रहेका सुन, चाँदी. रत्न र सम्पत्तिहरू बटुली उपत्यकामा आगो समेत लगाए । उनको आक्रमणले देशको कला, शिल्प, वास्तुकला मूर्तिकला सबै ध्वस्त भए । पलांचोकको भगवती, पनौतीको तुलांनारायण, मृगस्थलिको एकानन्, नक्सालको सूर्य, विशालनगरका पृथ्वी वराह बाहेक अरू मूर्तिहरू सबै उनीबाट ध्वस्त भए (इतिहास प्रकाश-भाग-१ पेज १५९) ।

शमशुद्दीनको उक्त आक्रमणको गतिलाई हेर्दा उपत्यकाका राजा जयराजदेवले आक्रमणकारीहरूसित लडाइँ गरे होलान् भन्न सकिँदैन र गरेको भए त्यसको वर्णन कहीं पनि पाइएको छैन । एक्कासी भएको उक्त आक्रमणबाट नेपाली शासक र जनता किंकर्तव्यविमूढ भएको अनुमान नै बढी तर्क संगत मान्नुपर्दछ । फेरि जुन प्रकारबाट आक्रमणकारीहरूले लुटपाट गरे त्यसबाट यहाँका शासक र जनताले आत्म रक्षा गर्न कतै लुकेको पनि शंका गर्न पनि सकिन्छ । तर हत्या भएको कुरा भने कतै वर्णन पाइँदैन ।

नवाब शमशुद्दीन उपत्यकामा कति बसे त्यसमा पनि फरक-फरक मत पाइन्छ । जायसवालले शमशुद्दीन इलियास नेपाल उपत्यकामा तीन वर्ष बसेर बंगाल फर्केको अनुमान गरेका छन् भने पिचले इलियासको नेपाल आक्रमण दोस्रो पटकको हो भन्ने मानेका छन् । तर प्राप्त सम्पूर्ण प्रमाणहरूले उनको नेपाल बसाइँ जम्मा सात दिन मात्र भएको पुष्टि हुन्छ । स्वयम्भूनाथको शिलालेखमा ने० सं० ४७० मार्गशीर्ष शुक्ल पक्षको दशमी (Novembeir 1350 A. D.) नै नवाबको आक्रमणको दिन भनी तोकिएको छ । यसले पनि उनी यहाँ तीन वर्ष बसे भन्ने कुरा तर्क संगत देखिँदैन । फेरि नेपालको भौगोलिक स्थिति र यहाँको हावापानीले पनि उनी यहाँ तीन वर्ष बस्न सके होलान् भन्न सकिँदैन ।

यस आक्रमणले उपत्यकाको आर्थिक स्थिति र जन-जीवनलाई अस्तव्यस्त बनायो । तर नवाब फर्केपछि जनजीवन यथावत रूपमा फर्के पनि आर्थिक स्थिति र वास्तुकलाको विकासमा भने केही समय लाग्यो । आक्रमणको ११ वर्षपछि मात्र जीर्णोद्धार भयो भने केही समय स्वयम्भूनाथको जीर्णोद्धार २३ वर्षपछि मात्र भयो । आक्रमणको त्यो स्थितिले गर्दा उपत्यकाका जनताले एक सबल र शक्तिशाली राजाको आवश्यकताको अनुभव गर्न थाले । जयस्थिति मल्लको उदय र स्थापना यही जन विचारको प्रमाण मान्न सकिन्छ । देशको बिग्रिएको सम्पूर्ण स्थितिहरूलाई विकास गराउन जयस्थिति मल्लले जे-जस्तो सुधारहरू गरे, त्यसले उपत्यकाको आर्थिक स्थिति, धार्मिकस्थिति, सामाजिक स्थिति पुनः पहिलेको भन्दा सुदृढ भएर देखा पऱ्यो ।

卐

CC-0. In Public Domain. Digitization by eGangotri

६. जयस्थिति मल्लका सुधारहरू

१३ औं शताब्दी ई० को अन्त तथा १४ औं शताब्दी ई० मा विदेशीहरूको आक्रमण तथा अत्याचारको कारण नेपाल राजनैतिक, धार्मिक, सामाजिक तथा आर्थिक आदि सबै दृष्ट्रिले डांवाडोल अवस्थावाट गुज्रँदै थियो । त्यस समय नेपालको लागि जीवन-मरणको समस्या थियो । यहीनै समयमा जयस्थिति मल्लको उत्कर्ष नेपालमा भएको थियो। यिनले अवस्थाको राम्रो अध्ययन गरी देशको सुधार कार्यतिर विशेष प्राथमिकता दिए जसले गर्दा नेपालमा राम्रो स्थिति कायम भै यसको चतुर्दिक उन्नति भएको थियो ।

नेपाल संवत् ५०० मा जयस्थिति मल्ल जयार्जुन मल्ललाई जेलमा राखी नेपालको राजगद्दीमा वसे । यिनी एक महान देशभक्त तथा प्रजातान्त्रिक विचार धाराको भएको हुँदा यिनलाई विदेशीहरूको आक्रमण तथा अत्याचारको कारण देशको विग्रँदो अवस्थामा दुःख लागेको थियो । यसैले यिनले आफू राजा हुनासाथ राष्ट्रिय संकटको समय स्वतन्त्र हुन खोजेका सामन्तहरूलाई दवाई देशको एकता कायम राखे । यसको अतिरिक्त यिनले देशको विग्रँदो अवस्थामा सुधार ल्याउन राजा एक्लैले मनमानीसंग गर्नुको बदला भारतवाट पांचजना ठूला-ठूला विद्वानहरू झिकाई तिनीहरूको रायअनुसार नेपालमा सामाजिक, धार्मिक सुधारहरू गरेका थिए। यसवाट यिनमा निहित प्रजातन्त्रप्रतिको आस्था प्रकटित हुनुको साथै पञ्चभाजुसित सल्लाह गरी काम गर्ने भन्ने तत्कालीन जनभावनाको पनि कदर भएको लागेको छ । अर्को, यिनले भारतवाट विद्वानहरू झिकाई तिनीहरूको सल्लाहअनुसार नेपालमा सुधार कार्य गरिन लागेबाट पनि नेपाल र भारतको सामाजिक, धार्मिक तथा सांस्कृतिक परम्परामा एकता देखिन लागेको थियो ।

यिनले सर्वप्रथम सामाजिक तथा धार्मिक सुधारतिर ध्यान दिएका थिए । कामअनुसार जातको सिर्जना गरी यिनले नेपाल जातिलाई ८४ जातमा विभक्त गरे । यसरी यिनले "जन्मना जायते शुद्रः संस्काराव् द्विज उच्यते"—हाम्रो प्राचीन परम्पराको पुनः उद्घाटन गर्न खोजेको ज्ञात हुन्छ । कर्म अनुरूप जातको निर्माणले समाजमा श्रम विभाजन राम्रो हुन गई बेकारी समस्या हल हुनुको साथै प्रत्येक व्यक्ति आफ्नो-आफ्नो कार्यमा दक्ष भएर देशको सर्वाङ्गीण विकासमा महत्वपूर्ण टेवा हुन गएको थियो । फेरि यिनले विदेशीहरूको आक्रमणद्वारा धर्मच्युत भएका व्यक्तिहरूलाई प्राचीन धर्मशास्त्रअनुसार पुनः हिन्दू धर्ममै ल्याउनुको अतिरिक्त अनेकौं

CC-0. In Public Domain. Digitization by eGangotri

सामाजिक नियमहरूद्वारा यहाँको समाजलाई बद्ध गरे। व्यक्तिको जन्मदेखि मरण-सम्मका नियमहरू जुन अद्यापि समाजमा प्रचलित रहेका छन्, जयस्थिति मल्लले प्रतिपादन गरेको नियम थियो। जसको कारण यिनको नामले नेपालको इतिहासमा प्रसिद्धि पाएको छ। अर्को, समाजमा सानाले ठुलालाई आदर गर्नु पर्दछ भन्ने भावनाको द्योतक स्वरूप यिनले सामाजिक नियमहरूको प्रचलन चलाएका थिए। सानो र ठुलोमा एउटै स्तर रह्यो औ सानोबाट ठुलोको आदर भएन भने सम्भव छ समाजमा अराजकता फैलिएर जुन मोडलमा समाजको स्थापना गरिएको छ त्यो नै खतम हुने डर हुन्छ।

धार्मिक सुधारतिर पनि यिनले विशेष ध्यान दिन लागेको तथ्यको पत्तो अरु धर्ममा गइ सकेकाहरूलाई पनि प्राचीन धर्मशास्त्रमा वर्णित विधानअनुसार यिनले आफ्नै पुरानो धर्ममा सम्मिलित गराउन ल्याएबाट हुन्छ। यसको अतिरिक्त यिनले स्थान-स्थानमा देवी-देवताहरू स्थापना गरी मन्दिरहरू निर्माण गराउन लगाएका थिए। ललितपुर कुम्भेश्वरस्थित पोखरी सफा गर्दा निस्केका विभिन्न देवताहरू स्थान-स्थानमा प्रतिस्थापन गर्दै यिनले कुम्भेश्वरको पाँचतल्ले मन्दिरको पनि निर्माण गरे। पशुपति आर्यघाटस्थित लवकुश-सहितको रामको मूर्ति औ पशुपतिमै उन्मत्त भैरवको प्रतिष्ठापन यिनैको समयमा भएको थियो। यिनले फेरि अरु पनि कैयौं देवमन्दिरहरूको स्थापना गर्दै धेरै समयदेखि बन्द रहेको याज्ञिक कर्मकाण्डको चलन पनि चलाए। नेपाल संवत् ५१५ मा कोटिआहुति यज्ञ सम्पन्न गरिएको तथ्य प्रकाशमा आएबाट उक्त कथनको पुष्टचाइँ भएको लागेको छ। यिनको समयदेखि नै गोकर्णेश्वर तथा गोरखनाथको पूजाको प्रचलन चलेको भन्ने वंशावलीको कथनले बाबुको मुख हेर्ने चलन यिनैले चलाएको हो कि ?—भन्ने कुराको अनुमान हुन्छ।

जयस्थिति मल्लको समयमा भाषा तथा साहित्यको पनि उन्नति भएको थियो। संस्कृतको साथै नेपाल भाषाको त्यस समय राम्रो उन्नति भएको लागेको छ। त्यस समय संस्कृतमा विभिन्न ग्रन्थहरूको रचना गरिन लागेका थिए। मानव न्यायशास्त्र एवं गुप्त सिद्धिशास्त्र त्यस समयका महत्वपूर्ण ग्रन्थहरू मानिएका छन् भने भैरवानन्द, राघवानन्द आदि नाटकहरू नाटकको क्षेत्रमा रहेका छन्। ती नाटकहरूको अभिनय पनि गराइएका थिए। फेरि नेपालमा वंशावली लेख्ने चलन जयस्थिति मल्लको शासन समयदेखि शुरु भएको विदित हुन्छ। आजसम्म प्राप्त वंशावलीहरूमा सब-भन्दा पुरानो मानिएको गोपाल-वंशावली यिनैको समयमा लेखिएको थियो। उक्त वंशावलीमा वंशावलीकारले संस्कृत तथा नेपाल दुइटै भाषा प्रयोग गरिएबाट संस्कृत साहित्यका प्राचीन नाटककारहरू कालिदास, भास, आदिको थोरबहुत अनुकरण गरिएको प्रतीत हुन्छ। तिनीहरूका नाटकहरूमा संस्कृतसाथै प्राकृत दुवै भाषाको

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयोग गरिएका छन् । अर्को संगीतको पनि यस समय राम्रो स्फुरण भएको थियो । का बजाउने औ दीपक राग गाउने चलन त्यस समय चलेको पाइएबाट उक्त तथ्यको पुष्टि हुन्छ । सम्भवतः नव बाजा बजाउने चलन यसै समयदेखि चलेको थियो । जयस्थिति मल्ल कालीन विभिन्न मूर्ति तथा मन्दिरहरू प्राप्त भएबाट कलाको क्षेत्रमा पनि यथेष्ट रूपले उन्नति भएको ज्ञात हुन्छ । उपर्युक्त सबै आधारहरूबाट यिनको समयमा साहित्य, संगीत औ कलाको राम्रो अभ्युदय भएको लागेको छ ।

जयस्थिति मल्लको आर्थिक सुधार पनि ज्यादै महत्वपूर्ण रहेको छ । विशेषतः कर्मअनुसार जातको निर्माण गर्ने यिनको कार्य नै उक्त सुधारको प्रतीक स्वरूप देशलाई वास्तविक रूपले उन्नत पथमा लैजानुको लागि श्रम विभाजन एक अत्यावश्यक शर्त छ । यही नै तथ्यलाई महसुस गरी यिनले नेपालको इतिहासमा सर्वप्रथम श्रम-विभाजनको उक्त परिपाटीको शुभारम्भ गरेका थिए । देशको मुख्य आर्थिक श्रोत व्यापार, कृषि तथा जरीवाना रहेको छ । यसैले यिनले व्यापारको उन्नतिको लागि नाप, तौलको ठीक-ठीक व्यवस्थालाई अत्यावश्यक सम्झे । माना, पाथी, ढक, तराजू आदिको चलन यिनैको समयदेखि यहाँ प्रकाशमा आएको थियो । लेन-देनको कार्यमा शुद्धता ल्याउने क्रममा गुठीहरूमा तक उमूनामक तराजू तथा माना, पाथीले खानेकुरा जोखना गरी खवाउने चलन चलाएको थाहा हुन्छ, जुन अद्यापि नेपाल समाजमा चलेकै छ । यिनको यही नै व्यवस्थाको प्रचलनको कारण नेपालको व्यापारले राष्ट्रिय परिधिमा मात्र सीमित नरही पछि देश-विदेशसम्म आफ्नो थोरबहुत आधिपत्य स्थापित गर्नसकेको थियो ।

फेरि यिनले कृषिको उन्नतिको लागि नेपालका जग्गाहरूलाई तिनीहरूको जात हेरी चार भागमा बाँडे । अवल, द्वयम, सीम, चाहार उपर्युक्त जग्गाहरूको नामकरण गरिएको थियो । यसरी जग्गाको प्रकार छुट्याइँदा किसानहरूलाई पनि मर्का नपर्ने औ सरकारको आम्दानी पनि निश्चित परिमाणमा हुने भयो । यिनले फेरि सरकारको आम्दानी वृद्धिको लागि जग्गा नाप्ने जंजीर १०॥ हातबाट घटाई ७॥ हात गराए । यसरी जग्गाको नापीबाट जग्गाको निश्चित परिणाम थाहा हुनुको साथै ७॥ हातको जंजीरको प्रयोगले जग्गाको रोपनी बढ्ता हुने नै भयो, जसले गर्दा सरकारको आम्दानी बढ्न गएको थियो । जग्गा बेच-बिखन नगर्ने अधिकार पनि प्रदान गरेर यिनले जनतालाई ज्यादै सुविधा दिए । पहिले जग्गा राजाकै मात्र मानिएर तिनीहरूको बेच-बिखन गर्ने अधिकार जनतालाई थिएन । तर यिनको यस अधिकार प्रदानले जनतालाई पनि जग्गाको सहस्वामित्व सुम्पेको थाहा हुनुको साथै राज्यमा जग्गाको महत्व बढ्न लागेको प्रमाणित हुन्छ ।

नेपालका घरहरू पनि अरू जग्गा सरह यिनले चार भागमा बाँडे । घरहरूको

CC-0. In Public Domain. Digitization by eGangotri

वर्गीकरणले ती घरहरूको बिक्री-वितरणमा सहुलियत प्रदान गरेको थियो । यिनको यस कार्यबाट तत्समयमा घरहरूको पनि कर लिने गरेको कुराको संकेत गरेको छ। अर्को, यिनले पहिलेको दण्ड विधानमा परिवर्तन गरी अपराधीहरूलाई आर्थिक दण्ड गर्ने चलन चलाए । जसले गर्दा प्रचलित क्रूरतामा कमी हुनुको साथै सरकारी आम्दानीमा वृद्धि भई देशको अर्थ-व्यवस्थाको स्थिरतामा ठुलो सघाउ पुर्‍याएको थियो ।

उपर्युक्त सबै आधारहरूबाट यो स्पष्ट हुन्छ कि जयस्थिति मल्ल नेपालका सर्वश्रेष्ठ व्यक्तिहरूमा एक मानिन्छन् । यिनले १४ औं शताब्दी ई० को ताका बंगालका सुल्तान समशुद्दीन तथा पश्चिमका खस राजाहरूको बर्बर आक्रमणद्वारा उत्पन्न राष्ट्रिय संकटको समय देशको सफल नेतृत्व गरी आफ्ना सुधार कार्यहरूद्वारा देशको एकतालाई सुस्थिर गर्नुको अतिरिक्त राष्ट्रको सर्वाङ्गीण विकास पनि गरे। यिनको यही नै कार्यले गर्दा यिनको नाम र काममा सामञ्जस्यता स्थापित भएर यिनी अद्यापि नेपालवासीहरूको हृदयमा आसीन रहेका छन् ।

卐

CC-0. In Public Domain. Digitization by eGangotri

१०. यक्षमल्लको दिग्विजय र उनले निर्माण गरेको नेपाल राज्यको भौगोलिक क्षेत्रफल

यक्षमल्ल राजा ज्योतिमल्ल र रानी संसार देवीबाट जन्मेका जेठा छोरा थिए। आफ्नो बाबुको नै समयदेखि राज्य शासन-व्यवस्थामा सहयोग गरिरहेकाले नै उनले आफ्नो समयमा शासन-व्यवस्था सुचारू रूपले चलाउन समर्थ भएका थिए। यसै कारणले गर्दा नै उनले आफ्नो राज्य-विस्तारको लागि दिग्विजय गर्न समर्थ भएका हुन्। सबै वंशावलीकारहरू र पूर्ववर्ती इतिहासकारहरूले राजा यक्षमल्ल-लाई पराक्रमी, वीर सेना नायकको रूपमा चित्रित गरेका छन्। किनभने उनको लामो शासन कालमा नै नेपालको इतिहासमा एउटा गौरवपूर्ण इतिहास निर्माण भएको देखिन्छ। फेरि उनी भन्दा पूर्व मल्ल कालको छोटो इतिहासमा त्यति शक्तिशाली राजाहरू नदेखिएकोले पनि उनको स्थान महत्वपूर्ण देखिएको हो। यी सबको पछाड़ि ऐतिहासिक उपलब्धिपूर्ण घटनालाई महत्वपूर्ण मान्नु पर्दछ।

राज्यमा शासन गर्न थालेको लगत्तैपछि उनको विजय अभियान शुरू भएको तर त्यो विजय अभियान खाली आफ्नो प्रभाव क्षेत्र कायम राख्नु र बनाउनुमा मात्रै सीमित भएको थियो। त्यतिबेर त्यस्तो नीति कायम थियो जसले गर्दा केन्द्र राज्यको स्थिति कमजोर हुना साथ त्यस्ता राज्यहरू पुनः स्वतन्त्र हुने गर्दथे। यस्तो भए तापनि यक्षमल्लले चलाएको दिग्विजय अभियानले एउटा महत्वपूर्ण उपलब्धि हासिल गरी नेपालको भौगोलिक सीमालाई विस्तृत तुल्याएको कुरा नेपालको इतिहासले स्वीकार गरेको छ।

यक्षमल्लले सर्वप्रथम उपत्यकालाई आफ्नो अधिकारमा पारे। त्यसपछि उनको दृष्टि उपत्यकाको चारै कुनातिर गयो। शाके १५३६-१६१४-१५ तिर लेखिएको 'तरपवि जयचर्चा' नामक ग्रन्थमा मिथिला जीती आपना पुरुषार्थले यक्षमल्लले मगध तथा गया गएको तथा पहाड़का राजाहरूलाई जिती इनले नेपाल-शत्रुशून्य पारेको, पूर्वमा बङ्ग देश, दक्षिणमा गङ्गा तथा उत्तरमा सात दिनको बाटो परसम्मको देश यिनले आफ्नो अधीन गरेको कुरा लेखिएको छ। यस वर्णनमा सत्यको सार छ कि छैन, विचार गर्न आवश्यक छ।

त्यस समयमा कर्णाली प्रदेशमा खस राज्यहरूको बिचमा मतभेद हुनु महासामन्त मेदिनी वर्माको सिंजा भेकसम्म मात्र अधिकार हुनु, कर्णाली क्षेत्रमा संसार वर्मा र जुम्लामा वलिराज सीमित रहनुले र गण्डकी प्रदेशबाट खस राजाहरू कर्णाली

CC-0. In Public Domain. Digitization by eGangotri

क्षेत्रमा नै केन्द्रित भएको कारणबाट यक्षमल्ललाई आफ्नो प्रभाव जमाउने प्रशस्त मौका मिल्न गएको थियो । यसैको परिणामस्वरूप यक्षमल्लले गोरखा, पाल्पासम्म आफ्नो अधिकार फैलाएका थिए । तर उनले मिथिला जितेका थिए भन्ने कुरामा भने केही शंका उठेको देखिन्छ । सूर्य विक्रम ज्ञवालीज्यूले 'नरपति जयचर्या' मा उल्लेख गरेको यक्षमल्लले जितेको मिथिला 'सिमरौनगढ़' नै थियो भन्ने शंका व्यक्त गर्नु भएकोछ । उहाँको मनाइमा हरिसिंह देव नेपाल पसेपछि सिमरौनगढ़ मिथिला राज्यको अन्तर्गत गराइएको हुँदो हो । यक्षमल्लको समयमा त्यसमाथि नेपालले फेरि आफ्नो अधिकार स्थापित गर्नु कुनै आश्चर्यको कुरो छैन, र यही सिमरौनगढ़माथिको विजयलाई नै मिथिला राज्यको विजय भनी वर्णन गरेको हुन सक्छ ।

त्यस समय पाटनमा सप्तकुटुम्ब महापात्रहरू अति नै शक्तिशाली भएको हुँदा आफ्नो दिग्विजय अभियान सफल पार्न यक्षमल्लले उदयसिंह महापात्रलाई आफ्नो हातमा लिई दक्षिण-पूर्व विजय अभियानलाई सफल पारेका थिए भने फर्पिङ्गका राउत सामन्तलाई पनि आफ्नो विचार अनुकूल बनाउन सफल भएका थिए । उत्तरमा सात दिनको बाटो परसम्मको देश यिनले आफ्नो अधीनमा पारेका थिए भन्ने उक्त ग्रन्थमा उल्लेख गरेको कुरालाई हेर्दा र उनले गं विहार जितेको कुराले केही हदसम्म पुष्टि गर्दछ । तर उनले पूर्वमा वङ्ग देशसम्म विजय गरे भन्ने कुरामा पनि शङ्का नै देखा पर्दछ । ज्ञवालीज्यूको भनाइम वङ्ग देशको नेपालसंग सम्बन्ध मोरङ्ग बाहेक अरूसित हुन सम्भव छैन । यो कारणले गर्दा उनले गङ्गासंम्म विजय गरेका थिए भन्ने कुरालाई विश्वास गर्न कुनै अरू आधार प्राप्त पनि छैन र विश्वास योग्य मान्न पनि सकिंदैन । तर यी कुराहरूले उनको दिग्विजय अभियानले नेपालको सीमाना उपत्यकादेखि बाहिर फैलिएको थिएन भन्न खोजेको निश्चित हैन, बल्कि जुन रूपबाट 'नरपति जयचर्या' मा उल्लेख गरेअनुसारको सिमाना भने निश्चित पनि थिएन ।

राजा यक्षमल्लले आफ्नो राजनैतिक अस्तित्व बलियो पार्नको लागि आफ्नो राज्यको राजधानीको चारैतिर किल्लाबन्दी गरेका थिए । उनले भक्तपुर शहरलाई चारैतिर खाइँ र पर्खालले घेरी सुदृढ गढ बनाएका थिए । भक्तपुर भन्दा बाहिर आवत-जावत गर्नका लागि ढोकाहरू बनाएका थिए । यी ढोकाहरू स्वयं साना साना किल्ला जस्तो सुदृढ थिए । यस किल्लाको रक्षार्थ यक्षमल्लले नियम पनि बनाई ढोकाको दाहिनेतिर अंकित गरेको कुरा राइटले लेखेका छन् (पेज-१८८) । तर यस प्रकारको व्यवस्था यक्षमल्लले आफ्नो दिग्विजय अभियान संचालन गर्नु अघि गरेको शंका गर्न सकिन्छ । ताकि आफू विजय अभियानमा जांदा आफ्नो राजधानीमा

CC-0. In Public Domain. Digitization by eGangotri

अरूले आक्रमण गर्न नसकुन् भन्न नै थियो । यसलाई ज्ञवालीज्यूले पनि केही सत्य नै मान्नु भएको छ ।

केन्द्रको शक्ति कमजोर भएमा स्वतन्त्र हुने स्थिति त्यतिखेर भएको कारणले गर्दा पनि यक्षमल्लले त्यस्तो व्यवस्था गरेको पनि हुन सक्छ । तर यसले मात्र उनले विजय गरेको राज्य स्थिर रहन सकेन । उनले विजय गरेको राज्यहरूबाट विस्तारै उनको प्रभाव घट्न थाल्यो र उनको छोराहरूको समयमा निश्चित क्षेत्र मात्र राज्यको रूपमा सीमित रहन गयो । यतिखेर यक्षमल्लको विजित नेपाल राज्यको सिमाना पूर्वमा दूधकोशी तट, पश्चिममा त्रिशूली, उत्तरमा नीलकण्ठ पर्वत र दक्षिणमा मेदिनी मल्लको वनभित्र मात्र सीमित थिए । यिनै सिमाना भित्रको राज्य यक्षमल्लले आफ्नो शासनकालमा नै आफ्ना छोराहरूमा विभाजित गरिदिए । यस प्रकार विभाजित राज्यको स्थितिले नै गर्दा पछि पृथ्वी नारायण शाह मार्फत एकीकरण सम्भव हुन गयो भने विशाल नेपाल राज्य निर्माणमा मद्दत पनि पुर्‍यायो ।

卐

CC-0. In Public Domain. Digitization by eGangotri

११. मध्यकालीन नेपालको राजसंस्थाको उत्तराधिकार नियमल-ललितकला र वास्तुकलाको प्रगति

मल्लकालमा पनि लिच्छवीकालमा जस्तै राज्यव्यवस्था राजतन्त्रको आधारमा आधारित थियो। लिच्छवीकालीन राजव्यवस्थामा प्रायः द्वैध शासन कायम थियो। तर मल्लकालीन उपत्यकाको राजव्यवस्थामा भने संयुक्त-शासन कायम भएको बुझिन्छ। मल्ल राजाहरूको शासन-व्यवस्था केन्द्रीयकरण पट्टि नै ढलकेको देखियो, तर लिच्छवीकालीन राज्य स्वरूप विकेन्द्रीकरणको आधारमा थियो। मोटामोटी दृष्टिकोणले हेर्दा लिच्छवीकाल र मल्लकालमा राजतन्त्रकै सिद्धान्त अपनाएको देखिए तापनि मल्लकालमा लिच्छवीकालमा भन्दा निक्कै नै परिवर्तन भएको देखिन्छ। भक्तपुरे राजाहरूले सानो-सानो कुरामा पनि प्रजाको सरसल्लाह लिने गर्दथे। काठमाडौंका राजा जयप्रकाश मल्ल र पाटनका राजा तेजनरसिंह मल्ल भक्तपुर राज्यमा शरण लिन गएका थिए। पहिले उनीहरू दत्तात्रयको मन्दिरमा लुकेर वसे। आखिर रणजीत मल्लले झ्याली पिटेर 'यी दुई देशका राजा शरण पर्न आएका छन्. तिमी दुनियाँ के भन्दछौ? तिम्रो शरण लिने राय छ भने वताउ, म शरण लिन्छु' भनी दुनियाँको राय मागे। दुनियाँले जब शरणलिनमा असल छ भनी राजाको आज्ञालाई अनुमोदन गरे, तब उनले यी दुवै राजालाई आफ्नो दरवारमा लगी शरण दिए। यसबाट ह'मी प्रष्ट भन्न सक्छौं कि भक्तपुर राज्यमा अप्रत्यक्ष रूपमा प्रजातन्त्र थियो। भक्तपुरे राजाहरूले दुनियाँकै इच्छानुसार शासन चलाएकाले आफ्नो राजालाई उनीहरूले अन्तिमकालसम्म पनि सहयोग गर्दै थिए। तर पाटन र काठमाडौंमा शासक वर्गले दुनियाँको वास्ता नगरेकाले उनीहरूले पनि सहयोग दिएनन्। विस्तारै-विस्तारै दुनियाँको आँखा खुल्दै गयो। राजतन्त्रलाई उनीहरूले अलि-अलि असन्तोष देखाउँदै गए। महेन्द्रमल्लले गरेको सुधारहरूले जनतामा विस्तारै-विस्तारै प्रजातन्त्रको भावना आउँदै थियो। पछि पृथ्वी नारायणशाहले सारा उपत्यकाको र अरू वाहिरका जनताको मनोभावनालाई कुल्चेर शक्तिको आडमा हुकूमीतन्त्र फेरि चलाए।

मल्लकालीन नेपालमा राजाको पद प्रायः वंश-परम्परा नै चल्दथ्यो। राजाको मृत्युपछि उनैका जेठा छोरा राज्यको अधिकारी हुन्थे। तर बाबुहरूको छोराहरूमाथि वरावर प्रेम भयो भने राज्यलाई टुक्रा-टुका गरेर छोराहरूमा वितरण गर्ने चलन पनि कहिलेकहीं थियो। राजा यक्षमल्लको मृत्युपछि उपत्यकाको विशाल राज्य नटुक्रेको भए पृथ्वी नारायणशाहले उपत्यका जित्न मुश्किलै हुने थियो।

CC-0. In Public Domain. Digitization by eGangotri

वैधानिक उत्तराधिकारीको अभावमा धर्मपुत्र वनाउने चलन पनि थियो । धर्मपुत्र पनि नभएमा राजाको भाइ, छोरी पट्टिका सन्तान र मठथाहापट्टिका सन्तानहरू पनि भारदार र मन्त्रीहरूको सल्लाहवाट उत्तराधिकारी वनाइन्थे ।

यदि उत्तराधिकारीको सम्वन्धमा विवाद भएमा वा विद्रोह हुने सम्भावना भएमा द्वैध शासन वा समराज्यको प्रथा अपनाइन्थ्यो । जसमा शक्तिअनुसार र भाइ-भारदारहरू वहुसंख्या भएको पक्षमा हकदारको रूपमा दुवै राजाले एकै पटक राज्य गर्ने वा एकजनालाई मात्र प्रशासनिक अधिकार दिने वहुमतको आधारमा निर्णय गरिन्थ्यो । दुई राजाहरूले वरावर हकदारको रूपमा राज्य गर्ने नियमलाई द्वै-राज्य भनिन्थ्यो भने कहिलेकाहिं एउटै भू-भागको राज्यलाई आधा-आधा गरी राज्य चलाउने चलन अगाडि नभएको पनि हैन ।

राजा शारीरिक रूपले अशक्त भएमा वा उमेर धेरै भएको स्थितिमा वावु र छोरा दुवै मिली शासन सञ्चालन पनि गर्दथे । कहिलेकाहिं महत्वाकांक्षी व्यक्तिको रूपमा देखा पर्दा वावुलाई पदच्युत गरी आफैं राजा भएको घटना पनि मल्लकालमा पाइन्छ भने आफ्नो नै शासनकालमा नै आफ्नो छोराहरूलाई पालै-पालो राजा वनाएको ऐतिहासिक घटना पनि देख्न पाइन्छ ।

यस प्रकार मध्यकालमा वंशानुक्रममा वावुपछि छोरा राजा हुनु, द्वैध-शासन सञ्चालन हुनु, शक्तिशाली भाइ-भारदारहरूलाई राज्य-उत्तराधिकारी घोषणा गर्नु, राज्यभित्रका विद्वान वर्ग र राजमातालाई सल्लाहकारको रूपमा राख्नु त्यस समयको राज्य-उत्तराकिकारीको नियम थियो ।

मल्लकालीन शासन-व्यवस्था हुकुमी थियो । राज्यको सारा व्यवस्थामा राजाको नियन्त्रण रहन्थ्यो । शान्ति र सुरक्षा कायम गर्नु राजाको मुख्य कर्तव्य थियो । सर्वोच्च न्यायाधीश पनि राजा नै थिए । नावालख राजा भए वा वुद्धि नभएको राजा भए मन्त्रिपरिषदले शासन-व्यवस्था चलाउँदथ्यो । यदि राजाले कुनै गल्ती गर्न लागे भने दरवारका भारदारहरूले विरोध गर्दथे ।

यस प्रकार मल्लकालीन राज्य-व्यवस्थामा उच्च पदाधिकारीहरू चौतारा, काजी, प्रधानकाजी यस्तै थिए । सैनिक व्यवस्थामा पनि मल्लकाल लिच्छवीकाल भन्दा फरक भइसकेको थियो ।

नेपालमा मल्लकालमा र वास्तुकलाको ठूलो उन्नति भएको थियो । त्यस वेलाको नेपालका शिल्पकारहरूले धातु, काठ, र ढुङ्गामा वुट्टा कुँदने काममा अत्यन्त विलक्षणता प्राप्त गरेका थिए । नेपालका पुराना मन्दिर, मन्दिरको ढोका तथा टुँडालहरूमा कुँदिएका वुट्टा र मूर्तिहरू देख्दा त्यस वेलाका शिल्पकारहरू ज्यादै

CC-0. In Public Domain. Digitization by eGangotri

कुशल कालिगढ रहेछन् भन्ने कुराको ज्ञान हुन्छ। नेपाली कलाकारहरू विदेशमा समेत गएर आफ्नो कार्य-कुशलता देखाउँथे।

त्यतिखेर नेपालमा बनेका ढुङ्गाका मूर्तिहरू अद्वितीय छन्। ढुङ्गामा कुँदेर बनाइएका त्यस बेलाका गणेश, शिव, विष्णु, सूर्य, देवी, भैरव, लक्ष्मी, सरस्वती तथा बुद्धका मूर्तिहरू र धाराहरूमा कुँदेका बुट्टाहरू नेपालको जुनसुकै शहरमा पनि प्रशस्त पाइन्छन्। त्यस बेला बनेका प्रसिद्ध मूर्तिका नमूनाहरूमा फर्पिङको महिषासुरमर्दिनी, बनेपाको सूर्यको रथ, भादगाउँ तलाक्षिको विष्णुको मूर्ति, भादगाउँको दरवार चोक नजिकैको उग्रचण्डा र भैरवको मूर्ति, हाँडीगाउँको सरस्वतीको मूर्ति आदि छन्। यी बाहेक पाटन दरवार, सुन्दरी चोकको ढुङ्गा धाराहरू, खम्बाहरू र सालिगहरूमा कुँदिएका बुट्टा तथा मूर्तिहरू अति प्रसिद्ध छन्।

काठका बुट्टा हाल्ने काममा पनि तिनताकका शिल्पकारहरू ज्यादै सिपालु थिए। त्यस बेला बनेका काठका मूर्तिहरू, झ्याल, ढोका, तथा टुँडालहरूमा कुँदिएका कलापूर्ण बुट्टाहरू हेर्दा त्यस बेलाका काठको काम गर्ने कलाकारहरू ज्यादै सिपालु रहेछन् भन्ने कुरा थाहा हुन्छ। काष्ठकलाका यस्ता दृष्टान्तहरू नेपालका जुनसुकै प्राचीन शहर, मन्दिर, तथा दरवारहरूमा पनि देख्न पाइन्छन्।

धातुमा बुट्टा हाली विभिन्न किसिमका सामान तथा मूर्तिहरू बनाउने काममा पनि मल्लकालका शिल्पकारहरू ज्यादै प्रसिद्ध थिए, सिपालु थिए। काष्ठकलाका यस्ता दृष्टान्तहरू नेपालका जुनसुकै प्राचीन शहर, मन्दिर तथा दरवारहरूमा पनि देख्न पाइन्छन्।

धातुमा बुट्टा हाली विभिन्न किसिमका सामान तथा मूर्तिहरू बनाउने काममा पनि मल्लकालका शिल्पकारहरू प्रसिद्ध थिए। यस्ता धातुका मूर्तिहरू धेरैजसो तामा काँस, र पितलका हुन्थे। तलेजु मन्दिरका ढोकाहरू, भक्तपुर दरबारको स्वर्णद्वार नै यसको दृष्टान्त. नमूनाहरू हुन्। यी बाहेक त्यस बेला बनेका धातुका देवी-देवताका मूर्तिहरू तथा सुनधाराहरू पनि ज्यादै कलापूर्ण छन्। धातुका अरू मालसामानहरूमध्ये त्यस बेलाका झारी, पानस, धुपदानी, मसीदानी, कलश, सुकुण्डा आदि वस्तुहरू अति कलापूर्ण ढङ्गले बनाइन्थे। यो बाहेक त्यस बेला धातु-बाट ढलान गरी स्थापना गरिएका राजा रानी तथा भारदारहरूका सालिकहरू कलाका अद्वितीय दृष्टान्त छन्। ती मध्ये प्रतापमल्ल, भूपतीन्द्र मल्ल, योगनरेन्द्र मल्ल आदिका सालिकहरू अति प्रसिद्ध छन्।

मल्लकालका मुद्राहरू पनि कलापूर्ण ढङ्गले बनाइएका हुन्थे। त्यस बेलाका

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्रामा कलश, सूर्य, चन्द्र, त्रिकोण, त्रिशूल, अङ्कुश, पासो आदि धार्मिक चिह्नहरू कुँदिएका हुन्थे ।

चित्रकलामा पनि मल्लकालमा ठूलो उन्नति भएको थियो । चित्रहरू धेरैजसो धर्मसम्वन्धी हुन्थे । धार्मिक पुस्तकहरू वा तिनका गातामा देवताका राम्रा राम्रा चित्रहरू लेख्ने चलन थियो । त्यसवेला धर्मशास्त्र लेख्ने चलन थियो । त्यसवेला धर्मशास्त्र वा तन्त्रविधाअनुसार देव-देवीका तस्विरहरू अथवा यन्त्रहरू लेखेर राख्ने चलन थियो । यस्ता तस्वीरहरू बेरेर राख्न हुने गरी वलियो कागत वा कपडामा लेखिन्थ्ये । यस्ता तस्विरलाई 'पौवा' भन्दथे । यस्ता पौवाहरू मल्लकालमा प्रशस्त लेखिएका थिए । धार्मिक दृष्टिले तिनको अहिले पनि ठूलो महत्व छ । यी वाहेक दरवारका भित्ताहरूमा लेखिएका तस्विरहरू पनि अझसम्म जस्ताको तस्तै देख्न पाइन्छन् । यी तस्वीरहरू रङ्गीन हुन्थ्ये र पछिसम्म रङ्ग नउडने र नमेटिने गरी लेखिएका हुन्थ्ये ।

त्यसवेला नृत्यकलाहरूमध्ये लाखे नाच, देवी नाच, महाकाली नाच, आदि नाचहरू प्रसिद्ध छन् । यी नाचहरू अझ पनि चल्दै छन् । यस किसिमले मल्लकालीन नेपालमा ललितकलाको ठूलो विकास र प्रचार भएको थियो ।

नेपालमा मल्लकालमा ललितकला जस्तै वास्तुकलाको पनि ठूलो उन्नति भएको थियो । त्यसवेलाका धनीवर्ग धार्मिक भावनाले प्रेरित भएर एकले अर्काको भन्दा बढता राम्रो मन्दिर बनाउने अभिलाषा गर्दथे र कलाकारहरू पनि प्रतिस्पर्धाको भावनाले सवै भन्दा राम्रो तुल्याउने काम गर्दथे । यसैको फलस्वरूप मल्लकालमा अद्वितीय मन्दिर तथा मूर्तिहरू वन्न सकेका हुन् ।

त्यसवेलाका मन्दिरहरू धेरैजसो प्यागोडा शैलीका अर्थात तले ढाँचाका केही शिखर शैलीका मन्दिरहरू पनि वनेका थिए । त्यसवेला वनेका प्यागोडा शैलीका मन्दिरहरूमध्ये काठमाण्डौंमा पशुपतिनाथ काष्ठमण्डप, जैसीदेवल, गद्दीवैठक अगाडि-को शिवमन्दिर, कुमारी मन्दिर, भीमसेनको मन्दिर, हनुमानढोकाभित्रको तलेजुको मन्दिर, कवीन्द्रपुर र साँखुको वज्रयोगिनीको मन्दिर तथा चाँगुनारायणको मन्दिर अति प्रसिद्ध छन् । त्यस्तै भक्तपुरको पशुपतिनाथको मन्दिर संसार-प्रसिद्ध न्यातपोल (पाँचतले मन्दिर), दत्तात्रेय मन्दिर, आकाशभैरव; ठिमीको वालकुमारी, वनेपाको चण्डेश्वरी, नालाको भगवती, पनौतीको ब्रह्मायणी आदि मन्दिरहरू अति प्रसिद्ध छन् । पाटनमा प्यागोडा शैलीका मन्दिरहरूमध्ये कुम्भेश्वर, वालकुमारी, भीमसेन हरिसिद्धि, वज्रवाराही तथा दरवार अगाडिका विश्वनाथ र नारायणका मन्दिरहरू प्रसिद्ध छन् ।

4111
डा. डिल्ली रमण रेग्मी पुस्तकालय

CC-0. In Public Domain. Digitization by eGangotri

त्यसबेला बनेका शिखरशैलीका मन्दिरहरूमध्ये पाटनको प्रसिद्ध कृष्णमन्दिर, च्यासीदेवल भक्तपुरको ५५ झ्याले दरबारअगाडिको वत्सलाको ठुलो घण्ट भएको मन्दिर तथा कीर्तिपुरको लोहँदेवल आदि प्रसिद्ध छन् । यी बाहेक त्यस बेला पक्की ईँटले बनेका मन्दिरहरू पनि अति प्रसिद्ध छन् । यस्ता मन्दिरहरूमध्ये पाटनको महाबौद्ध मन्दिर अति प्रसिद्ध छ । यो मन्दिर बौद्धगयाको ढाँचाले बनाइएको थियो । त्यसबेला बनेका स्तूप, चैत्य तथा विहारहरूले पनि नेपाली वास्तुकलाको आदर्शलाई प्रकट गर्दछन् । त्यस्ता चैत्य र स्तूपहरूमध्ये स्वयम्भू चैत्य तथा बौद्धनाथ-को स्तूप आदि र विहारहरूमध्ये काठमाण्डौंका इंटुवहाल तथा पाटनको हेमवर्ण महाविहार आदि संसार प्रसिद्ध छन् ।

यसरी मल्लकालमा ललितकलाको साथै वास्तुकलाको पनि ठुलो उन्नति भएको थियो । माथि लेखिएका कलाकृति देख्दा विदेशीहरू अहिलेसम्म पनि नेपाली कला-को मुग्धकण्ठले प्रशंसा गर्दछन् । यस प्रकार कलाकौशलको दृष्टिले हेर्ने हो भने मल्लकाललाई नेपालको सुवर्णकाल भन्न सकिन्छ ।

卐

CC-0. In Public Domain. Digitization by eGangotri

१२. मध्यकालीन नेपालको साहित्य, संगीत, नाटक र धार्मिक चाडपर्वको सांस्कृतिक मूल्य

मध्यकालीन नेपालका मल्ल राजाहरू काव्य, रसिक, साहित्यकार र संगीतप्रिय थिए। जसको परिणामस्वरूप त्यतिखेर नेपालमा साहित्य, संगीत, नाटक र धार्मिक परम्पराको ठूलो विकास भएको थियो। यद्यपि त्यतिखेर सर्वसाधारण जनतालाई शिक्षा-प्रचार गराउने साधन नभए तापनि उनीहरूमा भएको विचारले पनि त्यसको विकासमा सघाउ पुऱ्याएको थियो।

त्यतिखेर राजाहरू विद्वान् थिए र विद्वान्हरूको कदर गर्दथे। राजाहरू आफैं पनि अनेक नाटक, कविता, र गीतको रचना गर्दथे। विद्वान्हरूलाई प्रोत्साहन दिएर लेख्न लगाउँदथे। मल्लकालमा लेखिएका ग्रन्थहरूमा नाटक, गीत, देवदेवीका स्तोत्र, ज्योतिष, पुराण, तन्त्रविधा, काव्य, संगीत र आयुर्वेदिक ग्रन्थका पुस्तकहरू प्रसिद्ध छन्।

जयस्थिति मल्लले आफ्नो छोरा धर्म मल्लको जन्मोत्सवमा चार अंकको रामायण नाटक रचना गरी प्रदर्शन गराएका थिए। धर्ममल्लकै विवाह उत्सवमा मणिक मैथली पण्डितले रचना गरेको भैरवानन्द नाटकको अभिनय गराइएको थियो। प्रो० वेण्डालको भनाइअनुसार जयस्थितिमल्ल इतिहासमा पनि सोखीन थिए। संभवत नेपालको भाषा वंशावली यिनैको पालमा लेखिएको हो।

प्रतापमल्लले आफूलाई कवीन्द्र लेखेर विशेष गौरवान्वित ठानेका छन्। यिनले पन्ध्र भाषामा लेखेको शिलालेख हनुमान ढोका दरबारमा आजसम्म पनि सुरक्षित छ। यिनले धेरै कविताहरू पनि रचेका थिए जसमा शृङ्गार रसका कविता र स्तोत्रहरूपनि प्रसिद्ध छन्।

गीतिदिगम्बर, पाण्डवविजय र भैरवानन्द नाटक यस कालका प्रसिद्ध नाटक हुन्। संगीतसार संग्रह र संगीतचन्द्रको गणना ज्योतिमल्लका प्रसिद्ध रचनाहरू मध्ये गन्न सकिन्छ। अभिलाष संगीत, सर्वस्व भन्ने ग्रन्थ नेवारी भाषामा लेखिएको छ। यही समयमा लेखिएको भयसंग्रह र प्रतिष्ठा तत्वम् वास्तुकला सम्बन्धित ग्रन्थ हुन्। वंशमणिले रचना गरेको चतुरङ्ग तरङ्गिणीमा बुद्धिचाल खेल्ने शास्त्रीय शिक्षा दिइएको छ।

यस कालमा विशिष्ट हिन्दू ग्रन्थहरू कामान्दकीय नीतिशास्त्र, शुक्रनीति र

CC-0. In Public Domain. Digitization by eGangotri

चाणक्यनीतिको पनि अनुवाद भयो। यसै प्रकार रामायण र महाभारत जस्ता ग्रन्थहरूको नेवारी र मैथिली भाषामा अनुवाद गरियो। बौद्ध, शैव र शक्ति तन्त्र ग्रन्थहरूको पनि नेवारी भाषामा अनुवाद गरियो।

यस कालमा राजाहरूले आफ्ना नामका अगाडि जुन उपाधिहरू प्रयोग गर्दथे त्यसबाट उनीहरू विद्याप्रति निकै अभिरुचि राख्दथे भन्ने कुरा प्रष्ट हुन्छ। राजा जितामित्र मल्लले आफूलाई 'विद्या पारङ्गत', जगत प्रकाशमल्लले आफूलाई 'गन्धर्व-विद्यागुरु', पार्थिवेन्द्रमल्लले आफूलाई व्याकरण, पुराण, कला, तन्त्र, संगीत, वेदान्त, काव्य र साहित्यमा समेत पारङ्गत भएका भनी लेखेको पाइन्छ।

लिच्छवी कालमा सर्वसाधारण जनताले पनि संस्कृत भाषा प्रयोग गर्दथे भने मल्लकालमा नेवारी भाषाको पनि प्रचलन भयो। यस्तै गरी त्यतिखेरका पुस्तकहरू-लाई हेर्दा मैथली र बङ्गाली भाषाको पनि प्रचार भएको पाइन्छ।

मल्लकालीन राजाहरूको प्रोत्साहनले नै गर्दा जनताहरूमा तन्त्र विद्याको पनि प्रचार-प्रसार र प्रभाव परेको देखिन्छ। वास्तविकमा भन्ने हो यही तान्त्रिक विद्याकै प्रचारले गर्दा धार्मिक सहिष्णुता रहन गएको थियो। को हिन्दू, को बौद्ध, दुवै थरी तान्त्रिक भए।

यस प्रकार मल्लकालमा शिक्षा, साहित्य र भाषाको विकासलाई हेर्दा निश्चित पनि उन्नत र प्रगतिशील काल थियो भन्न सकिन्छ।

मल्लकाललाई हामी हिन्दू धर्मको पुनरुत्थानको काल मान्न सक्दछौं। राजा जयस्थिति मल्लले अघि शिथिल भइसकेको वर्ण-व्यवस्थालाई पुनः बलियो तुल्याए। यतिखेरको हिन्दूसमाजको आधार लिच्छविकालको झैं वर्ण व्यवस्था नै थियो। यस व्यवस्थाको प्रभाव बौद्ध मार्गीहरूमा पनि पर्दै गएको थियो।

धार्मिक दृष्टिकोणले मल्लकाल एउटा पूर्ण धार्मिक युग थियो। राजाहरू सनातनी हुन्थ्ये। जयस्थिति मल्लले धेरै धार्मिक नियमहरू बनाइदिए। मल्ल कालमा धार्मिक सहिष्णुता निकै राम्रो थियो। मानिसहरू हिन्दूधर्म मान्नेहरू बौद्ध मन्दिरमा गएर बुद्धको दर्शन र पूजा गर्दथे भने बौद्ध मार्गीहरू पशुपतिनाथको मन्दिरमा गएर पूजा-आजा गर्दथे।

बौद्ध धर्ममा पनि हिन्दू धर्मअनुसार जाति-पातिको भावनाको उदय भएको थियो। मल्लकालमा राजा-प्रजाहरू मिली मन्दिरहरू, स्तूपहरूको सँगसँगै निर्माण गर्दथे भने कोटिहोम, लक्षहोम, सुवर्ण तुलादान आदि यज्ञहरू गर्दथे। एकजना विदेशी इतिहासकारले भनेका छन् कि "नेपालमा जति मानिसहरू छन् उति नै मूर्तिहरू छन्। जति मन्दिरहरू छन् त्यति घरहरू छन्।"

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस समयमा इसाई धर्मको पनि प्रकार गर्ने प्रयास पादरीहरूले नगरेका छैनन् । तर त्यसप्रति यहाँका मानिसहरूले उस्तो ध्यानै दिएनन् । फेरि उनीहरूको प्रचार गर्ने प्रयास मल्ल कालको अन्तिमतिर भएकोले हुँदा र त्यसको लगत्तै पृथ्वी नारायण शाहले उपत्यका विजय गरे । उनी अंग्रेजहरूको विरोधी थिए । उनले उपत्यका विजय गर्ना साथ सबै ईसाई धर्मका मानिसहरूलाई यहाँबाट निकाले । यसबाट यहाँ ईसाई धर्मको प्रवेश नै हुन सकेन ।

धार्मिक चाडपर्वको सम्वन्धमा मल्ल कालीन समाजको आफ्नो नै किसिमको परम्परा गरेको कुरा ती चाडपर्वहरूको अनुशीलन अझै पत्ति भएकोबाट गर्न सकिन्छ । त्यतिखेर मनाइने घण्टाकर्ण, गाईजात्रा, दशैं, तिहार आदि चाडपर्वहरूको पनि आफ्नो नै किसिमको महत्व भएको पाइन्छ । जस्तो घण्टाकर्ण चाडपर्वलाई रोग-व्याधि नियन्त्रण गर्ने, गाइजात्रा रोपाइँ सकिएको खुशियाली मनाउने, इन्द्रजात्रा दशैं आगमनको संकेतको रूपमा मनाउने, म्हं पूजा धान काट्ने पूर्व तयारी-को रूपमा शरीरलाई केही नहोस् भनी सुरक्षाको रूपमा पूजा गर्ने, घोड़े-जात्रा वर्ष सकिने खुशियालीमा मनाउने रूपमा मनाइन्छ । यसरी तत्कालीन ती चाडपर्वहरू स्वास्थ्य रक्षा र गृहरक्षाको रूपमा मनाइने परम्परा रहेबाट पनि तिनका सांस्कृतिक महत्व·महत्वपूर्ण रहेको स्वीकार गर्न सकिन्छ ।

यस प्रकार मध्यकालमा शुरू भएका ती धार्मिक चाडपर्वहरू आजसम्म पनि परिमार्जित रूपमा विकसित हुँदै आउनुले ती पुरानो संस्कृतिको पक्षलाई आजको समाजले मान्यता दिएको कुरा प्रष्ट हुन्छ । त्यसैले त्यसको जगेर्ना सांस्कृतिक दृष्टिकोणले अवश्य नै हुने छ भन्ने कुरामा विश्वास गर्नु स्वाभाविकै ठानिन्छ ।

卐

CC-0. In Public Domain. Digitization by eGangotri

२३. नेपाल राष्ट्रको एकिकरण भन्दा पूर्व नेपालको राजनैतिक संक्षिप्त परिचय

गोरखाले एकीकरण गर्नु भन्दा अगाडि 'नेपाल' भन्ने राज्यको अस्तित्व उपत्यकाको संकुचित भौगोलिक सिमाले मात्र ओगटेको थियो। तर आधुनिक 'नेपाल' को अस्तितव भने विभिन्न भागमा बाँडिएका ५४ वटा राज्यहरूमा बाँडिएको थियो। त्यतिखेर उपत्यकामा मात्र ३ वटा राज्यहरू, उपत्यकाको पश्चिमपट्टी गण्डकी नदीसम्म २४ वटा र गण्डकी नदी पारी कर्णाली क्षेत्रमा २२ वटा राज्यहरू थिए। यी सम्पूर्ण राज्यहरू स्वतन्त्र राज्य थिए। यद्यपि यी विभिन्न भागमा विभाजित भए तापनि समय-समयमा वीर प्रतापी राजाहरूले एकीकरण गर्ने प्रयास गरेको उदाहरण पनि पाइन्छ। तर तिनै प्रतापी राजाको मृत्युपछि नै फेरि स्वतन्त्र हुने प्राचीन स्वरूप पृथ्वी नारायण शाहले एकीकरण कार्य सुरुआत गर्न अगाड़िसम्म कायम नै रह्यो।

बाइसे र चौबिसे राज्यमा कुन-कुन प्रदेशहरू पर्दथे भन्ने कुरामा आजसम्म पनि निश्चित हुन सकेको छैन। यद्यपि ती राज्यहरूको तथ्यात्मक इतिहास पत्ता लगाउने आधार Hamilton को 'An Account of the Kingdom of Nepal' भन्ने पुस्तकलाई माने तापनि उनको र Oldfield को भनाइ फरक देखा पर्दछ।

त्यतिखेर उपत्यकाका तीनैवटा राज्यहरूमा मल्ल राजाहरू राज्य गर्दथे। २४ से राज्यहरूमा शक्तिशाली मानिएका राज्यहरूमा पाल्पा, तनहूँ, रिसिङ्ग पयूं आदिमा सेनवंशी राजाहरूले राज्य गर्दथे भने खाँची र भिर्कोटमा 'मेधासी' राजवंशले राज्य गरेको कुरा Hamilton ले वर्णन गरेका छन्। यस्तै गरी गुल्मी, र इस्मामा काला मकवानी वंशले, ढोर, गह्रौं, सतहू, नुवाकोट, कास्की, लमजुङ्ग-मा शाह वंशले राज्य गर्दथे। पर्वत, गलकोट, प्यूठानमा चन्दवंशी राजाहरूले राज्य गर्दथे। २२ से राज्यहरूमा जुम्लामात्र एउटा शक्तिशाली राज्यको रूपमा देखा परेको थियो।

२२ से र २४ से राज्यहरू बाहेक त्यतिखेर काठमाण्डौं उपत्यकाको राज्यक्रम सम्बन्धमा बढी अस्थिरता थियो। जुन कुरालाई तत्कालिन राजनैतिक क्रियाकलापले नै बढी प्रष्ट गर्दछ। यक्षमल्लको जीवनकालमा नै वा मृत्युपछि विभाजित

CC-0. In Public Domain. Digitization by eGangotri

भएको राज्य पृथ्वी नारायण शाहले एकीकरण नगरेसम्म त्यही विभाजित रूपमा नै रहिरह्यो। उपत्यकाका तीन राज्यहरूको स्थिति निम्न प्रकारले वर्णन गर्न सकिन्छ :—

१. उपत्यकाको राज्यहरूमध्ये भक्तपुर एक हो। यसको अन्तिम राजा रणजित मल्ल थिए। यिनको पालासम्ममा भक्तपुरको राजनैतिक अवस्था डाँवाडोल भइसकेको थियो। रणजित मल्लले पनि त्यो स्थिति सपार्न सकेनन्। उनी कुशल शासक हुनुको साटो कुशल व्यापारी थिए। यस प्रकार शासन गर्ने व्यक्ति नै एक व्यापारीको रूपमा देखा पर्दा देशको स्थिति झन् वढी विग्रनु स्वाभाविकै हो। यिनले तत्कालीन राजनीति वुझ्न असमर्थ भएका थिए। यदि वुझेका भए नुवाकोट माथि नरभूपाल शाहले हमला गरेको देख्दा-देख्दै उनैका छोरा पृथ्वी नारायण शाहलाई दरवारमा ल्याएर राख्दैनथे। यिनको पारिवारिक अवस्था पनि ठिक थिएन। यिनको एक मात्र विवाहित पत्निका छोरा वीरनरसिंह मल्लको मृत्यु भए पछि यिनका अरू मठ्याहा छोराहरूले राजगद्दीका लागि झगड़ा उठाउन थाले। यसले गर्दा पनि भक्तपुरको अवस्था विग्रँदै गएको थियो।

फेरि पाटन र काठमाण्डौंसंग पनि यसको राम्रो सम्वन्ध थिएन। काठमाण्डौं अरू राज्यहरू भन्दा वलियो राज्य थियो। त्यसैले भक्तपुरका राजा रणजित मल्लले गोरखाका राजासंग सम्वन्ध जोडे। यसैको परिणामस्वरूप गोरखाका राजकुमार पृथ्वी नारायण शाह भक्तपुर आई २–३ वर्षसम्म वसे। यो समयले उनलाई उपत्यकाको राजनैतिक अवस्था वुझ्ने राम्रो मौका प्रदान गऱ्यो। यस प्रकार भक्तपुरले काठमाण्डौको डरले गर्दा गोरखासँग गरेको सम्झौताले उपत्यकाको राजनैतिक अवस्थालाई झन् गम्भीर वनायो। यो नै भक्तपुरका राजा रणजित मल्लको अवुझता थियो।

२. ललितपुरको राजनैतिक अवस्था भक्तपुरको भन्दा पनि वढ़ी नाजुक थियो। राजा योगनरेन्द्र मल्लको मृत्युपछि ललितपुरको शासनको अभिभारा 'प्रधानकाजी' हरूमा गयो। यिनीहरू नै ललितपुरको राजनीतिमा प्रमुख भए। उनीहरू आफूलाई मन परेको मानिसलाई राजा वनाउँदथे। यिनीहरू 'घालासे काजी' को नामबाट प्रख्यात थिए। यिनीहरूको संख्या ६ थियो। यिनीहरूले नै गर्दा ललितपुरमा स्थिर सरकारको स्थापना हुन सकेन। उनीहरूको व्यक्तिगत इच्छामा राजा वनाइन्थ्यो। जव मन पर्दैनथ्यो त कि धपाइ पठाउँदथे, कि हत्या गरिन्थ्ये। जस्तो यिनीहरूले ललितपुरका राजा विश्व जितलाई मारिदिए। त्यस्तै गरी उनीहरूले नै राजा वनाएका काठमाण्डौका राजा जयप्रकाश मल्लका भाई राज्य प्रकाश मल्लको आँखा फुटाइदिए। यिनीहरूले भक्तपुरका राजा रणजित मल्ललाई ल्याएर

CC-0. In Public Domain. Digitization by eGangotri

ललितपुरको राजा बनाए। केही समयपछि उनलाई शंखमूलबाट धपाई पठाए र काठमाण्डौका राजा जयप्रकाश मल्ललाई त्याई राजा बनाए। उनलाई पनि टेकुदोभानबाट धपाइपठाए। यिनीहरूले गोरखाका राजा पृथ्वी नारायण शाहलाई पनि गद्दीमा बसिदिन अनुरोध गरे। तर दूरदर्शी पृथ्वी नारायण शाह आफै न-आई आफ्ना भाइ दलमर्दन शाहलाई पठाए। यी सब स्थितिले गर्दा ललितपुरको राजनैतिक स्थिति नाजुक अवस्थामा थियो भन्ने कुरा प्रष्ट हुन्छ।

यस्तो अवस्थामा काठमाण्डौका राजा जयप्रकाश मल्ल आफूलाई गरेको व्यवहार र भाइको आँखा फुटाईदिएकोमा ललितपुरसँग बदला लिने समय कुर्दै थिए। यस प्रकार उपत्यकाको दुई शहरको बिच बढ्दै गएको तनावले गर्दा पृथ्वी नारायण शाहलाई उपत्यकाको राजनैतिक अवस्थाले समर्थन गरेको कुरा प्रष्ट छ। यसमा पनि युद्ध भन्दा पहिले नै ललितपुरको राज्यको अभिभारा गोरखाको शाह वंशलाई सुम्पिएकोले गर्दा त अरू नराम्रो स्थितिको सिर्जना गरेको थियो।

३. गोरखालीहरूको विजय भन्दा अगाड़िको काठमाण्डौको इतिहास अध्ययन गर्दा प्रतापमल्ल जस्ता सफल राजनीतिज्ञ राजा अरू देखा परेनन्। अरू राजाहरू सबै खाली राजाको रूपमा मात्र रहे। जनताप्रति आफूले गर्नु पर्ने कर्तव्य भने पुरा गरेनन्। यहाँका अन्तिम राजा जय प्रकाशमल्ल वीर भईकन पनि राजनीतिमा सफल थिएनन्। उनी राजा हुँदाको परिस्थिति यस्तो नाजुक भइसकेको थियो कि त्यसलाई सँभाल्न जयप्रकाश जस्तो राजा नभई पूर्ण राजामा हुनुपर्ने व्यक्तित्व र गुण भएको राजाको आवश्यकता थियो। जयप्रकाश मल्लमा शासकमा हुनुपर्ने गुण थिएन। यिनी ज्यादै शंकालु थिए। यही कारणले गर्दा पनि उनको जिन्दगी राम्रोसँग बित्न सकेन। यिनको त्यही अवगुणले गर्दा नै यिनी राजा हुनु भन्दा अगाड़ि जगज्जय मल्लको पालामा नै यिनको भाइ राज्य प्रकाशलाई राजा बनाउने षडयन्त्र दरबारका भारदारहरूले गर्न थालेका थिए। तर पछि जयप्रकाश मल्लले राज्य प्रकाशलाई कान्तिपुरबाट निकालिदिए। यिनको आफ्नै रानी 'दयावती' पनि यिनको पक्षमा थिइनन्। यिनले जय प्रकाश मल्ललाई राज्यबाट हटाउन धेरै षड्यन्त्रहरू गर्न थालिन्। यहाँसम्म कि यिनले गोरखाको राजा पृथ्वी नारायण शाहलाई कान्तिपुर माथि हमला गर्न अनुरोध पनि गरेकी थिइन्। फेरि यति नै बेला केही भारदारहरूले यिनको अर्का भाइ नरेन्द्र प्रकाश मल्ललाई साँखु, देवपाटन, चाँगु, नन्दिग्राम आदि ठाउँहरूको स्वाधीन शासक घोषित गरे। तर जयप्रकाशले ती ठाउँहरू फिर्ता लिए र नरेन्द्र प्रकाश भागी भक्तपुरमा शरण लिए र आखिर उनको मृत्यु त्यहीं नै भयो। यति हुँदा पनि यिनकी रानीले उनलाई दुःख दिन छाड़िनन्। जसले गर्दा जयप्रकाश मल्लले २½ वर्षसम्म लुकी-लुकी

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो जीवन बिताउनु पऱ्यो। तर अन्तिममा यिनको साहस र बिरोक्तीले आफ्नो राज्य फिर्ता लिए तापनि त्यो अन्तिम समय भइसकेको थियो। किनभने त्यति बेला पृथ्वी नारायण शाहले नुवाकोटमाथि हमलागरी जितिसकेका थिए र उपत्यकालाई नाकाबन्दी गरिरहेका थिए।

फेरि जय प्रकाश मल्ल सैनिकहरूमा पनि अप्रिय थिए। यसको कारण उनले मदिसेहरूलाई आफ्नो फौजमा भर्ना गर्नु र काजी भीम खाल र काशिराम थापाको हत्या गर्नु नै थियो। यी सम्पूर्ण स्थितिहरू र घटनाहरूले गर्दा काठमाण्डौको राजनैतिक अवस्था झन् डाँवाडोल भयो। जुन स्थितिलाई सुधार्ने स्थिति जय प्रकाश मल्लमा थिएन। यसले गर्दा नै पृथ्वी नारायण शाह उपत्यका जित्न सफल भएका हुन्।

फेरि अंग्रेजहरूको उपत्यकामा परेको कुदृष्टिले पनि यहाँको राजनैतिक स्थितिमा असर परिरहेको थियो। यहाँ हिन्दुत्वको रक्षा गर्ने व्यक्तिको आवश्यकता भइसकेको थियो। यस्तो स्थितिमा यी समस्याहरू समाधान गर्ने शक्ति र गुण समयको साथसाथै विरोक्ती र साहसको कारणले गर्दा पृथ्वी नारायण शाह देखा परे।

यसरी पृथ्वी नारायण शाहले एकीकरण सञ्चालन गरे तापनि पहिलो चरणमा उपत्यका लगायत पूर्वका भूभागहरूलाई समेट्न सफल भए तापनि पश्चिमका २४ से र २२ से राज्यहरू माथि अधिकार कायम गर्न त्यतिखेर असफल नै भए। किनभने पाल्पा, तनहुँ, लमजुङ्ग आदिका राजाहरूले पृथ्वी नारायणका कार्यबाट सतर्क भइसकेका थिए। तर समय अनुरूप उनीहरूपनि आफ्नो स्थितिमा दिगो रहन सकेनन् र अन्तमा प्रताप सिंह शाह, राजेन्द्र लक्ष्मी, बहादुर शाह, र रण बहादुर शाहले ती ठाउँहरू विजय गरी आजको नेपालको निर्माण गरे।

यसरी आजको नेपाल थुप्रै विभाजित राज्यहरूमा विभाजित भएको, दरबारी षड्यन्त्र, आपसी गृहकलह, क्षणिक स्वार्थपूर्तिको लागि गरिने सम्झौता र कूटनीतिले व्याप्त भएको देखिन्छ। राजा र जनतामा राष्ट्रियताको भावना थिएन। भएको राष्ट्रियता पनि माथिका कारणहरूले गर्दा नष्ट भइसकेको थियो। शासकले नै राष्ट्र र जनताको ख्याल नगर्दा त्यहाँ जनतामा राष्ट्रियताको भावनाले हैन, नैराश्यताको भावनाले जग बसाल्यो, जुन शासकको लागि खतरा साबित हुन पुग्यो। त्यही स्थिति नै मल्लकालीन नेपालको थियो। यिनै कारणहरूले नै गर्दा पृथ्वी नारायण शाहले आफ्नो एकीकरणको उद्देश्यलाई अगाड़ि बढाई आधुनिक नेपालको जग निर्माण गर्न सफलता प्राप्त गर्न सफल भए।

——

CC-0. In Public Domain. Digitization by eGangotri

२४. नेपाल राज्यको एकिकरणको ऐतिहासिक मूल्यांकन र श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहको भूमिका

नेपालको इतिहासलाई हेर्ने हो भने एकीकरण गर्ने प्रयास सर्वप्रथम यक्षमल्लले गरेको देखिन्छ। तर राष्ट्रियताको भावनालाई प्रचार-प्रसार गरी त्यसको जगेर्ना गर्न नसक्नुले गर्दा पुनः ती एकीकरण भएका भूभागहरू टुक्रिएर स्वतन्त्र भएका थिए।

गोरखा राज्यका संस्थापक द्रव्यशाहको शासनकालदेखि नै राष्ट्रियताको जगेर्ना गर्ने र एउटै विशाल राज्य निर्माण गर्ने परिकलपना गर्न थालेको पाइन्छ। राजा रामशाहले गरेको विभिन्न सुधारहरूको पछाड़ि यही राष्ट्रियताको जगेर्ना गर्ने नीति प्रतिविम्वित हुन्छ भने उनले पाटनका राजा सिद्धिनरसिंह मल्ल र दिल्लीका मुसलमान शासक जहांगीर समक्ष उपहारहरू पठाई फूटनैतिक सम्वन्ध स्थापना गर्नुको पछाड़ि एउटा विशाल साम्राज्य खड़ा गर्न उद्देश्य रहेको प्रतिविम्वित हुन्छ। राजा नर भूपाल शाहले नुवाकोटमाथि आक्रमण नै गरी एकीकरण कार्य-को सुरुआत गर्ने कार्य गरे तापनि समयले उनीहरूको साथ भने दिएन। तर समय र परिस्थितिले गर्दा यो कार्य श्री ५ पृथ्वीनारायण शाहवाट सम्भव हुन गयो।

पृथ्वी नारायण शाह अतिशय महत्वाकांक्षी थिए। उनको जीवनको प्रत्येक घटनाको कड़ी उनको चरित्रको यसै प्रधान विशेषतासित जोर्न सकिन्छ। उनको नुवाकोटमाथिको पहिलो आक्रमण गर्ने हतार, उनको काशी यात्रा, तनहुँसितको छल, कीर्तिपुरेहरूको अपमान आदि प्रत्येक कुरामा उनको महत्वाकांक्षा नै देखिन्छ। आफ्नो महत्वाकांक्षाको अगाड़ि कर्तव्याकर्तव्य र नैतिकताको उनको सम्मुख कुनै मूल्य नै थिएन। यदि यी सम्पूर्ण कुराहरूलाई कर्तव्याकर्तव्य र नैतिकताको आधारमा छोडिदिएको भए उनको हातवाट एकीकरण हुन सम्भव पनि थिएन।

किनभने त्यतिखेर उत्तरतर्फ शक्तिशाली भोटे र चिनीयाँ राजाहरू थिए भने दक्षिणतर्फ आधुनिक हात-हतियारले लैस भएका अंग्रेजहरू अगाड़ि वढ़िरहेका थिए। अंग्रेजहरू, जसले भारतका टुक्रे-टुक्रे राज्यहरूलाई आफ्नो अधिकारभित्र

CC-0. In Public Domain. Digitization by eGangotri

राज्ले क्रममा ठूल-ठूला युद्धहरू जिती आफ्नो खुट्टा मजबुत बनाइसकेका थिए, उनीहरूको दृष्टि नेपालका भूभागहरूमाथि पनि थियो। यस परिस्थितीमा हिमाल-मुनीको विशाल भूभाग जुन विभिन्न राज्यहरूमा विभाजित भए तापनि। धर्म र संस्कृतिले एउटै राज्यको रूपमा रहेको थियो, त्यसलाई बचाउनु आवश्यक भैरहेको थियो भने 'हिन्दुत्व' को रक्षा गर्नु पनि अत्यावश्यक भएको थियो। यस्तो परि-स्थिति यद्यपि गोरखा जस्तो सानो राज्यबाट सुरक्षित हुन र समाधान हुन सम्भव नमानिए तापनि समयले गर्दा र श्री ५ पृथ्वी नारायण शाहको धैर्यता, वीरता र महत्वाकांक्षाले गर्दा सम्भव हुन सक्यो।

उनले सर्वप्रथम त्यही भूभागमा हमला गरे जुन भूभागमा हमला गर्दा असफल भई उनका पिता मानसिक रोगले पीड़ित भएका थिए। फेरि उक्त ठाउँ उपत्यका-को नजिक हुनुको साथसाथै व्यापारिक दृष्टिकोणले पनि महत्वपूर्ण थियो भने एकीकरण गर्ने कार्यलाई सफलता दिलाउन पनि त्यो ठाउँ जित्नु अति आवश्यक थियो। तर पहिलो पल्ट उनी पनि असफल भए। तर पछि पुनः कालु पाँडेको सहयोगमा एउटा विस्तृत योजना बनाई पूर्ण तयारीका साथ उक्त ठाउँमा (नुवाकोटमा) आक्रमण गरियो। यसरी अगाड़ि बढ़ेको एकीकरण कार्यले पृथ्वी नारायण शाह देखि उनैका नाति रणबहादुर शाहको समयसम्ममा एउटा विस्तृत भूभागलाई समेट्न सफल भयो। अतः पृथ्वी नारायण शाहले सञ्चालन गरेको एकीकरण कार्य उनैका वीर, राजकाजमा निपुण काजी [illegible]हरूको सहयोग र पृथ्वी नारायण शाहको महत्वाकांक्षाले गर्दा सफल भएको हो भन्ने कुरामा शंका गर्न सकिदैन।

समयको उचित सदुपयोग गर्न जान्ने पृथ्वी नारायण शाहले सिमा र विस्तार-को क्रममा मल्ल शासकहरूद्वारा व्यापारको विषयलाई लिई मुस्लीम व्यापारी-हरूलाई स्वागत गरिएकोमा रिसाइराखेका उपत्यकाका व्यापारी वर्गको समर्थन प्राप्त गरेका थिए। उनले उपत्यकाका मल्ल शासकहरूबीच एक-अर्का शासकलाई पतन गराउने क्रममा उपत्यकाको विजयअघि तीनै मल्ल राज्यका शासक वर्गबाट समय-समयमा विभिन्न उद्देश्य पूर्तिको लागि आमन्त्रित भएका थिए। तर धैर्यशील कार्य क्षमताको प्रतीक पृथ्वी नारायण शाह फैले पनि अर्काको भरमा परेनन्। धनी भन्दा वीर बन्न चाहने पृथ्वी नारायण शाह आफ्नो सैनिक शक्तिको भरमा नै नेपालको स्वतन्त्रताको रक्षा गर्न चाहन्थे। यसरी आफ्नो सीमित सैनिकको भरमा नै एकीकरण कार्य सञ्चालन गरी सफल पार्नु उनको अर्को ऐतिहासिक उपलब्धि मान्न सकिन्छ।

उनी जनतालाई गरीब र भारदारलाई धनी बनाउन चाहँदैनथे। उनको

CC-0. In Public Domain. Digitization by eGangotri

विचारमा धनले राजभक्ति र देशभक्ति घट्छ भन्ने थियो। भारदारहरूलाई देश-भक्त र राजभक्त बनाउन चाहने पृथ्वी नारायण शाहले आफ्नो जीवनकाल भरी आफ्नो भारदार र उनको परिवारको संरक्षण गरी नै रहे। उनको यस प्रकारको नीतिले गर्दा नै उनले आफ्नो जीवनकाल भरी भारदारहरूवाट राज-भक्ति र देशभक्ति पाइ नै रहे। र यसैले गर्दा पनि उनको एकीकरण कार्य सफल भएको हो। किनभने यसले राष्ट्रियताले ओतप्रोत भएको भावना र सार्वभौम सत्ताको सुरक्षणमा दिलो ज्यान दिने भारदारहरू हुनु नै उनको सफलताको अर्को कड़ी मान्न सकिन्छ।

विजित प्रदेशलाई जबरजस्ती आफ्नो राज्यमा मिलाउनु भन्दा पनि स्थानीय संस्कृतिलाई नै बढी संरक्षण गरी आफ्नो प्रभावमा पार्ने चातुर्यता उनमा भएकोले गर्दा पनि उनको उक्त कार्यले सफलता प्राप्त गरेको थियो। अतः पृथ्वी नारायण शाहको उक्त नीतिले गर्दा उनीद्वारा विजित प्रदेशमा पुनः विद्रोह भएको देखा पर्दैन। यो उनको राजनीतिको महत्वपूर्ण उपलब्धि मान्न सकिन्छ।

आफ्नो उद्देश्य प्राप्तिको लागि कूटनीतिको सहायता लिने पृथ्वी नारायण शाहले त्रि-विक्रमसेनलाई दुई देश विच मित्रता कायम गर्न भनी डाकी आफ्नो गोरखाली सैनिकको सहायताद्वारा वन्दी बनाई तनहुँमा क्षणिक नियन्त्रण कायम गर्न सफल भएका थिए। आफ्नो योजनालाई सफल बनाउन चाहने पृथ्वी नारायण शाहले आर्थिक नाकाबन्दीको समयमा नून कपास छिराउने र नाकाबन्दी नियमको उलङ्घन गर्नेलाई ज्यान सजाय दिने नियम बनाई नियमको पालन गरेका थिए। उपत्यकामाथिको विजयपछि नेपाललाई सङ्गठित राज्यको रूपमा देख्न नचाहने अंग्रेजका समर्थक केपुचिन पादरीहरूलाई नेपालवाट निकालेका थिए। यस प्रकार नेपाललाई एउटा सुसङ्गठित राज्य बनाउने हिसाबले सञ्चालन गरेको उक्त एकीकरण कार्यको पछाड़िने जस्ता नीति अपनाए तापनि त्यसलाई पृथ्वी नारायण-को राजनीतिको अर्को महत्वपूर्ण विशेषता मान्नु पर्दछ भने तिनको उपलब्धि आजको 'नेपाल' मान्नु पर्दछ। तर यदि गोरखा राज्यमा नै सीमित रहेको भए आज यो भूभाग 'नेपाल' राष्ट्रको रूपमा हुने थिएन न पृथ्वी नारायण शाहलाई नेपालीले चिन्दथे नै।

त्यसैले पृथ्वी नारायण शाहलाई १८औं शताब्दीको नेपालको निमित्त एक ऐतिहासिक आवश्यकता थिए। बाग्मती क्षेत्रका तीन राज्य लगायत पूर्व र पश्चिम क्षेत्रका राज्य, राजनीति र नागरिकको स्थिति राम्रो थिएन। दक्षिणतिरबाट बढ्दै आएको अंग्रेजसँग लड्न सक्ने स्थिति पनि तिनीहरूको थिएन। यस

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थामा जुन प्रकारले उनले एकीकरण कार्यको शुभारम्भ गरेर नेपाल राष्ट्र र राष्ट्रियताको जग बसाले त्यो उनको महत्वपूर्ण योगदान थियो।

वि० सं० १७९९ मा शुरु गरेको एकीकरण कार्य अनुरूप १८०१ मा नुवाकोट विजय हुन गयो। र अन्तमा १८२६ मा नेपाल उपत्यकाको तीनै राज्यमाथि विजय गरी आफ्नो अवस्थासम्ममा (१८३१) पूर्वमा दार्जिलिङ्ग, पश्चिममा मर्स्याङदी र चेपे नदी, दक्षिणमा मोरङ्ग, हनुमाननगर, र उत्तरमा रसुवागढ़ीसम्मको भूभागलाई एकीकरण गर्न समर्थ भएका थिए।

पृथ्वी नारायण शाहको सम्पूर्ण जीवन युद्ध र विजयको बीच नै बित्यो। यस कारण उनले व्यवस्था र शासन-व्यवस्थाको प्रष्ट स्वरूप देखाउने मौका पाएनन्। तर पनि उनको राजनीति र आर्थिक नीतिको उद्देश्य राष्ट्रियता र सार्वभौम सत्ताको सुरक्षा गर्नु नै थियो। त्यसैले विदेशमा तयार भएका मालहरूको खपतलाई आफ्नो देशमा कहिले प्रोत्साहन दिएनन्। उनी स्वदेशमै कला-कौशल र उद्योग-घन्दाको विकास गरी भोटलाई वाणिज्य क्षेत्रमा ल्याउन चाहन्थ्ये। यसमा पनि अझ केही समय जीवित रहेका भए जीवनको प्रत्येक कठोर परिस्थितिदेखि परिचित भएका पृथ्वी नारायण स्वयंले कुनै खँदिलो र व्यवस्थित प्रबन्ध गर्न समर्थ हुने थिए भन्ने कुरामा शंका गर्न सकिदैन।

नेपाल राज्यलाई चार वर्ण छत्तीस जातको साझा फूलवारीको संज्ञा दिंदै यसको रक्षा सबैले मिलिजुली साझा भावनाले गर्नु सबै नेपालीको कर्तव्य हो भनी सबै नेपालीमा राष्ट्रीयताको चेतना ल्याए। जसको परिणामस्वरूप आज विश्वको सामु नेपाल एक स्वतन्त्र सबल राष्ट्रको रूपमा रहन सकेको छ।

———

CC-0. In Public Domain. Digitization by eGangotri

१५. नेपाल-अंग्रेज युद्धका कारणहरू र सुगौली सन्धिका राजनैतिक परिणामहरू

श्री ५ पृथ्वी नारायण शाहले नेपालको एकीकरण गर्ने काम शुरू गर्दादेखि नै अंग्रेजहरूले नेपालमा आँखा गाड़िरहेका थिए। उनीहरू रातदिन पृथ्वी नारायणको नेपाल उपत्यकामा विजय नहोस् भनी कामना गरिरहेका थिए। तर उनीहरूको केही सिप लागेन। इस्ट इण्डिया कम्पनीले जयप्रकाश मल्ललाई मद्दत दिन पठाएको फौजलाई पनि पृथ्वी नारायण शाहले काठमाण्डौ भित्र पस्नै दिएनन्। उता सिन्धुलीगढीमा गोरखाली फौजसित लड़न आएका किनलकका फौजहरू पनि भागाभाग भयो। तर अंग्रेजहरूले कसरी नेपाल खाने हो भनी विचार गर्न थाले। श्री ५ पृथ्वी नारायण शाहलाई नै व्यापार सन्धि गर्न कलकत्तामा अंग्रेजहरूले बोलाएका थिए। तर उनी आफैं नगै अरूलाई नै पठाए। व्यापार सन्धि भयो। तर त्यसको कुनै नतिजा निस्केन।

पछि रणबहादुर शाहको पालामा नेपाल र अंग्रेजको बीचमा व्यापार सन्धि भयो। नेपाल र भारतको व्यापार मिलाउन भनी कर्कप्याट्रिक नेपाल आए। उनको दाउ व्यापार-सन्धि मिलाउने भन्ने बाहिरबाट देखिए तापनि भित्रबाट नेपालका भारदारहरूमा फूट पारी आफ्नो पक्षमा मिलाई नेपाल खानेपट्टि थियो। प्रधानमन्त्री दामोदर पाण्डेले यो चाल पाई कर्कण्याट्रिकलाई देशबाट निकाला गरे। भारदारहरू पूरा राजभक्त र देशभक्त थिए। अंग्रेजको कुरामा कहिल्यै बहकिएनन्। यस पटकको व्यापार सन्धि पनि बिग्रेपछि फेरि रणबहादुर शाहकै पालामा दोस्रो पटक व्यापार सन्धि भयो। उक्त सन्धि बमोजिम कप्तान नक्स नेपाल आए। उनी नेपाल र भोटको दोसाँधमा बसी व्यापार मिलाउँछु भनी दुनियाँ र भाइ-भारदारहरू भाँड्ने कामतिर लागे। अतः उनी पनि सफल हुन सकेनन्। नेपाली भारदार र दुनियाँहरू आफू-आफूमा नमिले तापनि अंग्रेजको विरुद्धमा सब एक हुन्थ्ये। राजा र देशको लागि सधैं प्राण दिन तयार थिए। त्यस्तो राजभक्तिको बाढ़ी आएको समयमा अंग्रेजको के लाग्दथ्यो। अंग्रेजहरू निराश भएर कसरी नेपाललाई आफ्नो अधिकार भित्र पार्ने हो, गहिरो विचार गर्न थाले।

भीमसेन थापाको समयमा अंग्रेजले नेपाल राज्य खाने निश्चय गऱ्यो। भारतका साना-साना राज्यहरू पनि सब अंग्रेजी राज्यमा मिलिसकेका थिए। नेपाल

CC-0. In Public Domain. Digitization by eGangotri

जिती हिन्दुस्तानमा मिलाउनुपर्छ भनी अंग्रेजहरूले भारतीय संसदमा कागज पास गराइसकेका थिए। अब बुटौल तर्फबाट गड़बड़ी मचाउन थाले। उनीहरू भन्थे कि बुटौल पहिले अवध सरकारको प्रान्त थियो, जो नेपाल सरकारले जबर्जस्ती खायो। त्यसलाई नेपालले फर्काओस् भन्ने उनीहरूको दावी थियो। नेपाल सरकारले यो कुरा बिलकुल होइन भनी आफ्नो हकको प्रमाण देखाई प्रतिनिधि मण्डल कलकत्तामा गभर्नर जनरलसँग भेट गर्न पठायो। तर गभर्नर जनरल लर्ड हेस्टीङ्गले नेपालीको कुरा सुन्दै नसुनी एकोहोरो जिद्दी गर्न थाले। आखिर प्रतिनिधि मण्डल निराश भई काठमाण्डौ फर्क्यो। त्यसपछि भारत सरकारले नेपाल सरकारलाई पच्चिस दिनभित्र बुटौल छोड़न भनी म्याद निकाल्यो। भीमसेन थापाले अब के गर्ने हो भनी सल्लाह गर्न काठमाण्डौमा भारदारी गरे। भारदारीले बुटौल छोडेर पनि अंग्रेजसित मेल गर्नै पर्छ, लड्न हुँदैन भन्ने निश्चय गऱ्यो। अब भीमसेन थापा बुटौल छोड्ने तयारी गर्दै थिए सो कुरा थाहा पाई अंग्रेजले रौतहट, सर्लाही, महोत्तरी, र सप्तरीमा पनि आफ्नो हकको दावी गर्न थाल्यो। रौतहटमा त हिन्दुस्तानी जमिनदारहरू पनि यो जग्गा हाम्रो हो भनी नेपालीहरूलाई कुटपिट गरी जबर्जस्ती गर्न थाले। अंग्रेजले जताततै यस्तै नराम्रो परिस्थिति खड़ा गराउला भन्ने डर भयो। तराई छोड़ने हो भने नेपाल बुच्चो हुने भयो। पहाड़ र उपत्यकाबाट नेपाललाई के आमदानी हुन्थ्यो। तसर्थ अंग्रेजको नेपाललाई आफ्नो अधिकारभित्र राख्ने प्रयास गर्न खोजेको प्रष्ट नीतिलाई देखेर भीमसेन थापाले बुटौल पनि नछोड़ने निश्चय गरे। गभर्नर जनरल लर्ड हेस्टीङ्गले लड़ाई तयार गरी आफैं युद्ध सञ्चालक भई कलकत्ता छोड़ी लखनौमा आई बसे। जब नेपाली सरकारले अंग्रेजको म्याद स्वीकार गरेन, अंग्रेज-नेपाल युद्ध शुरु भयो।

अंग्रेजले नेपाल माथि आक्रमण गर्नुको मुख्य कारणहरू यिनै हुन्—

नेपाल ठण्डी भूमि हो। नेपाललाई उनीहरू दोस्रो बेलायत बनाउन चाहन्थ्ये। त्यसकारण उनीहरू यो देश जित्न चाहन्थ्ये।

अंग्रेजहरू नेपाललाई एक ठूलो सैनिक गढ बनाउन चाहन्थ्ये र कदाचित हिन्दुस्तानमा विद्रोह भयो भने र आफूलाई भारतीयहरूले धपाउन खोजे भने नेपालमा रहेको सैनिक गढको फौजले विद्रोहीलाई दबाई भारतमा आफ्नो राज्य कायम गर्न खोज्थे।

यदि नेपाललाई भारतका अंग्रेजका विद्रोहीसित मिलेर अंग्रेजलाई धपाउने काम गरे भने आफूलाई खतरा आउने हुनाले पनि अंग्रेजले नेपाल नजीती नहुने ठानेका थिए।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाल पहाड़ी प्रदेश हो । जति असल-असल धातुमा खानी हुन्छन्, ती सबै पहाड़मा हुने हुनाले पनि अंग्रेजहरूले धनी हुनाका लागि पनि पनि नेपाल नजिती नहुने ठानेका थिए ।

यी विभिन्न कारणहरूले गर्दा अंग्रेजहरूले नेपालसँग युद्ध गरे । यो युद्ध २ वर्षसम्म चल्यो । अन्तमा नेपालको हार भयो र सुगौली सन्धिले यो युद्ध खतम भयो ।

नेपालको इतिहासमा यति ठूलो पराजय कुनै पनि समयमा पनि नेपालले भोग्नु परेको थिएन । जुन हारले नेपालको विस्तृत भूभाग खुम्चिन पुग्यो । युद्धमा नेपाली वीरहरूले जुन वीरता देखाए तापनि युद्धले उनीहरूको नै पक्ष लियो । नेपालले कयौं समय लगाएर सृजना गरेको भूभागलाई जोगाउन बलभद्र कुँवर, अमरसिंह थापा, भक्ति थापा र अरू वीरहरूले जुन साहस र वीरता देखाए त्यसले नै नेपाल संसारमा प्रसिद्ध हुन पुग्यो । यसरी अन्तमा 3 March 1816 मा जुन सुगौली सन्धि भयो जसवाट निम्न शर्तहरू नेपाल र नेपालीले स्वीकार गर्नु पर्‍यो :—

१. नेपालका राजा र इष्ट इण्डिया कम्पनी बीच सदाकाल मैत्री र शान्ति सम्बन्ध हुने भयो ।

२. युद्ध भन्दा पूर्वका विवादास्पद स्थानहरूमा नेपालले दावा छोड्नु पर्ने र ती भाग इष्ट इण्डिया कम्पनीले आफ्नो अधिकारमा राख्ने भयो ।

३. इष्ट इण्डिया कम्पनीले काली र राप्ती बीचको तराई, खास बुटौललाई छोड़ी राप्ती र गण्डकी बीचको सम्पूर्ण तराई, ब्रिटिश सरकारद्वारा अधिकृत गण्डक र कोशी बीचको तराई र मेची पारिका सम्पूर्ण पहाड़ी भागहरूलाई आफ्नो अधिकार क्षेत्रभित्र राख्न पाउने भए ।

४. उपरोक्त प्रदेशहरूको क्षतिपूर्ति स्वरूप वार्षिक दुई लाख ब्रिटिश सरकारलाई दिनुपर्ने भयो ।

५. नेपालका राजाले कालीदेखि पश्चिमका प्रदेशहरू र त्यहाँका निवासीहरू संग पनि भविष्यमा कुनै सरोकार राख्न नपाउने ।

६. सीमासम्बन्धी विषयलाई लिएर नेपाल-सिक्किम बीच विवाद उठेमा ब्रिटिश सरकारको मध्यस्थतामा उक्त झगड़ा मिलाउने ।

७. ब्रिटिश सरकारको अनुमति विना नेपालका राजाले कुनै ब्रिटिश, यूरोपियन वा अमेरीकनलाई आफ्नो नोकरीमा राख्न नपाउने ।

८. शान्ति सुरक्षाको लागि राजदूत राख्ने । र

९. बीस दिनभित्र नै दुवै सरकारवाट सन्धिमा हस्ताक्षर गरी लागु गर्ने ।

CC-0. In Public Domain. Digitization by eGangotri

तर अंग्रेजहरूले तराई भूभाग लिई नेपाललाई वार्षिक २ लाख दिई बढ़ी फाइदा प्राप्त हुने आशा गरेका थिए तर त्यो अंग्रेजहरूले प्राप्त गर्न सकेनन्। यसमा नेपाल सरकारले चलाखीपूर्ण नीति अपनाएको थियो। अतः अंग्रेजले १ वर्ष पछि नै वार्षिक २ लाख नदिएर पश्चिम तराईका केही भाग लिई सम्पूर्ण तराई नेपाललाई नै फिर्ता दियो। त्यो बाँकी भाग पनि १८५७ मा सिपाही विद्रोहमा सहायता गरे वापत अंग्रेजले फिर्ता दियो। यसरी आजको नेपालको सिमाना निश्चित भयो।

यस युद्धले नेपालभित्र ल्याएको परिणाममा नेपालको एकीकरण गर्ने कार्य रोकिन गयो। किनभने नेपाल दक्षिण, पूर्व र पश्चिम तीन तिरबाट अंग्रेजद्वारा घेरिएको थियो। उत्तरमा चीन र तिब्बत। अतः एकीकरण कार्य उत्तरतिर बढन सम्भव थिएन। अरुतिर बढन पुनः अंग्रेजसित नै युद्ध गर्नु पर्ने थियो, त्यो पनि सम्भव थिएन।

युद्धको परिणामस्वरूप नेपाल दरबारमा शक्तिको लागि होड़बाजी र षड्यन्त्र हुन थाल्यो। जुन तरवार लिएर नेपाली भाइ-भारदारहरूले नेपाल एकीकरण गरी देशको राष्ट्रियता र सार्वभौमसत्ताको सुरक्षा गरेका थिए, अब त्यही तरवार आफ्नो शक्ति बढाउन प्रयोग गर्न थाले।

नेपाली भाइ-भारदारहरूले युद्धको मैदानबाट फूर्सद पाए। अब उनीहरूको कार्य षड्यन्त्र गर्नु, पोल लगाउनु, आफ्नो उदय गराउने भूमिका तयार गर्नु हुन थाल्यो।

यही युद्धको नै परिणामस्वरूप भाइ-भारदारहरू बीच चलेको षड्यन्त्र र हत्याको आड़मा कोत पर्वको सृजना भयो र १०४ वर्षसम्म नेपालमा राणा शासन स्थापना हुनु पनि यसैको परिणाम हो भन्नु गलत हुने छैन।

———

CC-0. In Public Domain. Digitization by eGangotri

१६. कोतपर्वको राजनैतिक उद्देश्य र त्यसकोपरिणाम

नेपाल-अंग्रेज युद्धको परिणामस्वरूप नेपालको एकीकरण कार्य रोकिन गएको थियो। राजा, भाइ-भारदारहरुले युद्धको मैदानवाट फुर्सद पाएका थिए। उनीहरु राजदरवार गई आफ्नो शक्ति र स्थितिलाई कायम र मजवुत पार्न होड़वाजीको साथै षड्यन्त्रमा संलग्न हुन थाले। भीमसेन थापाको अन्तपछि देखा परेका विभिन्न गुटहरूले कुनै-न-कुनै रूपमा राजपरिवारको कुनै-न-कुनै सदस्यहरूको समर्थन प्राप्त गरिरहेका थिए। राजा राजेन्द्र विक्रम वाट चौतरियाहरूलाई, जेठीरानी साम्राज्यलक्ष्मीवाट पाण्डेहरूलाई र रानी राज्यलक्ष्मी देवीवाट थापाहरूलाई समर्थन प्राप्त थियो। भीमसेन थापाको पतनपछि १८९४ देखि १८९७ वि० स० सम्म नेपालको राजनीतिमा पाण्डेहरूको एकलौटी अधिकार रह्यो। तर राजा पाण्डेहरूको गतिविधिवाट सन्तुष्ट थिएनन् भने कान्छी रानी राज्यलक्ष्मी पनि आफ्नो पक्षलाई सत्तामा ल्याउन चाहन्थिन् र आफ्नो छोरालाई राजा वनाउने उद्देश्यलाई पुरा गराउन चाहन्थिन्।

वि० स० १८९८ मा जेठी रानीको मृत्यु सँगसंगै नेपालको सत्तावाट पाण्डेहरूको पनि पतन भयो। वि० स० १९०० मा राजा राजेन्द्र विक्रमले देशमा विग्रँदै गएको राजनैतिक परिस्थितिलाई सुल्झाउने भारदारहरूको अनुरोधमा आफू स्वयंले कुनै ठोस कदम नचाली आफ्नो सम्पूर्ण अधिकार रानी राज्यलक्ष्मीलाई दिएर एउटा ठूलो मूर्खतापूर्ण कार्य गरे। जहाँ राजकाजको विषय छ आफू समर्थ हुँदा हुँदै रानीलाई दिनु नेपालको इतिहासमा नै यो अनौठो र पहिलो घटना थियो जुन घटनाले नै सम्भवतः नेपालको राजनीतिलाई कोततर्फ नगिच्याउँदै लगेको थियो; भन्नु गलत हुने छैन।

राज्यलक्ष्मीको हातमा अधिकार आएपछि उनले वास्तविक गद्दीको हकदार जेठी रानी साम्राज्य लक्ष्मीका छोरा सुरेन्द्र विक्रमलाई नदिएर आफ्ना छोरा रणेन्द्र विक्रमलाई राजा बनाउन चाहिन् र त्यसको लागि आवश्यक षड्यन्त्र गर्न लागिन्। उनले आफ्नो पक्ष वलियो पार्न भीमसेन थापाको पतन हुनुअगाड़ि नै भारत गएर बसेका उनैका भतिजा माथवर सिंह थापालाई वोलाई अधिकार दिइन्। वि० स० १९०० को आखिरतिर माथवर सिंहलाई प्रधानमन्त्री र प्रधान सेनापति वनाइ रानीले आफ्नो मुख्य विचार माथवर सिंहलाई भने। तर उनले उक्त कुरा मान्न अस्वीकार गरे। यो देखेपछि रानीले उनको हत्या गर्ने योजना

CC-0. In Public Domain. Digitization by eGangotri

वनाइन् र अन्तमा १९०२ वि. स. जेष्ठ २ गते राति ११ बजे हनुमान ढोका राजदरवारभित्र षड्यन्त्रपूर्वक उनको हत्या उनैको भान्जा जङ्गबहादुर मार्फत गराइयो ।

माथवर सिंहको हत्यापछि जङ्गबहादुर पनि महत्वाकांक्षी व्यक्तिको रूपमा देखा परे । उनले नेपाल दरवारमा शक्तिशाली हुन रानीको नगिच पुग्नुपर्ने र उनको विश्वासपात्र हुनुपर्ने देखे भने यसको लागि रानीको तर्फबाट दरवारमा हाजीमुहाली चलाइरहेको उनैको प्रियपात्र गगनसिंहको हत्या गर्नुपर्ने अनुमान पनि उनले गरे । उता राजा र चौतरियाहरू पनि गगनसिंहको उन्नतिलाई मन पराएका थिएनन् । र उनीहरू पनि गगनसिंहलाई दरवारवाट पन्छाउने योजनामा लागे । यस्तैमा एकदिन वि. स. १९०३ को भाद्र ३१ गते (14 Sept, 1846) राति १० बजे गगनसिंहको हत्या उनैको घरमा पूजा गर्न लाग्दा भयो । जुन हत्याले नेपालको इतिहासमा एउटा नयाँ अध्याय गाँस्न सफल भयो भन्नु गल्ती हुने छैन । किनभने गगन सिंहको हत्या नै कोतपर्वको सुरुआत थियो र कोतपर्व नेपालको इतिहासमा एक अन्धकार युगको सुरुआत थियो ।

गगन सिंहको हत्यापछि त्यही राति उनको हत्यारा पत्ता लगाउने प्रयासले कोतको पटाङ्गीनीमा सम्पूर्ण भाइ-भारदारहरूलाई उपस्थित गराई गरियो । जङ्ग-वहादुर जो कुनै ठूलो उच्च र महत्वपूर्ण पदमा नभए तापनि राजदरवारभित्रको राजनैतिक भांडभैलोवाट उनमा जागेको महत्वाकांक्षावाट आन्तरिक रूपले आफ्नो मनोवललाई वलियो वनाई कोतको पटाङ्गिनीमा उपस्थित थिए । उनले आफ्नो विपक्षीहरूलाई र आफ्नो उदयमा वाधा दिन सक्ने व्यक्तिहरूलाई खतम गर्ने यो भन्दा राम्रो मौका नपाउने विचार पनि गरे ।

दोस्रो गगनसिंहको हत्यापछि रानीको नगिचको व्यक्तिको रूपमा सम्भवतः आफू नै भएको कुरा पनि जङ्गबहादुरले देखेका थिए । जुन सत्य पनि थियो । अतः कोतमा यदि आफ्नो विपक्षीहरूलाई अन्त गर्न सकेको खन्डमा समयले आफूलाई साथ दिने स्थिति उनले अन्दाज गरिसकेका थिए ।

तेस्रो जङ्गबहादुरले राज्यलक्ष्मीको कमजोर पक्ष थाहा पाइसकेका थिए भने उनको वास्तविक उद्देश्य के हो त्यो पनि थाहा पाइसकेका थिए। रानी पनि एक-न-एकको सहारा चाहन्थिन् आफ्नो उद्देश्य पुरा गर्न । कोतको पटाङ्गीनीमा रानीको प्रत्येक गतिविधिहरू जङ्गवहादुरतर्फ नगिचिंदै थियो ।

यी विभिन्न कारणहरूले गर्दा कोतमा रानीको नै आदेश मार्फत जङ्गबहादुरले जे-जस्तो हत्या काण्ड गरे त्यसको सम्पूर्ण दोष रानी, राजा र जङ्गबहादुरलाई जान्छ । तर पनि वढी दोष राजा सो देशको मालिक रूपमा रहे तापनि रानीको

CC-0. In Public Domain. Digitization by eGangotri

अगाड़ि केही गर्न र बोल्न नसक्नु, रानी आफ्नो छोरालाई राजा बनाउन अग्रसर हुनुलाई मुख्य मान्न सकिन्छ ।

कोतको त्यस भीषण हत्याकाण्डपछि नै जङ्गबहादुर मुख्तियारको रूपमा पदासीन भए । धेरै इतिहासका पुस्तकहरूमा उनी त्यही दिन प्रधानमन्त्री र प्रधान-सेनापति भए भनेर लेखिएको छ, तापनि हालसालै प्राप्त तथ्य प्रमाणको आधारले उनले भण्डारखालपर्वपछि मात्र ती पदहरू प्राप्त गरेको पुष्टी गर्दछ ।

यसपछि जङ्गबहादुरले देशका उच्च-उच्च पदहरूमा आफ्ना भाइहरूलाई नियुक्ति दिई आफ्नो स्थितिलाई राजनैतिक रूपले मात्र हैन प्रशासनिक रूपबाट पनि शक्तिशाली बनाए । यसपछि उनले रानीको जुन भित्री उद्देश्य थियो त्यस-लाई मात्र पूर्ण अस्वीकार गरे र राजगद्दीको मर्यादालाई पूर्ण रूपले कायम गरे । रानीको उद्देश्यलाई अस्वीकार गर्नाले 'जङ्गबहादुरको हत्या गर्ने' षड्यन्त्र रानी-ले रचिन् । तर त्यो कार्य सफल हुन सकेन । झन उल्टो उक्त घटना (भण्डार खाल पर्व) ले जङ्गबहादुर झन् बढी शक्तिशाली बनाउन मद्दत पुऱ्यायो । किनभने उक्त घटनापछि जङ्गबहादुरले रानीलाई र उनका दुईजना छोराहरूलाई देश निकाला गरे । राजा, जो राजा भएर बस्न सकेनन्, बस्न चाहेनन्, बस्ने कोशिस गरेनन्, रानी संगसंगै विदेशीए । यस प्रकार जङ्गबहादुर एक मात्र राज्यको सर्वेसर्वाको रूपमा देखा परे ।

राजा, रानी विदेशिएको घटनापछि राजाले पुनः बाहिरबाट आफ्नो अधिकार फिर्ता लिने प्रयास गरे । तर सफल हुन सकेनन् । राजाले अन्तिम अवस्था-तिर गएर त्यस प्रकारको कार्य गर्नु सम्भवतः गलत थियो कि भन्ने तर्क गर्न पनि सकिन्छ । किनभने देशभित्र राजाको रूपमा रहँदा आफैंले बिगारेको राजनैतिक स्थितिलाई देश बाहिर बसी सपार्ने प्रयास गर्नु तत्कालीन परिस्थितिमा असम्भव प्रायः नै थियो । अतः उनले चालेको उक्त प्रयासको परिणाममा (राजा) उनी स्वयं कैद भए । देशमा सुरेन्द्र विक्रमलाई जङ्गबहादुरले राजा घोषणा गरिसकेका थिए जो जङ्गबहादुरको अगाड़ि शक्तिहीन, निस्तेज र आधारहीन रूपमा गद्दीमा आसीन थिए ।

यस प्रकार राजा राजेन्द्र विक्रम शाहको एक गल्ती (१९०० वि. स. मा आफ्नो अधिकार रानीलाई सुम्पिनु) ले र रानी राज्य लक्ष्मीको अवैधानिक कार्य पूरा गर्ने उद्देश्यले र जङ्गबहादुरको महत्वाकांक्षाले नेपालको इतिहासमा प्रमुख स्थान राख्ने शाहवंशको गौरवमय गरिमालाई १०४ वर्षसम्म अन्धकारमय तुल्याउनुको साथसाथै राजा र प्रजा बिच हुनु पर्ने राजनैतिक समझदारी र ममताको पहिलो चोटि अन्त्य गऱ्यो भन्नु गलत हुने छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

१७. राणाशासनको उत्थान र पतनका कारणहरू

कोतपर्वले नेपालको इतिहासमा पारिवारिक शासन व्यवस्थाको स्थापना गरायो। देशको अत्यधिक शक्तिलाई केन्द्रीकरण गरी सैनिक शक्तिलाई बढ़ावा दिए।

राणा शासनको उदय कुन परिप्रेक्ष्यमा भयो भन्ने कुरा अघिल्लो अध्यायमा पनि वर्णन गरिसकिएको छ। राणा शासनको उत्थान हुनाका कारणहरू निम्न छन्—

१. भीमसेन थापाको पतनपछि नेपालको राजनैतिक आकाशमा नराम्रोसँग कालो बादलले ढाकिन थाल्यो। देशमा भाइ-भारदारहरू आ-आफ्नो स्वार्थ सिद्धिमा लागी देशको भलाइतर्फ कम दृष्टि दिन थाले। राजा र रानी समेतले ती भाइ-भारदारहरूको नीतिमा आ-आफ्नो किसिमले समर्थन गर्न थाले। यस प्रकार देशमा राजनैतिक अस्थिरताको सुरूआत भयो। जुन अस्थिरतामा सुवर्ण प्रभाको शक्तिको आडमा रणजङ्ग पाण्डेको उदय भयो र भीमसेन थापाको हत्या समेत भयो। पछि सुवर्ण प्रभाको मृत्युसँगै पाण्डेहरूको पतन भयो र राज्यलक्ष्मी शक्तिशाली व्यक्तिको रूपमा देखा परिन्। उनले आफ्नो शक्तिको आडमा र आफ्नो राजनैतिक र अवैधानिक उद्देश्य पुरा गराउन माथवरसिंह थापालाई सत्तामा ल्याइन्। तर जब उनले रानीको रणेन्द्र विक्रमलाई राजा बनाउने अवैधानिक विचारलाई समर्थन नगरेपछि जङ्गबहादुर मार्फत उनको हत्या समेत गराइन्। यो हत्याले जङ्गबहादुरलाई महत्वाकांक्षी बनाउन पुर्‍यायो। जुन महत्वाकांक्षीले उनले अदृश्य रूपबाट गगनसिंहको हत्या गराई र आफूलाई रानीको विश्वासपात्रको रूपमा प्रस्तुत गरी कोतपर्वको सृजना गरे। जुन कोतपर्व उनले आफ्नो विपक्षीहरूको हत्या गरी नेपालको इतिहासमा आफ्नो स्थितिलाई मजबुत रूपले कायम गरी राणा शासनको जग बसाले।

२. प्रतापसिंह शाहको मृत्युपछि नेपालको राजगद्दीमा बसेका राजाहरू नाबालक थिए। जसले गर्दा देशको शासन व्यवस्था संचालन गर्ने अभिभारा भाइ-भारदारहरूमा रह्यो। यसले गर्दा राजा-रानीहरू शासन व्यवस्थादेखि धेरै टाढा रहन पुगे। यसको परिणाम राजा-रानीको सम्पूर्ण समय विषय-सुखको प्रबल धारामा बित्न थाल्यो। त्यही स्थितिमा देशको राजनैतिक शक्तिहरू लहराउन थाल्यो। त्यस्तै स्थिति कोतपर्व हुनु अगाड़ि पनि थियो। राजा राजेन्द्र विक्रमशाह

CC-0. In Public Domain. Digitization by eGangotri

दुई रानीहरूको चपेटामा परेका थिए। जुन चपेटामा पर्दा उनको बुद्धि पनि भ्रष्ट भइसकेको थियो भन्ने कुरा वि. सं. १९०० मा आफ्नो सम्पूर्ण अधिकार रानी राज्यलक्ष्मीलाई सुम्पेबाट पनि पुष्टि हुन्छ। जसले देशमा रहिरहेको राजनैतिक अस्थिरतालाई बढ़ाउन झन् मद्दत पुऱ्यायो। यस्तो परिस्थितिको फाइदा जङ्गबहादुर जस्तो चतुर, कूटनीतिज्ञ व्यक्तित्वले लिनु कुनै नौलो कुरा पनि हैन्। अतः नेपालमा राणाशासन स्थापना गराउनुमा देशमा भएको राजनैतिक अस्थिरताको साथ-साथै राजा राजेन्द्र विक्रमशाहको कमजोरी पक्षलाई पनि मान्न सकिन्छ।

३. जुन परिस्थितिबाट राणा शासनको उदय भयो त्यो स्थिति नै पछिसम्म कायम रहेन। सत्तामा आफ्नो एकाधिपत्य कायम गरेपछि उनीहरूले राष्ट्रको गरिमालाई नै झन् विकृत बनाउन थाले। शासन व्यवस्थालाई बढी केन्द्रीकरण गरी सैनिकीकरण पनि गरे। जसले गर्दा उनीहरू मजबुत हुनुको सट्टा पतनतर्फ अग्रसर हुँदै गए।

४. यसमा पनि भारत स्वतन्त्र हुनु र त्यहाँबाट अंग्रेजहरूको अधिकारको अन्त्य हुनु राणा शासनको पतनको अर्को कारण थियो। किनभने स्वतन्त्र भारत सरकारले राणाहरूको विरुद्ध जनताको भावनालाई मान्यता र सहयोग दियो। परिणामस्वरूप भारतीय भूमिबाट नेपालीहरूले राणा शासन विरुद्ध क्रान्तिको सञ्चालन गरे। जसको परिणाममा नेपालबाट राणा शासनको पतन हुन गई प्रजातन्त्रको स्थापना हुन गयो।

५. राणाहरूको पतनको अर्को कारण जनतामा आएको जनचेतना र जागरूकता पनि थियो। नेपाली सैनिकहरूले विश्वका ठूल-ठूला युद्धमा अंग्रेजको पक्षबाट भाग लिएका थिए। युद्धमा जाँदा उनीहरूलाई यूरोपीय देशहरूमा रहेको स्वतन्त्रता उनीहरूको हृदयमा ठूलो छाप पारेको थियो। यस्तै गरी अध्ययनको लागि भारत गएका विद्यार्थीहरूलाई त्यहाँका स्वतन्त्रताको संग्रामको प्रभाव पर्न गएको थियो भने कयौंले भाग समेत लिएका थिए। यसबाट उनीहरूमा पनि आफ्नो देशमा प्रजातन्त्र र स्वतन्त्रता वातावरण ल्याउन चाहन्थ्ये। तर यसको लागि उनीहरूले राणा शासन व्यवस्थालाई खतम नगरी सम्भव नहुने पनि देखे। परिणामस्वरूप उनीहरूले विभिन्न राजनैतिक संगठनहरूको स्थापना गरी विरोध गर्न थाले र अन्त्यमा राणा शासन व्यवस्थाको पतन हुन गयो।

६. राणा शासनको पतनको अर्को कारण राजा त्रिभुवनले समेत राणाहरूको विरोध गरी जन-आन्दोलनलाई समर्थन गर्नु हो। राणा शासनको स्थापनातिरका शासक जति निस्तेज थिए र जुन कारणले गर्दा राणाहरूले मनोमानी गर्न पाएका

CC-0. In Public Domain. Digitization by eGangotri

थिए। तर राजा त्रिभुवनको चढदो उमेर सँगसँगै त्यो स्थितिको अन्त हुँदै गएको थियो। जुन स्थितिलाई राणाहरूले पनि अनुभव गरेका थिए। अन्त्यमा स्वयं राजाले नै आफ्नो राजगद्दी र श्री पेचलाई समेत बाजीमा लगाई जनताले सन्चालन जगरेको जनक्रान्तिलाई साथ दिए। यसले गर्दा राणाहरूको स्थिति नाजुक स्थितिमा पुग्यो र अन्तमा पतन समेत भयो।

७. एकातिर पारिवारिक शासन-व्यवस्थाको स्थापना गरे तापनि अर्कोतिर तिनै परिवारभित्र अनेकौं षड्यन्त्रहरू संचालन थिए। यसैको परिणामस्वरूप बद्रीनरसिंह पाल्पा धपिनु पऱ्यो, रणोद्दीप सिंहको हत्या भयो, खड्ग विक्रम पाल्पा धपिनुपऱ्यो, देव शमसेर पदच्युत हुनु पऱ्यो। यस्तै गरी राणा परिवार ए., बि. र सी. वर्गमा विभाजित भई, सी. वर्गका सम्पूर्ण राणाहरू उपत्यकाबाट विभिन्न जिल्लाहरुमा निर्वासित हुनु पऱ्यो। यसैको परिणामस्वरूप सी. वर्गका राणाहरूले जनक्रान्तिलाई आर्थिक सहयोग समेत गरे। जसको प्रतिफलस्वरूप राणा शासन व्यवस्थाको पतन हुन गयो।

यी विभिन्न परिस्थितिहरूले नैतिकताको पतन भइसकेको र कुनै पनि प्रकारको नीति अपनाएर आफ्नो व्यवस्थालाई टिकाउने प्रयास गरेका राणाहरू कुनै प्रकारले पनि सफल हुन सकेनन्। अन्तमा विश्वमा आएको जन-जागरणको प्रवाहमा नेपालीहरूले पनि राणाशासन व्यवस्थाको विरोध गरी, त्यसलाई पतन गराई प्रजातन्त्र र स्वतन्त्रताको वातावरणमा नेपाललाई प्रवेश गराए।

CC-0. In Public Domain. Digitization by eGangotri

१८. राणा शासन विरुद्धमा सञ्चालित मुक्ति आन्दोलन, २००७ सालको परिवर्तन र प्रजातन्त्रको स्थापनामा त्रिभुवनको देन

राणा शासन विरुद्ध देशभित्र संचालित भएका विभिन्न कार्यहरूमा राणाहरूले अपनाएको नीतिले गर्दा नेपाली जनताहरूमा झन् बढ़ी मात्रामा राष्ट्रियताको चेतना, आफ्नो अधिकारको बोध, राणा शासन व्यवस्थालाई अन्त गर्ने उत्साह र विद्रोही भावनालाई जागृत गऱ्यो ।

राणा शासनको विरुद्ध पहिलो सशस्त्र आन्दोलन 'झरोखर गोली काण्ड'लाई मान्न सकिन्छ । किनभने यस काण्डले सर्वप्रथम शक्तिशाली राणा शासकहरूलाई हाँक दिएको थियो भने क्रान्तिको लागी मजबूत शक्तिलाई आह्वान गरेको थियो ।

यस भन्दा अगाड़ि पनि गोप्य रूपले संगठन गरिएका राजनैतिक संगठनसंग राजा त्रिभुवनको सम्पर्क रहे झैं प्रवासमा स्थापना गरेको राजनैतिक संगठन नेपाली राष्ट्रिय कांग्रेससंग पनि उनको सम्बन्ध रह्यो । जसले विदेशमा क्रान्तिको एउटा पृष्ठभूमि तैयार गराउन ठूलो मद्दत पुऱ्यायो। परिणामस्वरूप २००४ सालमा भएको विराटनगरको जुट मिल हड़तालमा सफल नेतृत्व गर्न नेपाली राष्ट्रिय कांग्रेस सक्षम भयो । विराटनगर मिल हड़तालमा राणाहरूले अपनाएको नीतिलाई देखेर नै देशव्यापी आन्दोलन संचालन गर्न नेपाली राष्ट्रिय कांग्रेसले आफ्नो एक सम्मेलन १९४७ ई० स० को ९ र १० अप्रिलका दिन जोगवनीमा बोलायो । यस सम्मेलनले १९४७ को १३ अप्रिलबाट जन आन्दोलन चलाउने निर्णय गऱ्यो र आन्दोलन पनि चलायो । यही समयमा उपत्यकामा 'जयतु संस्कृतम्' को नारा लगाई संस्कृत छात्रावासका विद्यार्थीहरूले एक किसिमले सत्याग्रह संचालन गरे । यिनै कारणहरूले गर्दा तत्कालीन पद्म शमसेरले वैधानिक सुधार गर्ने घोषणा गरी २००४ साल माघ १३ गते एक विधानको पनि घोषणा गरे। यसपछि पहिलो जन आन्दोलन स्थगित गरियो भने पद्म शमसेर पनि निवासित हुनु पऱ्यो।

यसपछि प्रधानमन्त्री भएका मोहन शमसेरको क्रूर र तानाशाही नीतिले राणा विरोधी भावनालाई जुन अहिलेसम्म अहिंसात्मक रूपले मात्र चलिरहेको

CC-0. In Public Domain. Digitization by eGangotri

थियो, त्यसलाई हिंसामा परिवर्तन गरायो भने सशस्त्र क्रान्तितर्फ सबैलाई अग्रसर हुन बाध्य पनि गरायो ।

सर्वप्रथम मोहन शमसेरले पद्म शमसेरले दिएका वैधानिक कानूनलाई नाममात्रको बनाए । मोहन शमसेरको त्यस प्रकारको नीतिले गर्दा जनतामा राष्ट्रीय चेतना, उत्साह र विद्रोही भावनालाई जागृत गराउने प्रयास नेपाली राष्ट्रीय कांग्रेसले गर्न थाल्यो । परिणामस्वरूप उपत्यकामा आई त्यस प्रकारको कार्य गर्दागर्दै नेपाली कांग्रेसका कार्यकर्ताहरू कैद भए । तर जेलभित्र नै विश्वेश्वर प्रसाद कोइरालाले आवश्यक सुधारको माग राखी अनशन बसे ।

यही समयमा नेपाली राष्ट्रीय कांग्रेसमा फूट आई केही व्यक्तिहरू मिली २६ जनवरी १९५० मा नेपाल प्रजातन्त्र कांग्रेसको स्थापना गरे । तर तुरुन्तैपछि आफ्नो र नेपाली राष्ट्रीय कांग्रेसको उद्देश्य राणा शासनलाई मुक्त गराउने भएकोले १९५० को अप्रिल ९ का दिन दुवै दलले कलकत्तामा संयुक्त बैठीक बोलाए । जुन बैठकले दुवै दललाई मिलाई नेपाली कांग्रेसको स्थापना गरे ।

नेपाली कांग्रेसले पनि १९५० को सेप्टेम्बर २६ र २७ का दिन बैरगनियामा एक सम्मेलन बोलायो । यसले सकेसम्म छिटै राणा शासन व्यवस्थाको विरुद्ध आन्दोलन गर्ने निर्णय गऱ्यो ।

यही समयमा राजा त्रिभुवनले जनताको त्यो मनोबललाई पूर्ण समर्थन गरी बल पुऱ्याउनको निम्ति आफ्नो गद्दी र श्रीपेचलाई समेत बाजीमा राखी भारतीय दूतावासमा शरण लिए । यसले मुक्ति आन्दोलन संचालन गर्न चाहनेहरूलाई प्रोत्साहन मिल्न गयो । १९५० को १० नवेम्बरका दिन राजा त्रिभुवन सपरिवार भारत गए । त्यसै दिन नेपाली कांग्रेसले राणा शासनको अन्त्य गर्न सशस्त्र क्रान्ति संचालन गर्ने पर्चाहरू छप्यो र राति १२ बजे बिरगञ्जउपर आक्रमण गरी राणा शासन विरुद्ध सशस्त्र क्रान्तिको सुरुवात गऱ्यो ।

उक्त सशस्त्र आन्दोलनमा सम्पूर्ण नेपालीले सहयोग गर्नको साथ साथै भारतीय पल्टनमा कार्यरत प्रवासी नेपालीहरूले पनि सहयोग गरेका थिए । क्रान्तिको लागि तयार गरिएको मुक्ति सेनामा त्यस समयका आजाद हिन्द फौजका अफिसरहरू, जवानहरू, नेपालका सैनिकहरू, विद्यार्थीहरू र सामान्य नागरिकहरू थिए ।

त्यस प्रकार चलेको सशस्त्र क्रान्तिले पश्चिम नेपालको अनुपातमा पूर्वी नेपालमा बढ़ी सफलता प्राप्त गरे । तर राणाहरूले पनि क्रान्तिलाई रोक्न दमनपूर्ण नीतिहरू अपनाउँदै गौरमा नराम्रो हत्याकाण्ड समेत गरे । तर क्रान्ति झन् अगाड़ि

CC-0. In Public Domain. Digitization by eGangotri

बढ्दै गयो । देशको विभिन्न ठाउँमा जन-सरकारको स्थापना भयो भने कयौं ठाउँमा क्रान्ति तीव्र रूपले चल्न गयो ।

उपत्यकाको स्थिति उपत्यका बाहिरको भन्दा कम थिएन । प्रत्येक दिन जुलुस, आम सभा र विरोध प्रदर्शन गरी विरोधी पक्षलाई मजबुत बनाउँदै अगाड़ि बढ़े । आम गिरफ्तारीको क्रमले पनि त्यसमा शिथिलता ल्याउन सकेन। यसरी एक्कै चोटी सम्पूर्ण देश नै विरोधमा उत्रेकोले गर्दा राणा शासक र तिनका समर्थकहरूलाई आच्छु-आच्छु पारिसकेको थियो ।

देशमा देखा परेको उक्त स्थितिलाई सपार्न मोहन शमसेरले ज्ञानेन्द्र वीर विक्रमलाई राजा बनाए। तर यसले स्थितिलाई झन् नराम्रो बनायो । अन्तमा केही नलागी राणा सरकारले नेहरूको अनुरोध र मध्यस्थतामा राजा त्रिभुवनको अध्यक्षतामा जन प्रतिनिधिहरूसँग दिल्लीमा समझौता गर्नु पर्‍यो । जुन सम्झौताले राणा शासनको अन्त्य गर्ने र राजाको नेतृत्वमा जन प्रतिनिधिहरूको सरकार गठन गर्ने र प्रजातन्त्रको बहाली गर्ने कुरा स्वीकार गरेको थियो ।

सम्झौतापछि १९५१ को १५ फरवरीका दिन राजा त्रिभुवन नेपाल फर्के र १८ फरवरीका दिन राणा शासनको अन्त्य गरी जनताको नयाँ मन्त्रिमण्डलको गठन गरी नेपालमा प्रजातन्त्रको जग बसाले ।

नेपालमा राणा शासनको अन्त्य गराई प्रजातन्त्रको स्थापना गर्नमा श्री ५ त्रिभुवनको ठूलो भूमिका भएको तथ्यलाई मान्न सकिन्छ। राजा त्रिभुवन असाधारण किसिमका राजा थिए। इतिहासमा बहादुर, उदार र ओजस्वी राजाहरूका धेरै उदाहरणहरू पाइन्छन्। तर दुनियाँको हित र स्वतन्त्रताको निम्ति राजगद्दी र आफ्नो ज्यान समेत खतरामा हाल्ने कोही राजा भएका थिएनन्। नेपालमा प्रजातन्त्र ल्याउन राजा त्रिभुवनले गरेका प्रयत्नहरूलाई नेपाल बाहिर घटेका घटनाचक्रहरूले पनि ठूलो मद्दत पुर्‍याए। नेपालमा प्रजातन्त्रको स्थापना, एशिया, अफ्रिका तथा दक्षिण-पूर्व एशियाका जनताहरूमा आएको स्वतन्त्रताको जागृतिको सिलसिलामा थियो भन्नु अत्युक्ति हुँदैन। यदि पृथ्वीनारायण शाहलाई नेपालको एकीकरणको निम्ति श्रेय दिइन्छ भने राजा त्रिभुवनलाई प्रजातन्त्र स्थापनाको निम्ति गरेको अथक परिश्रमको निम्ति सधैं सम्झिरहन्छन् ।

नेपालका राणा प्रधान मन्त्रीहरूको शासन थोत्रो र समय नसुहाँउदो भैसकेको थियो। त्यसकारण २००७ सालको क्रान्तिले यस शासनलाई सदाको निम्ति अन्त गरिदियो। क्रान्तिअघि नेपालमा राणाहरू राजनैतिक, सामाजिक क्षेत्रका ठूल-ठूला ओहदामा थिए। तर त्यसमा पछि केही परिवर्तन आयो। २००७ सालको क्रान्तिले राजाको गुमेको शक्ति फर्क्यो र नेपाली जनताको निम्ति प्रजातन्त्रको सुरुआत भयो ।

———

CC-0. In Public Domain. Digitization by eGangotri

१६. हिन्दु धर्म र बुद्ध धर्मको तुलनात्मक अध्ययन र धार्मिक सहिष्णुता

संसारमा सबै भन्दा पुरानो धर्म हिन्दू धर्मलाई मानिन्छ । यस धर्मको कुनै खास एकजना मात्र प्रवर्तक छैनन् । त्यस्तै गरी यो धर्मको एउटै मात्र स्वरूप पनि छैन । यस धर्मभित्र विभिन्न संप्रदायहरू पर्दछन् । जसले आ-आफ्नो किसिमबाट हिन्दूधर्मको अस्तित्वलाई स्वीकार गरेका छन् । अतः यसका साथै यस क्षेत्रमा भएका धार्मिक र सांस्कृतिक आन्दोलन, भक्ति गीत, विभिन्न धार्मिक तथा आध्यात्मिक दर्शनसम्बन्धी ग्रन्थहरूले नै हिन्दू धर्मको उत्थानका परिचायक हुन भन्नु गलत हुने छैन ।

यस्तै गरी लगभग ६००–४०० पू० इ० काल संसारको इतिहासमा एक नयाँ युग कहलाउँछ । किनभने यस कालमा अर्को एक धर्मको प्रादुर्भाव भयो जसले दुनियाँमा सत्य धर्मको प्रचार गऱ्यो, मुक्तिको नयाँ सरल मार्ग पत्ता लगायो, जुन बौद्ध-धर्म थियो ।

हिन्दू धर्म र बौद्ध धर्मको अभ्युदय कालमा धेरै-धेरै फरक भए तापनि ती दुवै धर्ममा धेरै समानता पाइन्छ । मानिसहरूले सनातन धर्मको मूल उद्देश्य विपरीत आचरण गरी धर्म र ज्ञानको लोप हुँदै गएको समयमा समयअनुरूप सत्य र धर्मलाई पुनर्स्थापना गर्न नै गौतम बुद्धले जन्म लिएको हो भनी विश्वास गर्दछन् । त्यसैले हिन्दू धर्मअनुसार विष्णुको दश अवतारमध्ये नवौं अवतार बुद्धलाई मानी उनको पुजा र उपासना गर्नुले पनि माथिको भनाइलाई पुष्टि मिल्दछ ।

अतः बुद्ध धर्म र हिन्दू धर्म एक-अर्कामा फरक नभई एउटै उद्देश्यमा आधारित भएको स्वीकार गर्न सकिन्छ । हिन्दू धर्मको उद्देश्य जीवनमा सर्वतोमुखी विकास गरी अन्तमा मुक्ति प्राप्त गर्नु हो भने बुद्ध धर्मले पनि त्यही उद्देश्यलाई आधार मानी मोक्ष प्राप्त गर्नुलाई नै अन्तिम रूपमा स्वीकार गरेको छ ।

हिन्दू धर्ममा झैं बौद्ध धर्ममा पनि मानवको अन्तिम मुक्ति पाउनु हो भन्ने सिद्धान्तलाई आधार बनाएर चार सत्यको उल्लेख गरेको पाइन्छ । जसअनुसार संसारमा दुःखै-दुःख छन्, दुःखका अनेकौं कारणहरू छन्, दुःखलाई नाश गर्न सकिन्छ, र दुःखलाई नाश गर्ने उपायहरू छन् भनी आठवटा उपायहरू वर्णन गरेको पाइन्छ । जुन हिन्दू धर्मको 'चार धर्म—धर्म, अर्थ, काम र मोक्ष' भन्ने सिद्धान्तसंग साम्यप्रीता राख्दछ ।

CC-0. In Public Domain. Digitization by eGangotri

दुवै धर्ममा उपनिषदको बाहुल्यता पाइन्छ । जसअनुसार हिन्दू धर्म 'ब्रह्म' प्राप्तिको आधारमा बढ़ी केन्द्रित भएको पाँउछौं । जुन प्राप्तीको लागी सत्व, रज र तम तिनै गुणको समान असर मानिसमा नभए सनातन धर्मको मूल उद्देश्य पुरा हुन सक्दैन भन्ने विचार छ । त्यस्तै बौद्ध धर्ममा पनि यदि अष्टांगिक मार्ग अर्थात् सम्यक दृष्टि, सम्यक् संकल्प, सम्यक् वचन, सम्यक् कर्म, सम्यक् आजीविका, सम्यक् प्रयत्न, सम्यक् विचार र सम्यक् ध्यान या समाधिको उल्लेख गरिएको छ ।

यस प्रकार यी दुवै धर्मले जीवनको अन्तिम लक्ष्य मोक्ष नै हो भनी त्यसलाई प्राप्त गर्ने तरिकामा परिस्थिति, परम्परा र प्रगतिशील रूपमा आ-आपनो किसिम-बाट उपायहरू प्रस्तुत गरे तापनि मूल रूपमा दुवैको उद्देश्य मानव धर्मको रक्षा गर्नु नै रहेको छ ।

यी दुवै धर्मले अहिंसासम्बन्धी प्रष्ट विचार व्यक्त गरेको पाइन्छ । हिन्दू धर्मको प्रमुख ग्रन्थ गीतामा मनले, वचनले र कर्मले कसैलाई पनि दुःख नदेऊ भनी अहिंसाको सिद्धान्तलाई वृस्तृत रूपमा उल्लेख गरेको छ । त्यस्तै गरी बौद्ध धर्मले पनि 'सेवा नै दया हो र कर्मले हिंसा नगर्नु नै अहिंसा हो' भनी हिन्दू धर्मको सरह समान दर्शनको व्याख्या गरेको पाइन्छ ।

दुवै धर्मले कर्मको सिद्धान्तलाई विश्वास गरेको छ । मानिसले जस्तो कर्म गर्दछ त्यस्तै फल प्राप्त गर्दछ । मानिसले पूजा गरेर मात्र ज्ञान प्राप्त गर्न सक्दैन । मोक्ष प्राप्त गर्न त उसले आफ्नो कर्मलाई नै सुधार्नु पर्छ भन्ने सिद्धान्त दुवैको रहेको पाइन्छ ।

बौद्ध धर्म ब्राह्मणवादको विरोध, उनीहरूले अपनाइरहेको धार्मिक तरिकामा सुधार ल्याउन देखा परेको एउटा धर्म मानिन्छ । यसले हिन्दू धर्ममा देखा परेको विकृतिहरूलाई सुधार गर्ने प्रयत्न गरेको पाइन्छ । यसले वैदिक धर्मको दोषहरूलाई नै हटाउने प्रमुख लक्ष्य राखेको थियो ।

यस्तै गरी दुवै धर्मको व्यवहारमा एकरूपता पनि पाइँदैन । शैव, वैष्णव, सिख धर्म मान्नेहरू पनि हिन्दूधर्मअन्तर्गत नै र हिन्दूहरूको आध्यात्मिक दर्शनअन्तर्गत नै रहेको पाइन्छन् । त्यस्तै गरी मूर्तिमाथि विश्वास नगर्ने हीनयान र मूर्ति पूजा गर्ने महायानको साथसाथै तन्त्रको मान्यतालाई स्वीकार गर्ने वज्रयानहरूले पनि आफूलाई बौद्ध धर्मअन्तर्गत नै उनीहरूको बौद्धिक दर्शनलाई स्वीकार गरेको मान्दछन् ।

तर जे भए तापनि दुवै धर्मको बढ़ी जोड़ शान्ति, सहिष्णुता र मोक्षमा रहेको पाइन्छ । जसरी ब्रह्मनिष्ठ पुरुषको महत्व हिन्दूधर्ममा पाइन्छ, त्यस्तै निर्वाणका

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्णावस्थामा पुगेको पुरुषको महत्व बौद्ध धर्ममा पाइन्छ। दुवैको चारित्रिक लक्षण एकै प्रकारका छन्।

दुवै धर्ममा त्रिमूर्तिको प्रावधान र महत्व रहेको पाइन्छ। हिन्दू धर्ममा ब्रह्मा, विष्णु र महेश्वर झैं बौद्ध धर्ममा मञ्जुश्री, अवलोकितेश्वर र जगत सृष्टिकर्ता छन्।

नेपालमा यी दुवै धर्ममा कुनै भेदभाव भएको पाइँदैन। प्राचीनकालीन नेपालको इतिहासदेखि नै धार्मिक सहिष्णुतामा हुर्केका नेपालीहरूको लागि हिन्दू धर्म र बौद्ध धर्ममा कुनै भिन्नता भएको पाइँदैन। दुवै धर्म मान्नेहरू एक-अर्काको मन्दिर र स्तूपमा गएर आ-आफ्नो तरिकाले पूजा गर्छन्। स्वयंभू र पशुपतिमा कसैको लागि भिन्नता छैन। एकले आफ्नो बेग्लै नामबाट मूर्तिको पूजा गरेको पाइन्छ भने त्यही मूर्तिलाई अर्कोले भिन्दै रूपमा पूजा गरेको पाइन्छ। जस्तो बौद्ध धर्म मान्नेहरूको लागि अवलोकितेश्वर र हिन्दू धर्म मान्नेहरूको लागि मच्छिन्द्रनाथ एउटै मूर्ति हुन्।

यस्तै गरी बौद्ध धर्म स्वीकार गरेको शाक्य कुलबाट छानिने कुमारी हिन्दू धर्म मान्नेहरूको देवीको रूपमा पुजिन्छिन् र हिन्दू सम्राटले तिनको पूजा गरी टीका ग्रहण गर्ने कार्यले नेपालमा धार्मिक सहिष्णुता भएको कुरालाई बढी पुष्टि गर्दछ।

यस प्रकार नेपालमा हिन्दू धर्म मान्ने र बौद्ध धर्म मान्ने मानिसहरू एउटै धर्म मान्ने जस्तो जातिको रूपमा देखा परेको छ। यद्यपि जनसंख्याको दृष्टिले यहाँ हिन्दू धर्म मान्नेहरूको संख्या बढ़ी भए तापनि बौद्ध धर्मको साथसाथै अरू धर्म मान्नेहरूको स्थिति एकै किसिमको छ। एक धर्मले अर्को धर्मलाई घृणा गर्ने, अवहेलना गर्ने स्थितिले देशको अस्तित्व र राष्ट्रियतालाई समेत आँच पुऱ्याउन सक्छ भन्ने कुरालाई विश्वको इतिहासमा घटेका अनेकौं धार्मिक युद्धहरूले पुष्टि गरिसकेका छन्। यस परिप्रेक्ष्यबाट नेपाल सबैं टाढा रह्यो र धार्मिक सहिष्णुताको सिद्धान्तलाई अङ्गीकार गरी राष्ट्र र समाजलाई बल पुऱ्याएको कुरा नै आजको नेपालले पुष्टि गर्दछ।

———

CC-0. In Public Domain. Digitization by eGangotri

२०. शङ्कराचार्य र हिन्दु धर्मको पुनर्जागरण

आठौं शताब्दीतिर भारत तथा नेपालमा बुद्ध धर्ममा धेरै विकृतिहरू आउन थालिसकेका थिए। भारतमा सम्राट अशोकको मृत्युपछि र नेपालमा जयस्थिति मल्लले गरेको सुधारहरूबाट पुनः ब्राह्मण धर्मले प्रभाव पार्न थाल्यो। विस्तारै-विस्तारै जनताको श्रद्धा बौद्ध धर्मबाट हट्दै गयो। ब्राह्मणहरूले मूर्ति पूजा फैलाउन थाले र जनताहरूले पनि आफ्नो मन त्यतैतिर ढल्काउन उद्यत भए। भिक्षुहरूको जीवन शुद्ध रहन लागेन। विहारहरूमा आन्तरिक परिस्थिति कमजोर हुँदै गयो र भिक्षुहरू दुराचारी हुँदै गए।

यस्तो स्थितिमा नै शंकराचार्य, रामानुज, कुमारिल भट्ट जस्ता ठूल-ठूला विद्वानहरूले बौद्ध धर्मका विद्वानहरूसँग शास्त्रार्थ गरी उनीहरूको बौद्धिक स्थिति कमजोर भएको पुष्टि गरी आफ्नो धर्मको पुनरुत्थान गरे।

हिन्दू धर्मलाई पुनरुत्थान कार्यमा भारतको डेक्कनमा जन्मेका शंकराचार्यका सातौं अवतार मानिएका शंकराचार्यले त महत्वपूर्ण भूमिका खेले।

उनले भारतका महत्वपूर्ण शैव पीठमा गई आफ्नो उदयले बौद्ध धर्मको खण्डन गरी हिन्दू धर्मको (यसमा पनि विशेष शैव) प्रचार गरे। उनले सम्पूर्ण बौद्ध मार्गीहरूलाई हिन्दू धर्ममा दीक्षित गराउने कार्यको सुरुआत गरे। शास्त्रार्थमा हार्नेहरूलाई स्वतः हिन्दू धर्ममा आधारित भिक्षुवा भिक्षुणीहरू बनाइए र जो शास्त्रार्थ गर्न वा हार्न चाहँदैन थे, तिनीहरूलाई बलपूर्वक हिन्दू धर्म मान्न बाध्य गराए। विहार र मठमा बस्ने बौद्ध भिक्षुणीहरूलाई जबर्जस्ती विवाह गराई हिन्दू धर्मको दीक्षा दिए। उनले बौद्ध धर्मका मूल सर्वास्तिवाद विनय संग्रह बाहेक ८४ हजार अन्य ग्रन्थहरू पनि जलाइदिएका थिए।

भारतमा उनले बौद्ध मार्गीहरूप्रति अपनाएको नीतिले गर्दा सोह्रौं बोधिसत्त्व त्यहाँबाट भागे। शंकराचार्यले उनी नेपालभित्र प्रवेश गरेको अनुमान गरी उनी पनि लखेट्दै नेपाल पसेको अनुमान हिन्दू धर्म शास्त्रहरूमा गरिएको छ। शंकराचार्यको नेपाल प्रवेश र यहाँ गरेको अनेकौं कार्यहरूको बारेमा भाषा वंशावलीहरूमा अनेकौं किसिमका कुराहरू लेखिएका छन्। ती वंशावलीमा उनी नेपालआई हजारौं बौद्धहरूलाई मारेको वर्णन पनि गरिएको छ। राइटले पनि आफ्नो पुस्तकमा नेपालमा रहेका बौद्ध मार्गीहरूलाई परास्त गरेको कुरा उल्लेख गरेका छन्। त्यस्तै

CC-0. In Public Domain. Digitization by eGangotri

गरी शंकराचार्यको अनुरोधमा नेपालका तत्कालीन राजाले हिन्दू धर्म मान्न अस्वीकार गरेकोले उनलाई पनि जवर्जस्ती कपाल खौरन लगाई भिक्षुणी विवाह गर्न वाध्य गराएका थिए भन्ने वर्णन पनि कतै-कतै गरेको पाइन्छ। तर शंकराचार्यको धार्मिक दिग्विजय वर्णन प्रसंगमा वर्णन गरिएका देशहरूको सूचीमा नेपालको नाम दिएको छैन। यस स्थितिमा शंकराचार्य नेपाल आएका थिए भन्ने कुरा मान्न सकिंदैन। फेरि त्यसरी नेपालका राजाको अपमान उनले गरेका थिए भन्ने कुरा स्वीकार गर्ने ऐतिहासिक आधार पनि त प्राप्त छैन। त्यसैले यो कुरा विश्वास गर्न कठिन नै छ।

राइटले नै आफ्नो पुस्तकमा सोह्रौं बोधिसत्व मणिचुर पहाड़मा छन् भन्ने थाहा पाई उनलाई खतम गर्न शंकराचार्य मणिचुर पहाड़तर्फ लागेको कुरा वर्णन गरेका छन्। शंकराचार्य मणिचुर पहाड़मा उक्लन लागेको थाहा पाई मणिजोगिनीले ६ पटकसम्म आफ्नो तान्त्रिक वलले शंकराचार्यलाई रोक्न भयानक आंधीको सृजना गरिन्। त्यत्रो तान्त्रिक व्यवधान भए तापनि अन्तमा शकराचार्य आफ्नो सिद्धिले गर्दा पहाड़मा उक्लन सफल भई त्यहाँका सम्पूर्ण निवासीहरूलाई हिन्दू धर्ममा (शैव धर्म) परिणत गराए। शंकराचार्यले त्यहाँ बोधिसत्वलाई भेटे वा भेटेनन् त्यो भने कतै वर्णन गरेको पाइंदैन।

यस्तै गरी उनको मृत्यु कहाँ भयो भन्ने कुरामा पनि यकिन गर्न सकिएको छैन। जव शंकराचार्यको डरले आफ्नो ज्यान र धर्मलाई संरक्षण गर्न धेरै बौद्ध भिक्षुहरू भोट पुगे। शंकराचार्य पनि तिनीहरूको पछि-पछि भोट पुगे। तिब्बतका मूल लामाहरूसंगको धार्मिक वाद-विवादमा उनी धेरै दिनसम्म भोटमा नै रहे। अन्त्यमा त्यही नै तान्त्रिक विद्यामा पारंगत लामाहरूले उनको छायांबन्ध गरी हत्या गरेको वंशावलीमा उल्लेख गरिएको छ। तर राइटले तिब्बतवाट समुद्री किनारातिर फर्केको कुरा उल्लेख गरेका छन्। त्यसैले उनको हत्या तिब्बतमा भएको हो भन्ने कुरा निरर्थक पनि देखिन्छ।

जे होस्, शंकराचार्यले पतनतर्फ लागेको हिन्दू धर्मलाई बौद्ध धर्मले दवाउन लागेको ब्राह्मणवादलाई पुनरुत्थान गरी हिन्दुत्वको जगलाई पुन वलियो गरे र हिन्दू धर्मलाई स्थायी वनाए।

———

CC-0. In Public Domain. Digitization by eGangotri

२१. धार्मिक स्थलहरू वराहक्षेत्र, कपिलवस्तु र जनकपुरको सांस्कृतिक महत्व

हिन्दू धर्मका विभिन्न धर्मशास्त्रहरू हेर्ने हो भने 'नेपाल' नै एक महत्वपूर्ण धार्मिक स्थलको रूपमा वर्णित भएको पाउँदछौं । परापूर्व कालदेखि नै यस देशले सांस्कृतिक रूपमा देव-देवीहरूको नगरीको रूपमा मान्यता पाउँदै आएको छ । जसले गर्दा सनातन धर्मसंग सम्बन्धित रहेका अनेकौं मन्दिर, मूर्ति, पीठ, कुण्ड आदि देख्न सक्दछौं । जसले एकातिर यो देशको सांस्कृतिक महत्वलाई पनि प्रष्ट गर्दछ भने अर्कोतिर धार्मिक महत्वलाई पनि प्रष्ट गर्दछ ।

यस्तै गरी बुद्ध धर्मका प्रवर्तक गौतम बुद्धको जन्मस्थल पनि यही भूमि भएकोले गर्दा पनि बौद्ध धर्मावलम्बीहरूको लागि यस भूमिको महत्व बेग्लै किसिमको रहेको छ ।

यसरी यस देशमा सनातन धर्म र बौद्ध धर्म दुवै एक साथ पलाउँदै गए । यहाँका जनताहरूले दुवै धर्मलाई आ-आफ्नो किसिमले स्वीकार गरे । जसले गर्दा जहाँ मन्दिर बन्यो, त्यहाँ स्तूप बन्यो । जुन मूर्तिलाई बुद्धले पूजा गरे त्यसलाई बुद्धिष्ठहरूले पनि पूजा गरे । यस प्रकारको धार्मिक सहिष्णुता नै यो देशको संस्कृति बन्यो ।

यस देशमा भएका धार्मिक तीर्थ स्थलहरूको उत्पत्तिमा आ-आफ्नो बेग्लै किसिमको सांस्कृतिक वर्णन पाइन्छ । जसमध्ये यहाँ तीन तीर्थस्थलहरूको वर्णन गरी कसरी तिनीहरूले यस देशको सांस्कृतिक पक्षलाई जोगाइरहेका छन्, प्रष्ट गर्ने प्रयास गरिन्छ ।

१- वराह क्षेत्र विराटनगरदेखि उत्तरतर्फ कोशी नदीको किनारमा रहेको वराह क्षेत्रको महत्व हिन्दू धर्ममा ज्यादै महत्वपूर्णको छ । कोशी नदी र कोकाह नदीको संगममा रहेको यो क्षेत्रको भौगोलिक महत्व पनि ठूलो छ ।

यस क्षेत्रको प्रसिद्ध वराह मन्दिर धरानदेखि ४ माइल टाढा कोशी नदीको देब्रे किनारामा रहेको छ । हिन्दू धर्ममा वराहलाई भगवान विष्णुको अवतार मान्छन् र पुज्दछन् ।

वराह क्षेत्रको उत्खनन कार्य सर्वप्रथम २०१७ सालमा भयो । जुन उत्खनन कार्यबाट त्यस ठाउँमा कोकामुखी वराह र श्वेत वराहको २ वटा भग्नावशेष

CC-0. In Public Domain. Digitization by eGangotri

भेट्टाइयो। यस्तै गरी अरू प्राप्त मन्दिरहरूमा विभिन्न वराहहरूको मूर्तिहरू पनि प्राप्त भयो।

यो क्षेत्र धार्मिक दृष्टिकोणले मात्र हैन, ऐतिहासिक दृष्टिकोणबाट पनि महत्वपूर्ण मानिन्छ।

पुरातात्विक वस्तुको महत्वपूर्ण स्थानहरूमध्ये यसै क्षेत्रमा रहेको विजयपुरलाई पनि मानिन्छ। यस्तै गरी सप्तकोशीको किनारामा रहेको प्रख्यात चतरा गद्दीलाई पनि पुरातत्वको दृष्टिकोणले महत्वपूर्ण मान्न सकिन्छ भने त्यस ठाउँदेखि (चतरा गद्दीबाट) उत्तरमा पर्ने लालकोट र रङ्ग महलमा रहेको भग्नावशेष पनि ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण मानिएको छ।

यस्तै गरी वराह क्षेत्रअन्तर्गतको महत्वपूर्ण स्थानहरूमा दन्तकाली, बुढ़ा सुब्बा, तल्लो दरवार, माथिल्लो दरबार तथा साँगुरी गढीलाई पनि मानिन्छ।

हरेक वर्ष कार्तिक महीनामा वराह क्षेत्रमा एक भव्य मेला लाग्दछ। त्यो दिन भक्तजनहरू कोशी र कोकाह नदीको दोभानमा स्नान गर्दछन् र त्यहींको जलले वराहलाई पुज्दछन्। यो क्षेत्र हिन्दूहरूको चार पवित्र स्थलमध्ये एक मान्दछन्। यसरी अटूट रूपमा वराह क्षेत्रले हिन्दू धर्मावलम्वीहरूको सांस्कृतिक पक्षलाई कायम गर्दै आएको छ।

२. कपिलवस्तु—नेपालका धार्मिक स्थलहरूमध्ये कपिलवस्तु जिल्ला पनि महत्वपूर्ण छ। यसमा पनि लुम्बिनीको त महत्व झन् बढी छ। यो ठाउँ नेपालका मानिसहरूको निम्ति मात्र हैन, विश्वका मानिसहरूको निम्ति पनि अति महत्वपूर्ण छ। किनभने यो ठाउँ नै बुद्ध धर्मका प्रवर्तक गौतम बुद्धको जन्म स्थल हो।

यो ठाउँ धार्मिक रूपबाट जति महत्वपूर्ण छ त्यत्तिकै ऐतिहासिक दृष्टिकोणले पनि महत्वपूर्ण छ। त्यसैले त्यस ठाउँको उत्खनन कार्यहरू सञ्चालन गरी तत्कालीन स्थितिहरूको बारेमा पत्ता लगाउने प्रयास गरिएको छ र प्राप्त पुरातात्विक वस्तुहरूले तत्कालीन स्थितिहरूबारे प्रष्ट गर्दै गएको पनि छ।

लुम्बिनी मात्र हैन, पूरातात्विक दृष्टिकोणले पुरा कपिलवस्तु क्षेत्र नै महत्वपूर्ण मानिएको छ। यहाँको ऐतिहासिकतालाई केलाएर हेर्ने हो भने बुद्ध भन्दा पनि धेरै पर पुग्दछौं। त्यस समयसम्ममा त लिच्छवी, कोली, शाक्य र मल्लहरूले ती क्षेत्रमा शासन गर्दै पतन हुँदै गएको कुरा प्राप्त ऐतिहासिक आधारले प्रष्ट गरेको छ।

गौतम बुद्धको जन्म स्थल भएको कारणले, संपूर्ण विश्वमा शान्तिको सन्देश प्रचार गर्ने एक सन्तको जन्मस्थान भएको कारणले पनि त्यसले महत्वपूर्ण सांस्कृतिक मान्यता प्राप्त गरेको छ। जसलाई हालसम्म पनि जगेर्ना गर्दै आएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

३. जनकपुर—नेपाल अधिराज्यमा पर्ने धार्मिक स्थलहरूमध्ये जनकपुर पनि हो । पौराणिक कालदेखि नै प्रसिद्ध रहेको जनकपुरले पनि यो देशको सांस्कृतिक र ऐतिहासिक महत्वको जगेर्ना गरेको छ ।

पौराणिक कालमा राजा जनकको राजधानीको रूपमा रहेको 'जनकपुर' कसै-कसैको भनाइमा मैथिली प्रदेशको राजधानीको रूपमा पनि रहेको छ, जुन खोजीको विषय नै छ ।

जनकपुरमा रहेको विभिन्न मन्दिरहरू र ताल, कुण्डहरूले आफ्नै किसिमको धार्मिक र सांस्कृतिक इतिहास बोकेको छ । यसमा पनि राम-जानकी मन्दिरलाई लिन सकिन्छ ।

यद्यपि यो मन्दिर रामायण कालमा नै स्थापना भएको हो तापनि पछि १९११ ई० स०मा टीकमगढ़का राजा वृषभानुकी रानीले ९ लाख रुपैंयाँ खर्च गरी अहिले-को विशाल मन्दिर निर्माण गर्न लगाएकी थिइन् । यो मन्दिर मिर्माण गर्न १२ वर्ष लागेको थियो ।

उक्त जानकी मन्दिरसंगै रहेको राम मन्दिर मकवानपुरका सेन राजा इन्द्र विधाताले बनाउन लगाएका थिए । जुन मन्दिरलाई रण वहादुर शाहको समयमा अमर सिंह थापाले जीर्णोद्धार गरी नगीचै, राम, सीता र लक्ष्मणको मन्दिर पनि बनाए। पछि चन्द्र शमशेरले उक्त मन्दिरको सुनौला छाना फेर्न लगाएका थिए।
प्रत्येक वर्ष रामायणमा वर्णित काल-क्रम र परम्परागत रूपमा यहाँ विभिन्न मेलाहरू मनाइन्छन् । खास गरी राम नवमी, झुला, आदिमा ठूलो मेला लाग्दछ । त्यतिखेर भारतबाट पनि धर्मावलम्बीहरू त्यहाँ आउँछन् र आपनो श्रद्धा व्यक्त गर्दछन ।

प्राचीन समयदेखि धर्मप्रति आस्था राख्ने जनकको राज्य भएकोले र विद्धान-हरूलाई सम्मान र कदर गर्ने परम्परा भएको जनकपुरको धार्मिक र सांस्कृतिक महत्व पनि प्राचीन कालदेखि नै रहिआएको छ । साँच्चै भन्ने हो भने जनकपुर-लाई त्यसको उद्गम स्थलको रूपमा रहेको नै पाउँछौं ।

यस प्रकार यी विभिन्न धार्मिक क्षेत्रले नेपालको धार्मिक र सांस्कृतिक परम्पराको आ-आफ्नो किसिमले जगेर्ना गरेको पाउँछौं भने ऐतिहासिक महत्व पनि बोकेर बसेको पाउँछौं ।

卐

CC-0. In Public Domain. Digitization by eGangotri

२२. बहुदलिय पद्धतिमा आधारित संसदीय प्रजातान्त्रिक व्यवस्था नेपालमा असफल हुनाका कारणहरू

वि. सं. २०१५ फागुन ७ गतेदेखि भएको आम निर्वाचनमा दुई-तिहाई बहुमत प्राप्त गरी विजयी भई देशमा संसदीय व्यवस्था र संसदीय सरकार शुरू गर्ने नेपाली कांग्रेसको मन्त्रिमण्डलले पनि देशमा भइरहेको राजनैतिक अस्थिरतालाई हटाउन सकेन। बरू अरू समयमा भन्दा बढी विभिन्न किसिमका घटनाहरू घट्न गए। फेरि एउटै राजनैतिक दलको मन्त्रिमण्डल भए तापनि आपसी फुटको कारणले गर्दा पनि त्यसैले राम्ररी कार्य गर्न सकेन। फलस्वरूप वि. सं. २०१७ साल पौष १ गते श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रमशाह देवबाट उक्त संसदीय व्यवस्था र संसदीय सरकारलाई विघटन गरी बक्सी देशको शासन चलाउने अभिभारा स्वयंले लिई बक्सियो। उक्त संसदीय व्यवस्था र संसदीय सरकार असफल हुनाका कारणहरू निम्न छन् —

(१) **विभिन्न राजनैतिक दलहरूको उदय**—वि. सं. २००७ सालदेखि २०१७ सालसम्मको नेपालको राजनैतिक दलहरूको इतिहास हेर्ने हो भने नेपालमा असंख्य राजनैतिक दलहरूको जन्म भयो र विलीन भयो। एउटै नेपाली कांग्रेस पनि ३-४ टुक्रामा विभाजन भएको कुरा प्रस्तुत गर्न सकिन्छ। यसरी वि. सं. २०१५ सालको आम निर्वाचनसम्ममा थुप्रै राजनैतिक दलहरू देखा परिसकेको थिए। आम निर्वाचनमा मात्र ११ वटा राजनैतिक दलहरूले भाग लिएका लिएका थिए भने कयौं राजनैतिक दलले आफ्नो नाम स्वतन्त्र पार्टीद्वारा दर्ता गराएका पनि थिए। यस प्रकार विभिन्न राजनैतिक दलहरूको गठन भएर पनि यिनीहरूको बीच राजनैतिक एकता कायम हुन सकेन। एउटा राजनैतिक दलले अर्को राजनैतिक दलको आलोचना गर्ने, त्यसले गरेको कामको आलोचना गर्ने आदि कार्यहरूले गर्दा जनताहरूमा राम्रो प्रभाव पार्ने राजनैतिक दलहरूको पर्न गएन। यस्तो किसिमको स्थिति, खास गरी संसदीय-व्यवस्था र सरकारको समयमा नै भयो। विरोधी गुट-हरूले संसदीय सरकारलाई पतन गराउन देशमा भएका विद्रोह र घटनाहरूमा हात हाल्न थाले। तर उनीहरूले यो बुझेनन् कि संसदीय सरकारको त्यस प्रकारले विरोध गर्दा संसदीय व्यवस्थालाई पनि आघात पुग्न सक्छ। परिणामस्वरूप देशमा राजनैतिक अस्थिरताको क्रम झन् बढ्न गयो र अन्तमा संसदीय सरकारको साथ-साथै संसदीय व्यवस्थाको नै पतन हुन गयो।

CC-0. In Public Domain. Digitization by eGangotri

(२) राजनैतिक दलहरूको महत्वाकांक्षा बढ्नु—राजनैतिक पार्टी जन-कल्याणको माध्यम हो भन्ने सिद्धान्त या विचारको सट्टा पार्टीलाई केवल शक्तिसम्म पुग्ने एउटा खुडकिलोमात्र संझिइयो र नेपालमा धेरैजसो पार्टीहरूको जन्म यस्तै कार्यको निमित्त मात्र भएको देखिन्छ। त्यसैले पार्टी भनेको मंत्री हुने एक चमत्कार रहेछ भन्ने भावना साधारण जनतामा परिसकेको थियो। २००७ सालदेखि २०१७ सालसम्मको नेपालको राजनैतिक इतिहासले बताएको छ कि (१) राजनैतिक पार्टीहरूको आधार जनभावना थिएन। (२) तिनीहरूमा कुशलतापूर्वक कार्य संचालन गर्न क्षमताको कमी थियो। (३) ती पार्टीहरूमा देशका जनताहरूको र राष्ट्रिय-हितभन्दा दलगत या व्यक्तिगत महत्वाकांक्षाको नै प्रधानता थियो।

यी कुराहरू उनीहरूकै गतिविधिहरूले प्रष्ट देखाएको छ। पार्टीहरू टुक्रिन्थ्यो, गुटहरू बन्थे। एक गुटले अर्को गुटलाई गलत भनेर बदनाम गर्न खोज्दथे। सारांशतः त्यस बखतमा राजनैतिक संयम थिएन भन्न सकिन्छ।

यसरी यो प्रष्ट हुन्छ कि त्यस समयको पार्टी गतिविधिमा संकुचित एवं व्यक्तिगत स्वार्थ र असन्तुलित महत्वाकांक्षाहरूकै प्रधानता थियो, जो प्रजातान्त्रिक भावनाको बिल्कुल विपरीत थियो। जसले गर्दा नै संसदीय सरकार र व्यवस्था दुवैलाई प्रभावहीन बनायो।

(३) राजतन्त्र र प्रजातन्त्रमा समन्वय हुन नसक्नु – नेपाल अधिराज्यको संविधानले राजतन्त्र र प्रजातन्त्रमा समन्वय कायम राखी शासन सञ्चालन गर्ने-गराउने उद्देश्य राखेको थियो। तर राजतन्त्र र प्रजातन्त्रको बीच समन्वय कसरी आउन सक्दथ्यो? किनभने २००७ सालको क्रान्तिको मूल उद्देश्य संवैधानिक राजतन्त्रअन्तर्गत प्रजातन्त्रको स्थापना गर्ने कुरालाई वि. सं. २००७ सालपछिका १० वर्षसम्मको राजनैतिक अस्थिरताले प्रष्ट गरिसकेको थियो। तापनि पूर्ण प्रजातान्त्रिक शासन-व्यवस्था स्थापना र सञ्चालन गर्ने जिउँदो लालसा जनप्रतिनिधिहरूमा थियो। जसले गर्दा यस अवधिमा राजा र प्रजातन्त्रवादीहरूको बीचमा अनावश्यक विरोधाभास पनि बढ्दै गएको थियो। यस्तो अवस्थामा नेपाल अधिराज्यको संविधानको जुन समन्वयको मसिनो धागोले सम्बन्धित पक्षलाई (प्रजातन्त्र-वादीलाई) बाँध्ने प्रयासले कसरी सफलता प्राप्त गर्न सक्दथ्यो? यो तबमात्र सम्भव थियो, जब राजतन्त्रले प्रजातान्त्रिक भावना र आदर्शमाथि ठूलो विश्वास राख्दथ्यो र प्रजातन्त्रवादीहरूले पनि राजतन्त्रमाथि ठूलो आस्था देखाउँदथ्यो। तर सक्रिय राजतन्त्र यतिबेर आफ्नो पुरानो अधिकारहरू प्रतिष्ठापित गर्न अग्रसर भएको हुनाले नै समन्वय रहन गएन। जसले गर्दा संसदीय सरकार र व्यवस्था एक्लिन पुग्यो र असफल हुन गयो।

CC-0. In Public Domain. Digitization by eGangotri

(४) राजा संसदीय व्यवस्थासित असन्तुष्ट हुनु – The Himalayan Kingdom's का लेखकहरू Prodyumna P. Karan र William M. Jenkins, Jr. को भनाइअनुसार संसदीय व्यवस्था खतम गरिनुमा मुख्य कारण दीनपर दिन बढ्दै गएको निर्वाचित सरकारको स्थिति र प्रभुत्व देखि राजा महेन्द्र असन्तुष्ट हुनु नै थियो भन्ने छ। यस्तै गरी अर्को ठाउँमा यिनै लेखकहरूले बताएका छन् कि यो व्यवस्था खतम गर्न खोज्नु राजा महेन्द्रको नयाँ विचार थिएन, पुरानो योजना नै थियो। यो कुरालाई केही हदसम्म नेपाल अधिराज्यको संविधान हेर्दा तथ्य मान्न पनि सकिन्छ। किनभने संसदबाट अधिकारको दुरुपयोग भएमा, राष्ट्रिय हितलाई भन्दा दलगत हितलाई ध्यान दिएमा हडबडी र अपरिपक्वताको कारणले भूल हुन गएमा, त्यसको निराकरण गर्ने अधिकार राष्ट्रिय परिषदको सल्लाहबाट संसदको निर्णयलाई राजाले खारेज गर्न पाउने, मन्त्रिमण्डल पुनर्गठन गर्न पाउने अधिकार, धारा ३, ४ र ५ लाई लागु गर्न अधिकार धारा ५६ले राजालाई नै दिएको थियो। यस्तो अधिकार पाउँदा-पाउँदै, यिनीहरूलाई प्रयोग नगरी एक्कै चोटी धारा ५५ लगाई संसदीय व्यवस्था नै विघटन गर्नुपर्ने थिएन। त्यसैले संसदीय व्यवस्था विघटन गरिनुमा वा हुनुमा श्री ५ महेन्द्र व्यक्तिगत रूपबाट व्यवस्थासँग सन्तुष्ट नहुनुलाई पनि मान्न सकिन्छ।

(५) संसदीय व्यवस्थाको समयभर नै समस्यै समस्या देखा पर्नु––अफ्रिकी र एशियाई देशहरूमा संसदीय-व्यवस्था असफल हुनुमा मूल कारण समस्यै-समस्या देखापर्नु थियो। ठिक त्यस्तै स्थिति नेपालमा पनि भयो। एकातिर भर्खरमात्र निर्वाचित भई सरकार गठन गर्न पाएको खुशियाली अर्कोतिर अनुभवविना देखासिखी र व्यवस्था आदिले गर्दा देशको परिस्थिति र वातावरण समस्यै-समस्याले समस्यै-समस्यामा धमिलिन पुग्यो। देशको विभिन्न भागहरूमा अनेकौं काण्डहरू घट्न पुगे। यसमा झन् संसदीय सरकारको केही अप्रिय सुधारहरू, जस्तो–गण्डक योजना, विर्ता उन्मूलन, भूमि सुधार लागु गर्ने प्रयास आदिले गर्दा झन् स्थिति बिग्रन गएको थियो। यस प्रकारको स्थितिमा संसदीय-व्यवस्थाको संसदीय सरकारले देशमा शान्ति-सुरक्षा कायम गर्न साधारण काम र मौलिक समस्याको समेत समाधान गर्न सकेन। परिणामस्वरूप जनताहरूमा संसदीय-व्यवस्था र संसदीय सरकार दुवै अप्रिय हुन पुगे। फलस्वरूप वि. सं. २०१७ साल पौष १ गते संसदीय-व्यवस्था र संसदीय सरकार दुवै विघटन हुन पुग्यो।

(६) विवेकको कमी—राजनैतिक दलका नेताहरूको कार्य विवेकमा आधारित भन्दा भावावेशमा आधारित हुन्थ्यो। राजनैतिक दलका नेताहरूमा शान्तिको भन्दा क्रान्तिको भावना ज्यादा थियो। नेपालमा विभिन्न दलका नेताहरूको राजनैतिक

CC-0. In Public Domain. Digitization by eGangotri

अविवेक यहाँसम्म पुगिसकेको थियो कि प्रजातन्त्रका ऐतिहासिक नेता, स्वतन्त्रताका पुजारी राष्ट्रपिता श्री ५ त्रिभुवन स्वास्थ्योपचारको लागि स्विटजरलैंड सवारी हुँदा केही व्यक्तिहरूद्वारा कालो झण्डासमेत देखाइएको थियो । यस घटनाले त्यस व्यक्तिको हृदयमा कस्तो प्रभाव पऱ्यो होला, जसले आफ्नो सुख, समृद्धिको पर्वाह नगरी देश र जनतालाई दासताको वन्धनबाट मुक्त बनाई नयाँ आधार दिएको थियो ? यस प्रकार राजनैतिक नेताहरूको विवेकको कमीले गर्दा पनि संसदीय-व्यवस्था र सरकारलाई पतनको बाटोतिर डोऱ्याएको थियो ।

(७) कोरा आर्थिक क्रान्तिको नारा दिनु—अविकसित देशहरूमा अरूको नक्कल गरेर मात्र, आर्थिक विकासको दृढ़ आधार विना प्रजातन्त्र खडा हुन सक्दैन भन्ने कुरा विश्वको इतिहासले देखाएको छ ।

यही ऐतिहासिक तथ्य नेपालमा संसदीय व्यवस्थाको सरकारको सामुन्ने पनि खडा भयो । आर्थिक क्रान्तिको नारा लगाउनु भन्दा अघि आर्थिक साधनहरूको क्रमिक सुधार र औद्योगिक विकास पछि ध्यान दिएको भए आर्थिक विकास चाँडो हुने थियो । तर यस्ता सुधार र विकास कार्यहरूको विस्तारविना नै संसदीय सरकारले खडा भएको एक वर्ष पनि पूरा नहुँदै आर्थिक क्रान्तिको नारा लगाउन थाल्यो । यहाँसम्म कि पश्चिम १ नं०, दांग आदि ठाउँमा भएको जनताहरूको बीचको आपसी संघर्षलाई समेत आर्थिक क्रान्तिको नारा दिइयो । र भनियो कि त्यहाँ शोषणको विरूद्ध संघर्ष भएको छ र शोषणको विरूद्ध भएको कार्यमा नेपाली कांग्रेस समर्थन गर्दछ ।

यस प्रकार देशको विभिन्न ठाउँमा अशान्ति र गडबडी मच्चिन थालेपछि चुनावबाट आएको सरकारले त्यसलाई दबाउन एवं नियन्त्रणमा राख्न नसकी धनी-गरीब बीचको स्वाभाविक संघर्ष हो भनी वास्तविक तथ्यको उपेक्षा गर्नु तत्कालीन सरकारको अयोग्यता थियो । नेपालको पहिलो आर्थिक समस्या वितरणको होइन, उत्पादनको हो भन्ने कुरा संसदीय सरकारले बुझ्न सकेको थिएन , जसले गर्दा संसदीय व्यवस्था र सरकार दुवै असफल हुने पुगे ।

(८) शिक्षित र चेतनशील जनमतको कमी—वि. सं. २००७ सालपछि नेपालमा प्रजातान्त्रिक वातावरण शुरू भयो । तर प्रजातन्त्रको रूप नेपालको लागि पूर्णतया नया र अनौठो थियो । त्यसमा पनि अर्कै परम्परामा हुर्केका नेपाली जनताहरूलाई नयाँ परम्परामा बानी बसाल्न दीर्घकालीन धैर्य र दूरदर्शिताको आवश्यकता थियो । तर पाँच प्रतिशत भएकोले गर्दा र रूढ़िवादी संकीर्ण परम्पराले गर्दा ग्रामीण जनताहरूलाई अधिकार र कर्तव्यको ज्ञान थिएन । किनभने

CC-0. In Public Domain. Digitization by eGangotri

उनीहरूलाई राजनीतिसंग कम चाख थियो। यस प्रकार राजनैतिक चेतनाको अभावले गर्दा आफुले नै निर्वाचित गरेको व्यवस्था भए तापनि त्यसप्रति निष्ठावान बन्न सकेनन्। बरू उल्टो प्रजातन्त्रको अर्थ जे गरे पनि हुने भन्ने लगाउन थाले! यस प्रकारको स्थितिमा संसदीय व्यवस्था र सरकार असफल हुनु कुनै नौलो कुरा हैन।

(९) कर्तव्यप्रति उदासीनता—जो आफ्नो कर्तव्यप्रति उदासीन रहन्छ, उसले देश र जनताको हितको कुनै काम गर्न सक्ला भन्ने आशा गर्न सकिंदैन। शायद यस्तो नै कुरा श्री ५ महेन्द्रलाई लागेकोले होला, संसदीय व्यवस्था र सरकारलाई विघटन गर्नु लगभग ९ वर्ष अगाडि नै वि. सं. २०१६ साल माघ १६ गते नेपालगंजमा दिई बक्सेको भाषणमा आफ्नो कर्तव्यबाट च्युत नहुन निर्वाचित सरकारलाई चेतावनी दिई बक्सेको थियो। मौसुफले भनिबक्सेको थियो कि "देश, परिस्थिति र संस्कृतिलाई सुहाउँदो नया कदमहरू उठाई देश निर्माण गर्नुपरेको छ। यस्तै देशहित कार्यको लागि नै सबैको सहयोगबाट प्रजातन्त्रको जग बस्यो र गत महानिर्वाचन पनि सम्पन्न भयो। नत्र यसको माने त्यो होइन कि प्रजातन्त्रको नाम मात्रले देश र जनताको कल्याणको बदला, अकल्याण होस्, उद्योग-धन्दा घटुन्, न्याय सुलभ र सजिलो नहोस्, भ्रष्टाचार, घुसखोरी बढोस्। बेकारी बढोस्, सरकारमा गएका र रहेका व्यक्तिले आफ्नै स्वार्थ मात्रै हेरुन् र आराष्ट्रीय तत्वले फाइदा उठाऊन् इत्यादि। तसर्थ अब यी सबै कुराको जिम्मेवारी पनि प्रत्येक नेपालीकै हातमा स्वतन्त्रताको साथसाथै आएको छ। यो सबैले बुझी सहयोगको भावनाले प्रत्येक नेपालीले पाइला चालून्। ताकि मैले आफ्नो कर्तव्य-पालनका लागि अरू कुनै कदम चाल्न नपरोस्, र साथै म यो पनि भन्न चाहन्छु कि मेरो पनि केही कर्तव्यहरू छन्—ती हुन् देशको सार्वभौमिकता, राष्ट्रीयता र अन्य देश तथा जनहित कार्यहरूको संरक्षण गर्नु। यदि यसमा कुनै किसिमको सच्चा बाधा आइ-पर्छ भने त्यसबेला जहिलेसुकै, जे सुकै र जे गर्न परे पनि म कदापि हट्ने छैन। जसको लागि म प्रत्येक नेपाली मात्रको सहयोग मात्रै सधैं चाहन्छु।"

यस प्रकारको चेतावनीलाई सामान्य दृष्टिबाट हेर्दा आकस्मिक जस्तो देखिन्छ। तर व्यवस्था र सरकारलाई विघटन गर्नु धेरैअघि नै यस्तो चेतावनी दिएको र पछि-पछि पनि दिंदै रहेको कुराले भने यसलाई आकस्मिक मान्न पनि सकिंदैन। तर यस्तो चेतावनी पाउँदा-पाउँदै पनि निर्वाचित सरकार सचेत नहुनुले केही हद-सम्म आफ्नो कर्तव्यप्रति उदासीनता भएको देखा पर्दछ। जुन संसदीय व्यवस्था र सरकार दुवैको लागि ठूलो हानिकारक साबित हुन गयो, जसले गर्दा नै संसदीय व्यवस्था र सरकारको विघटन हुन गयो।

CC-0. In Public Domain. Digitization by eGangotri

यिनै कारणहरूले गर्दा नेपालमा संचालित संसदीय व्यवस्था र सरकारले पनि नेपाल अधिराज्य र नेपाली जनताको सर्वोत्तम हित र समुन्नतिको निमित्त लोक सम्मति अनुकूलको शासन व्यवस्था चलाउन असमर्थ भयो। संसदीय व्यवस्था असफल भएपछि नेपालमा नेपाली जनजीवनमा आधारित राष्ट्रीय प्रतिभा सहाउँदो तलैदेखि उठी सम्पूर्ण जनताको क्रियाशील सहयोग पाउने र विकेन्द्रीकरणको सिद्धान्तलाई अँगालेर पंचायत पद्धतिको सृजना भयो। शुरूआत भयो।

卐

CC-0. In Public Domain. Digitization by eGangotri

२३. नेपालमा राष्ट्रिय जागरण ल्याउन र नेपाललाई विश्वको रंगमञ्चमा प्रतिष्ठा दिलाउन श्री ५ को महेन्द्रको भूमिका

श्री ५ महेन्द्र सदासर्वदा देश र जनताको हित मात्र चिताइ रहिबक्सिने हुनाले बालक कालदेखि नै आफ्ना पूज्य पिता श्री ५ त्रिभुवनलाई जनहितको काममा मनसा-कर्मणा-वाचा मद्दत गरिबक्सन्थ्यो। श्री ५ महेन्द्र ज्यादै उदार, दयालु, दूरदर्शी, धैर्यशील तथा धर्मप्रति आस्था राखिबक्सने, राष्ट्रियताका अथक पुजारी होइबक्सन्थ्यो। मौसूफको शाहस अनुकरणीय थियो। मौसुफबाट अन्तर्राष्ट्रीय जगतको वस्तु स्थितिको अध्ययन गरी त्यसको अनुकरण गरी नेपाल र नेपालीको स्थितीलाई विश्वको रंगमञ्चमा प्रतिष्ठा दिलाउने प्रयास गरिबक्सियो। मौसुफको विचारमा "नेपालको अस्तित्व मेटियो भने नेपालीको अस्तित्व पनि मेटिने छ" भन्ने थियो।

भर्खर प्रजातन्त्रको मैदानमा प्रवेश गरेको नेपालको स्थिति त्यतिखेर निश्चित पनि राम्रो थिएन। राजनैतिक स्थिरता थिएन। यस्तो स्थितिमा राष्ट्रियता जस्तो विशाल र वृहत सोचाइलाई पनि विकसित गराउनु पर्दथ्यो। त्यो भावना जागरण गराउने कार्यमा मौसुफले गरिबक्सेको प्रयास पनि महत्वपूर्णको छ। मौसुफलाई त्यस प्रकारको राजनैतिक अस्थिरतामा 'जनताहरूले प्रजातन्त्रको मात्र महत्व देलान् र राष्ट्रियतालाई गौड रूपले हेर्लान् र सोच्लान् भने डर थियो। त्यसैले राज्यारोहणदेखि देशवासीहरूलाई गरिबक्सेको प्रत्येक सम्बोधन भाषणमा मौसुफले 'राष्ट्र' र राष्ट्रियताप्रति ध्यान दिने सल्लाह बक्सिरहन्थ्यो। आफ्नो शुभ राज्याभिषेकको उपलक्ष्यमा बक्सेको भाषणमा पनि "जबसम्म गाउँको कुना-काप्चा-सम्म विकासका लहरहरू फैल्दैनन् र राष्ट्रीय जागरणको बोध ग्रामीण जनताहरूमा भइसक्दैन तवसम्म देशको विकास भएको हुँदैन" भन्ने विचार व्यक्त गरिबक्सियो।

२०१७ सालको परिवर्तनपछि देशको सम्पूर्ण गतिविधिहरूमा मौसुफ स्वयं नै संलग्न भइबक्सियो। २०१८ साल फल्गुण २ गते राष्ट्रीय निर्देशन मन्त्रालयको स्थापना भयो। विभिन्न वर्गहरूले यस निर्देशन मन्त्रालयको आदेश बमोजिम उन्नत र विकसित हुन पाउने भए। यस मन्त्रालयको मुख्य ध्येय हरेक युवक-युवतीहरूमा सांस्कृतिक र सामाजिक प्रेरणा दिलाई देश सेवामा लगाउनु थियो। यसपछि

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को कदम राज्य-रजौटाको प्रथा उन्मूलन गर्नु थियो। देशबाट घुसखोरी र भ्रष्टाचार हटाउन देशभरी दौडाहा दल पनि पठाइयो।

देशलाई उन्नत अवस्थामा पुऱ्याउन नेपाल अधिराज्यलाई १४ अञ्चल र ७५ विकास जिल्लामा विभाजित गरिबक्सियो। भूमिबाट गरीबलाई मर्का परेकोले भूमि व्यवस्थामा सुधार भयो। किसानहरूको दुःख, पीर-मर्का हटाउन उनीहरूका लागि कृषि ऐन जाहेरी भयो। देश विकास गर्नलाई श्री ५ बाट ३ वर्षे योजना जाहेरी गरिबक्सियो। यस योजनामा बाटो, बिजुली, पानी, खेती, शिक्षा र औद्योगिक विकास गर्नु थियो।

श्री ५ पृथ्वी नारायण शाहले नेपाल राज्यलाई एकीकरण गरे तापनि कानूनको दृष्टिबाट देशका जनताहरू एकीकरण भएका थिएनन्। अब श्री ५ महेन्द्रबाट देशवासीहरूले निष्पक्ष न्याय पाउन् भनी नयाँ मुलुकी ऐन जारी गरिबक्सियो। यसपछि पूर्व-पश्चिम राजमार्ग खोलाउने श्री ५ को आदेश भयो। यस महत्वपूर्ण मार्गको लागि श्रमदानको लागि जनताले पनि चन्दा दिए।

मौसूफले आफ्नो शुभराज्याभिषेकको उपलक्ष्यमा बक्सेको भाषणमा 'गाउँको विकास नभएसम्म राष्ट्रको विकास हुन सक्दैन' भन्ने विचार व्यक्त गरिबक्सेकोमा ग्रामीण क्षेत्रको विकासको लागि अभियानको रूपमा २०२४ सालमा 'गाउँफर्क राष्ट्रिय अभियान' बक्स्यो। यस अभियानमार्फत देशको विकासमा सघाउ पुऱ्याउने छ भन्ने विश्वास पनि गरिएको थियो।

यस प्रकार देशको विभिन्न पक्षहरूबाट सुधार गरिबक्सी देशको विकास र राष्ट्रियताको जगेर्ना गरिबक्सियो।

श्री ५ को गृहनीति जतिको राम्रो छ त्यतिकै विदेश-नीति पनि राम्रो छ। मौसूफको परराष्ट्र नीतिको मुख्य ध्येय नेपाललाई विश्वको रङ्गमञ्चमा प्रतिष्ठा दिलाउनु नै थियो। २००७ सालको क्रान्तिपछि प्रजातन्त्रमा प्रवेशगर्दा नेपालको नाम अन्तर्राष्ट्रिय क्षेत्रमा भारत, बेलायत, चीन, तिब्बत र अमेरीकाबाहेक विश्वका अरू क्षेत्रका राष्ट्रहरूले सुनेका थिएनन्। १९५९ को आम निर्वाचनपछि संसारका २०-२२ वटा राष्ट्रहरूसँग नेपालको दौत्य सम्बन्ध कायम हुन पुग्यो। मौसूफको शासनकाल भरिमा यो संख्या बढेर ५० पुगेको थियो।

विश्वमा त्यतिखेर चलिरहेको दुई शक्तिशाली गुटबाट आफ्नो अस्तित्व जोगाइ-राख्न र देशको विकास गर्न मौसूफले असंलग्नताको नीतिलाई अपनाई बक्सियो। १९५५ मा भएको बाण्डुङ सम्मेलनमा भाग लिई विश्वको सामुनेपाललाई स्वतन्त्र र सार्वभौमिसतापूर्ण राष्ट्रको रूपमा चिनारी बक्सियो। त्यसपछिका सबै असंलग्न-

CC-0. In Public Domain. Digitization by eGangotri

सम्मेलनमा मौसूफले भाग ली वक्सी नेपालको प्रष्ट धारणा भएको कुरा व्यक्त गरिबक्सेको थियो ।

यस्तै गरी अन्तर्राष्ट्रिय भाइचारा कायम गर्ने, विश्वमा चलेको रङ्गभेद नीतिको विरोध गर्ने, कुनै पनि राष्ट्रको आन्तरिक मामलामा हस्तक्षेप गर्ने, कुनै पनि राष्ट्र ऊपर सैनिक कार्यवाही गर्ने र शस्त्रास्त्रको होडवाजीमा सानो राष्ट्र भए तापनि कहिल्यै नेपालले साथ दिएन । वरू उल्टो ती कार्यहरूको घोर विरोध गरी अन्तर्राष्ट्रिय जनमत संयुक्त राष्ट्रसंघको पक्षमा वढाउन सक्रिय भूमिका निर्वाह गऱ्यो । यी तथ्यहरूले पनि नेपाल विश्वको रङ्गमञ्चमा परिचित भएको कुरा प्रष्ट हुन्छ'।

यस्तै गरी विश्वका विभिन्न राष्ट्रहरूको भ्रमण गर्दै, अन्तर्राष्ट्रिय सम्मेलनहरूमा समय-समयमा भाग लिई नेपालको विचार व्यक्त गरी वक्सेको थियो । जसले गर्दा विश्व जनमानसले नेपालप्रतिको धारणालाई प्रष्ट गर्दै नेपालको विषयमा सोचन वाध्य तुल्याएको थियो ।

यसैको प्रतिफलस्वरूप आजको नेपाल निर्माण हुन पुगेको छ, जुन श्री ५ महेन्द्रको विकसित सोचाइको प्रतिफल सम्भव भएको तथ्य प्रष्ट छ ।

卐

CC-0. In Public Domain. Digitization by eGangotri

२४. नेपालमा पहिलो 'जनमत संग्रह'

बहुदलीय व्यवस्थामा आधारित संसदीय प्रजातान्त्रिक व्यवस्था लाई २०१७ सालमा खतम गरी श्री महेन्द्रले पञ्चायत व्यवस्थाको सूत्रपात गरे। व्यवस्थाको सूत्रपात गरेको दुई दशकपछि नै पुन: 'व्यवस्था' चुन्ने जनमत भयो। किनभने ती दुई दशक भरी देशको राजनैतिक वातावरण शुद्ध हुन नसकेको 'महङ्गी भष्टाचार र अनाचार-हरू बढ्दै गएको, जनताको जीवन स्ठर उठन नसकेको, पञ्चायती, कार्यकर्ताहरू जनमुखी हुन नसकेको विभिन्न आवाजहरू उठ्न थालिसकेका थिए। प्रजातन्त्रको पुन: स्थापनाको मात्र प्रश्न उठाइरहेको नेपाली कांग्रेसले समेत यति खेर' राष्ट्रियताको संरक्षण गर्नु पर्ने स्थिति देखी सशस्त्र क्रांन्तिको नारा छोड़ी मेलमिलापको ऐतिहासिक नीति प्रतिपादन गरी नेपालभित्र प्रवेश गरे। ती प्रतिवन्धित राजनैतिक-हरू लगायत विद्यार्थी तथा विभिन्न वर्गका जनताहरूले भोग्नु परिरहेको असमान स्थितिको यथार्थता विरोध प्रदर्शनवाट देखाउन थाले। यसैको परिणामस्वरूप जनताको सही भावना बुझी लोकतन्त्रीय शासन व्यवस्था सञ्चालन गर्ने परम्परा-अनुसार श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेवले पनि यतिखेर पनि जनताको सही भावना बुझ्नको लागि २०३६ साल ज्येष्ठ १० गते ईहान ६.४५ वजे एक्कासी वालिग मताधिकारको आधारमा जनमत गराउने घोपणा गरिवक्सियो। उक्त घोपणामा मौसुफले "एकातिर लोकसम्मति नै पञ्चायत व्यवस्थाको आधार रही आएको छ भने अर्कोतिर जन आकांक्षा अनुकूल देशको शासन व्यवस्था चलाउनु हाम्रो परम्परा र कर्तव्य रहिआएको छ" भनी लोक सम्मति र जन आकांक्षा अनुरुप शासन व्यवस्था चलाउने परम्पराको व्याख्या गरिवक्सँदै जनताले चाहेको व्यवस्था रोज्न पाउने कुरा हुकुम वक्सेको थियो। मौसुफले "हालकै पञ्चायत व्यवस्था कायम राखी त्यसमा सामयिक सुधार गर्दै जाने ? अथवा त्यसको वदला बहुदलीय शासन व्यवस्था स्थापना गर्ने ? दुई मूलभूत प्रश्न राखिवक्सी गोप्य जनमत लिइने कुराको पनि घोपणामा उल्लेख गरिवक्सेको थियो।

जनमत संग्रहलाई तुरुन्त गराउनु पर्ने स्थितिले गर्दा मौसूफले २०३६ साल ज्येष्ठ १६ गते १५ जना व्यक्ति भएको एक राष्ट्रिय चुनाव आयोगको गठन गरिवक्सियो। जुन चुनाव आयोगले २०३७ साल वैशाख २० गते चुनाव सम्पन्न गरायो। यस भन्दा अगाडि श्री ५ वाट जनमत संग्रहको परिणाम जे भए तापनि भविष्यमा राष्ट्रिय व्यवस्थापिकामा जन प्रतिनिधि छानिंदा वालिग मताधिकारको आधारमा मात्र गरिने, देशको प्रधानमन्त्री राष्ट्रीय व्यवस्थापिकाले सिफारिस गरेको

CC-0. In Public Domain. Digitization by eGangotri

व्यक्तिमात्र छानिने र मुलुकको मन्त्री परिषद्ले आफ्नो कारवाहीका निम्ति राष्ट्रीय व्यवस्थापिकाप्रति जवाफदेही हुनुपर्ने भन्ने कुरा हुकुम गरी बक्सेको थियो।

२०३७ साल जेष्ठ १ गते जनमत संग्रहको नतीजाको घोषणा भयो। जस-अनुसार अधिराज्यभरको जम्मा मतदाता संख्या ७१,९२,४५१ मा ४८,१३,४८६ अर्थात् ६६·९२ प्रतिशत मतपत्र खसेको थियो। जसमा वदर भएको मतपत्रको संख्या ३,७२,०६९ अर्थात् ७·७३ प्रतिशत गरी सदर भएको मतपत्र संख्या ४४,४१,४१७ अर्थात् ९२·२७ प्रतिशत थियो। यसमा पंचायत व्यवस्था कायम राखी त्यसमा समसामयिक सुधार गर्दै जाने पक्षमा २४,३३,४५२ अर्थात् ५४·७९ प्रतिशत र वहुदलीय शासन व्यवस्था स्थापना गर्ने पक्षमा २०,०७,९६५ अर्थात् ४५·२१ प्रतिशत मत खसेको जानकारी दिइएको थियो।

जनमत संग्रहको समाप्ती पछि वहुदलीय व्यवस्थाको पक्षमा परेको अल्पमतको कदर गरिवक्सने कुराको घोषणा पनि श्री ५ बाट गरिबक्सियो। मौसुफले स्वस्थ-प्रजातान्त्रिक अभ्यासलाई व्यवस्थामा उतार्न मर्यादित र तथ्यपूर्ण आलोचना-प्रत्यालोचना गर्न परम्परा बसाल्दै हामीले उदार व्यवहारबाट नै सम्पूर्ण नेपालीलाई राष्ट्रीय जीवनको मूल धारामा सहभागी बनाई नेपाली मात्रको कल्पना गर्न सक्छौं भनिबक्स्यो। यस भनाइले वहुदलीय पक्षका समर्थकहरूमा एउटा नयाँ जोश र जाँगर भरिन गएको विश्वास त्यतिखेर वरिष्ठ नेताहरूले व्यक्त गरी जन-मतको नतीजालाई स्वीकार गरेका थिए।

त्यतिखेर कयौं व्यक्ति, नेता र संगठनले यस जनमतको आवश्यकता छैन, यस्तो खर्चिलो राजनैतिक अभ्यास गरिनु हुँदैन भनी विरोध गरेका थिए भने कयौंले आर्थिक समानताको दिशामा ठोस परिवर्तन ल्याउन यसको आवश्यकता भएको विचार पनि व्यक्ति गरे। कतिले जनमतमा धाँधली भएको आरोप लगाई त्यसको परिणामलाई स्वीकार्न पनि अनकनाएका थिए। तर श्री ५ बाट अल्पमतको कदर गर्ने विचार व्यक्त भएपछि सबै पक्ष सन्तुष्ट भएका थिए।

नेपालको इतिहासमा जनमत संग्रह एक महत्वपूर्ण उपलब्धि थियो। यथार्थमा यो नेपाल जस्तो अविश्वसनीय तवरले प्रशासनिक कठिनाई भएको र ठूलो संख्यामा निरक्षर जनसंख्या भएको देशले सफलतासाथ राष्ट्रीय चुनाव संचालन गर्न सक्दैन र राष्ट्रीय कारोवारमा जनताको सहभागिता जुटाउन सक्दैन भन्नेहरूलाई एक उप-युक्त जवाफ थियो। जनमत संग्रहले पञ्चायत व्यवस्थाभित्र विगत वर्षहरूमा देखिए-का असमान पक्षहरूलाई पञ्चायत व्यवस्थाले निश्चित गोरेटो देखाउन मद्दत गरेको कुरालाई अस्वीकार गर्न सकिँदैन। यसले राजनैतिक परिवर्तन र सुधारको त्यस्तो तस्वीर प्रदान गर्दछ जसबाट देशलाई आर्थिक विकासमा कटिबद्ध गराउन सकिने गरी राजनीतिक स्थिरता आउने आशालाई वढ़ी [illegible] मिल्ने विचार पनि व्यक्त गरेका थिए।

卐

पुस्तकालय 4111

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

A851

रत्न पुस्तक भण्डार
काठमाण्डौ, नेपाल

मुद्रक : जौहरी प्रिन्टिंग प्रेस • गोदौलिया, वाराणसी • फोन : 66816